**नेपाल सरकार**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

# सङ्घीय शासकीय संरचनामा विद्यालय क्षेत्र विकास योजना (विक्षेवियो) को सङ्क्रमणकालीन योजना र कार्यान्वयनको मार्ग चित्र

**पछिल्लो परिमार्जन: कार्तिक, २०७६**
सिंहदरबार, काठमाडौँ

# प्राक्कथन

नेपाल मुलुकको इतिहासमै सबैभन्दा ठुलो सङ्क्रमणबाट गुज्रिरहेको छ। नेपालमा २०७२ सालको संविधानसँगै विकेन्द्रित सङ्घीय संरचना लागु भयो । त्यहाँदेखि सङ्घीय संरचनाको कार्यान्वयनले गति लिन थाल्यो । क्षेत्रीय शिक्षा निर्देशनालय तथा जिल्ला शिक्षा कार्यालयहरूको विस्थापनपश्चात् नगरपालिका तहका स्थानीय सरकार तथा प्रदेशहरूको प्रादुर्भाव भएपछि विद्यालय शिक्षामा काम कर्तव्य र अधिकारमा ठुलो परिवर्तन आयो । यसै गरी कम आय भएको मुलुकको हैसियतबाट स्तरोन्नत हुने तथा सन् २०३० सम्ममा सबैका लागि गुणस्तरीय शिक्षामा समतामूलक पहुँचको सुनिश्चितता गर्ने यात्रातर्फ मुलुक निरन्तर रूपमा लागिरहेको छ । यसका लागि सङ्घीयताले औँल्याएका आवश्यकताहरूको पर्याप्त रूपमा पहिचान तथा सम्बोधन गर्न हाम्रा प्रयत्नहरूमा सन्तुलनको आवश्यकता पर्छ तथा सन् २०३० सम्ममा नेपालका सबै बाल बालिकाहरूका लागि हामी प्रतिबद्धता छौँ भन्ने सुनिश्चिता हुनुपर्छ । यसले विद्यालय शिक्षामा कतिपय कानुनी, संस्थागत तथा कार्यक्रमिक संरचना सुधारका लागि सहजीकरण गर्नुपर्ने कुराको माग गर्छ ।

नेपालको शिक्षा क्षेत्रभित्र सबैका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सात वर्षे विक्षेवियो ( विक्षेवियो) २०७३-२०८० ले निर्देशित गरेको छ, यसका लागि २०७८ सालसम्म पाँच वर्षे बजेट तथा कार्यक्रमको समेत व्यवस्था भइसकेको छ । विक्षेवियोका समग्र लक्ष्य “मुलुकको भावी सङ्घीय स्वरूपलाई दृष्टिगत गर्दै समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकताका यथार्थलाई आत्मसात् गरी सबै नागरिकलाई उत्पादनशील जीवन यापन गर्न चाहिने पूर्ण कार्यमूलक साक्षरता, गणितीय सिप, ज्ञान तथा आधारभूत जीवनोपयोगी सिपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकासका निरन्तर एवम् समावेशी प्रयत्नमार्फत मुलुकको सामाजिक-आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता घटाउनु” हो ।

२०७६ जेठमा भएको विक्षेवियोको मध्यावधिक मूल्याङ्कनले यसको समग्र लक्ष्य तथा उद्देश्यहरू नयाँ सङ्घीय सन्दर्भमा पनि उपयुक्त छन् भन्ने कुरा निश्चित गर्‍यो । तथापि नेपालको सङ्घीय परिदृश्यमा विक्षेवियो कार्यक्रमको सहज निरन्तरताका लागि संस्थागत व्यवथापन तथा कार्यान्वयनका तौरतरिकाहरूको प्रभावकारी सहजीकरणको सुनिश्चिताका लागि विस्तृत पुनर्अभिमुखीकरणको आवश्यकता पर्छ । पूर्व निर्धारित व्यवस्था तथा काम कर्तव्य अधिकारहरूको विद्यमानता पनि नरहेको तथा नयाँ व्यवस्थापनहरूलाई अझै अन्तिम रूप दिन र पूर्ण कार्यान्वयनमा ल्याउन अझै बाँकी हुने सङ्क्रमणकाल रहन्छ भन्ने बुझी नेपाल सरकारले सङ्क्रमणकालीन मार्गचित्रको विकास गरेको छ । नयाँ संरचना तथा संस्थागत व्यवस्थाहरू कार्यान्वयनमा आउने भए भने विशेष गरी नयाँ सङ्घीय ऐन आयो भने विक्षेवियो सङ्क्रमणकालीन योजना तथा मार्गचित्रलाई पनि अद्यायावधिक गर्नुपर्ने कुराको परिकल्पना गरिएको छ । यो मार्गचित्र शिक्षा क्षेत्रका सरोकारवालाहरूसँग गरिएको सघन तथा निरन्तर परामर्शको नतिजा हो । दीर्घकालीन क्षेत्रगत प्रणालीको मर्म र भावनाअनुसारको विक्षेवियो पुनर्संरचना समितिका सहकर्मीहरू तथा शिक्षा क्षेत्र विकास साझेदारहरूको प्रतिबद्धता, प्रयास र सहयोगका लागि हामी धन्य छौँ । यद्यपि सङ्क्रमणकालको जोखिम छ, तथापि यस सङ्क्रमणले समृद्ध नेपाल निर्माण गर्न मुलुक तथा यसका सरोकारवालाहरूलाई जीवनमा एक पटक सशक्तीकरण गर्ने अवसर प्रदान गर्छ ।

**शीर्षक** **पृष्ठ**


१. सङ्क्षिप्त शब्दावली..........................................................................

२. सन्दर्भ..........................................................................

३. विक्षेवियो कार्यान्वयनको सन्दर्भ......................................................................

४. सङ्क्रमणकालीन मार्गचित्रको लक्ष्य तथा क्षेत्र ......................................

खण्ड एकः संवैधानिक तथा कानुनी प्रावधानहरू............................

क. नेपालको संविधान २०७२...........................

ख. शिक्षा ऐन २०२८, आठौँ र नवौँ संशोधन.................................

ग. संवैधानिक प्रावधानहरूको समायोजनका लागि कानुनको निर्माण.......................

अ. स्थानीय सरकार सञ्चालन ऐन, २०७४...................................

आ. निजामती कर्मचारी समायोजन ऐन तथा नियमावली, २०७४................

इ. अन्तरसरकारी वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७४...........

ई. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४................

उ. विनियोजन ऐन, २०७५................

ऊ. मध्यमकालीन खर्च संरचना................

ए. निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ ................

ऐ. नेपालको सङ्घीय र प्रदेश सरकारहरूबिच सञ्चार तथा समन्वयका लागि मार्गदर्शन, २०७६................

घ. आगामी ऐन कानुनहरू ................

अ. नमुना नियम कानुनहरू ................

खण्ड दुईः संस्थागत प्रावधानहरू ................

क. कार्यक्रम सञ्चालन, व्यवस्थापन तथा कार्यान्वयन................

खण्ड तीनः कार्यक्रमिक सङ्क्रमण................

क.जनशक्तिको पुनर्वितरण................

ख. वित्तीय व्यवस्थापन................

अ. वार्षिक रणनीतिक कार्ययोजना, बजेट कार्ययोजना तथा रातो किताब................

आ. ससर्त अनुदानमार्फत विक्षेवियोको रकम विनियोजन................
इ. प्रदेश तथा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली................
ग. अन्तर्राष्ट्रिय आर्थिक सहयता तथा समन्वय................
घ. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन................
खण्ड चारः सम्बोधन गर्न बाँकी रहेका बाधा तथा मुद्दाहरूको पहिचान................
खण्ड पाँचः विक्षेवियो सङ्क्रमणकालीन मार्गचित्र................
अनुसूची १: विद्यालय शिक्षासम्बन्धी सबै तहका सरकारका काम कर्तव्यहरू ................
अनुसूची २: विक्षेवियो पुनर्संरचना समितिको कार्य विवरण................
अनुसूची ३: शिक्षा तथा मानव स्रोत विकास केन्द्रका काम कर्तव्यहरू ................
अनुसूची ४: प्रदेश शिक्षा विकास निर्देशनालयका काम कर्तव्यहरू ................
अनुसूची ५: प्रदेश तहको शैक्षिक तालिम केन्द्रका काम कर्तव्यहरू ................
अनुसूची ६: शिक्षा विकास तथा समन्वय एकाइका काम कर्तव्यहरू ................
अनुसूची ७: विनियोजन विधेयकको दफा ४................
अनुसूची ८: वर्ष ३ जिम्मेवार निकायहरू ................
अनुसूची ९: शिक्षा क्षेत्रको साङ्गठनिक संरचना................

## १. सङ्क्षिप्त शब्दावली

| | |
|---|---|
| एविबै | एसियाली विकास बैङ्क |
| एशैव्यसूप्र | एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली |
| कानता | कार्यक्रम नतिजा तालिका |
| कोलेनिका | कोष तथा लेखा नियन्त्रक कार्यालय |
| क्षेशिनि | क्षेत्रीय शिक्षा निर्देशनालय |
| जशिसाके | जनक शिक्षा सामग्री केन्द्र |
| जिशिका | जिल्ला शिक्षा कार्यालय |
| निआसू | निकाससँग आबद्ध सूचक |
| पाविके | पाठ्यक्रम विकास केन्द्र |
| प्रशिविनि | प्रदेश शिक्षा विकास निर्देशनालय |
| प्रशैताके | प्रदेश शैक्षिक तालिम केन्द्र |
| प्रसाविमं | प्रदेश सामाजिक विकास मन्त्रालय |
| प्राबावि/पूप्राशि | प्रारम्भिक बाल शिक्षा तथा विकास /पूर्व प्राथमिक शिक्षा |
| प्राशिव्याताप | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| बसबै | बजेट समीक्षा बैठक |
| मलेनिका | महालेखा नियन्त्रक कार्यालय |
| रापबो | राष्ट्रिय परीक्षा बोर्ड |
| विक्षेवियो | विद्यालय क्षेत्र विकास योजना |
| शिमास्रोविके | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| शिविप्रमं | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| शिविसए | शिक्षा विकास तथा समन्वय एकाइ |
| शैताके | शैक्षिक तालिम केन्द्र |
| शैव्यसूप्र | शैक्षिक व्यवस्थापन सूचना प्रणाली |
| साविमं | सामाजिक विकास मन्त्रालय |
| संमासाप्रम | संसदीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| संविसा | संयुक्त वित्तीय साझेदार |
| संसबै | संयुक्त समीक्षा बैठक |

## २. सन्दर्भ

१. विसं २०७२ सालमा संविधान जारी भएपछि सङ्घीयताको कार्यान्वयनसँगै मुलुक राजनीतिक, सामाजिक तथा संस्थागत रूपान्तरणको दिशामा अगाडि बढिरहेको छ। यसले शिक्षा प्रणालीमा नीतिगत तथा कानुनी संरचनाका साथै संरचना तथा काम कर्तव्यमा नै व्यापक सुधारको माग गर्‍यो । संविधानले शिक्षालाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ र समावेशी शिक्षाको मूल सिद्धान्तलाई अङ्गीकार गरेको छ, जो नेपालमा विद्यमान राष्ट्रिय शिक्षा योजना, कानुन तथा नियमसँग पुरा मेल खान्छन् । यसैबिच शिक्षा ऐनको आठौं र नवौं संशोधन शैक्षिक संस्थाहरूसँग सामञ्जस्य हुने सुनिश्चित गर्दै संविधानको भवनाअनुरूप सुधर गर्दै जाने कुरालाई समेत आत्मसात् गरेको छ र आगामी शिक्षा नीति तथा सङ्घीय शिक्षा ऐन अनुरूप यसमा अझै संशोधन हुने कुरालाई पनि यसले मान्यता दिएको छ। यसै गरी, शिक्षा क्षेत्रका राष्ट्रिय उद्देश्य वैध तथा अपरिवर्तनीय रहने हुँदा सङ्घीय प्रणालीअन्तर्गत विक्षेवियोको सेवा प्रवाहको संयन्त्रको समीक्षा, स्पष्टीकरण तथा समायोजन हुनु आवश्यक छ, जसमा काम, कर्तव्य तथा वित्तीय व्यवस्थापनमा थप समायोजनको आवश्यकता पर्ने छ।

२. संविधानले समग्र शिक्षालाई सङ्घीय, प्रदेश तथा स्थानीय तहको साझा अधिकारभित्र राखी आधारभूत तथा माध्यमिक शिक्षालाई स्थानीय सरकार तहको अधिकारभित्र परिभाषित गरेको छ। सार्वजनिक शिक्षा क्षेत्रको अग्रपङ्क्तिको सेवा प्रवाहका गर्ने जिम्मेवारी अब स्थानीय सरकारहरूको हो। त्यसैले नयाँ सङ्घीय संरचनाअन्तर्गत सम्बद्ध केन्द्रीय मन्त्रालयहरू तथा अन्य केन्द्रीय निकायहरूको भूमिकामा उल्लेख्य परिवर्तन आएको छ । अब उनीहरू यस क्षेत्रका मुख्य सार्वजनिक सेवा प्रवाह वा विकास कार्यक्रमहरूको कार्यान्वयनमा जिम्मेवार हुने छैनन् । बरु स्थानीय सरकारहरू सक्षम तथा प्रभावकारी रूपमा क्षेत्रगत सेवा प्रवाह गर्न सशक्त होऊन् भनी सङ्घीय मन्त्रालयहरू प्राथमिक रूपमा नीति, समन्वय, गुणस्तरको सुनिश्चितता, मापदण्ड निर्धारण तथा मापन कार्यप्रति जिम्मेवार हुन्छन्। हाल स्थानीय तथा प्रदेश सरकार तहमा नवस्थापित संस्थाहरूमार्फत यी सङ्क्रमण तथा संरचनात्मक सुधारका कार्य चालु अवस्थामा रहेका छन्।

## ३. विक्षेवियो कार्यान्वयनको सन्दर्भ

३. नेपाललाई सन् २०२२ सम्ममा निम्न आय भएको मुलुकबाट सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकका रूपमा स्तरोन्नत गर्ने लक्ष्यअनुरूप नेपाल सरकारले विसं २०७३-२०८० सम्मका लागि सात वषेविक्षेवियोको विकास गरेको छ । विक्षेवियोको पाँच वर्षे (२०७३-२०७८) बजेटसहितको कार्यक्रमको विकास गरिएको छ। सन् २०१५ सेप्टेम्बरमा संयुक्त राष्ट्र सङ्घको साधारण सभाले स्वीकृत गरेबमोजिमको अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूपको दिगो विकास लक्ष्यहरू तथा मुलुकको विपत्पश्चात्को आवश्यकता पहिचान र विपतपश्चात्को पुनर्लाभ ढाँचाअनुसार विक्षेवियोको विकास भएको छ। सम्पन्न नभएका विषय तथा दिगो विकास लक्ष्य ४ को लक्ष्य “समतामूलक तथा समावेशी गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसर प्रवर्धन गर्ने” लक्ष्य हासिल गर्न विद्यालय शिक्षाको क्षेत्रलाई

सक्षम बनाउन विद्यालय क्षेत्र सुधार योजनालगायतका विगतका राष्ट्रिय कार्यक्रमहरूबाट भएको सिकाइ तथा उपलब्धिहरूको जगमा विक्षेवियोको डिजाइन गरिएको हो । विश्व शिक्षा मञ्चको इन्चोन घोषणा र सन् २०३० एजेन्डाको विश्वव्यापी घोषणासँग नेपालले गरेको प्रतिबद्धताप्रति पनि विक्षेवियो तादात्म्य राख्छ ।

४. विक्षेवियोले मुलुकको वर्तमान परिप्रेक्ष्यअनुसारका शिक्षा विकासका आवश्यकताहरूलाई सम्बोधन गर्छ र आवश्यक कानुन तथा नियमनको ढाँचालगायत सङ्घीय शासकीय प्रणालीमा परिवतर्नन ल्याउँदै क्षेत्रगत सुधार गर्नुपर्ने आवश्यकता औँल्याउँछ । विक्षेवियोले शिक्षा प्रणालीमा सीमित पहुँच भएका समुदाय तथा समूहका बालबालिका तथा प्रौढहरूको गुणस्तरीय शिक्षा, सेवा प्रवाहमा सक्षमता तथा समतामूलक पहुँच र सहभागितामा सुधार ल्याउन आवश्यक पर्ने विकास कार्यहरूको रूपरेखा प्रदान गर्छ ।

५. विक्षेवियोले एक वर्षे प्रारम्भिक बाल शिक्षा तथा विकास तथा पूर्व प्राथमिक शिक्षा (प्राबावि/पूप्राशि) र अनौपचारिक शिक्षालगायत कक्षा ८ सम्मको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको माध्यमिक शिक्षालाई समेट्छ ।

६. आधारभूत शिक्षाका उद्देश्यहरूः गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्नुका विद्यालय प्रवेशको तयारी गराउँदै ४-१२ वर्षका सबै बाल बालिकाको शारीरिक, सामाजिक-संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास गर्ने, निर्धारित सिकाइ सक्षमता हासिल गरेका विद्यार्थीलाई माध्यमिक शिक्षामा प्रवेशको तयारी गराउने, सामाजिक-सांस्कृतिक विविधतामा सामञ्जस्य र राष्ट्रिय अर्थतन्त्रप्रति अभिमुख गरी बाल बालिकामा जीवनोपयोगी सिप तथा मूल्यमा आधारित शिक्षा हासिल गराउनु, विद्यालय जाने तत्परता सुनिश्चित गर्न विक्षेवियोभित्र एक वर्षे प्राविशिवि/पूप्राशिलाई आधारभूत शिक्षाको एक अङ्गका रूपमा समावेश गरिएको छ ।

७. माध्यमिक शिक्षाका उद्देश्यहरूः .सिपयुक्त मानवीय स्रोतको विकास गरेर विद्यार्थीलाई कामको संसारमा प्रवेशका लागि तयार राख्नु, गुणस्तरमा सम्झौता नगरी शिक्षाको पहुँचमा जोड दिनु, विद्यार्थीहरूको सिकाइलाई प्रमाणीकृत गरी प्राविधिक र साधारण माध्यमिक शिक्षामा जाने विकल्प प्रदान गर्नु, संस्थागत सम्बन्ध सुदृढ गर्नु र उच्च शिक्षामा प्रवेशका लागि सहजीकरण गर्नु, विद्यार्थीहरूलाई नागरिक दायित्व निर्वाहका लागि तयार पार्नु, कामका लागि शिक्षा प्राथमिकताको विषय भएकाले माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षामार्फत विद्यार्थीको आधारभूत सिप प्राप्तिको सुनिश्चित गरी किशोर किशोरीहरूलाई विभिन्न सिप हासिल गरी उपयुक्त रोजगारी हासिल गर्न सहयोग गर्नु ।

८. साक्षरता तथा जीवनपर्यन्त सिकाइका उद्देश्यः कार्यमूलक साक्षरताको अभिवृद्धि गर्नु तथा युवा तथा प्रौढहरूमा पढाइ र सिकाइको बानी बसाल्नु ।

९. यी उपक्षेत्रका अतिरिक्त विक्षेवियोले निम्नलिखित अन्तरसम्बन्धित विषयमा जोड दिएको छः

- शिक्षकको पेसागत विकास तथा व्यवस्थापन
- प्रशासन तथा व्यवस्थापन
- संस्थागत क्षमताक विकास
- अनुगमन तथा मूल्याङ्कन

- परीक्षा तथा मूल्याङ्कन
- शिक्षामा सूचना तथा सञ्चार प्रविधि
- विपत् जोखिम न्यूनीकरण र पुनर्लाभ
- स्वास्थ्य र पोषण

यी उपक्षेत्र र अन्तरसम्बन्धित विषयका आधारमा विक्षेवियो कार्यक्रम तथा नतिजा तालिकाको विकास गरिएको हो । कार्यक्रम नतिजा तालिकाभित्र प्रमुख कार्यसम्पादन सूचकहरूको पहिचान गरिएको छ । यसका साथै निकासासँग आबद्ध सूचकका लागि एउटा संयुक्त कार्यढाँचामा सहयोग गर्नका लागि मुख्य नतिजा क्षेत्रको पनि पहिचान गरिएको छ ।
जेठ, २०७६ मा गरिएको विक्षेवियोको मध्यावधिक मूल्याङ्कनका अवधिमा नेपाल सरकार र स्थानीय शिक्षा विकास साझेदार समूहबिच निम्नलिखित आपसी सहमति भएको थियो: भहतभलत

- साउन २०७८ मा विक्षेवियोको समाप्तिपश्चात् विक्षेवियोको हालको पाँच वर्षे बजेटको व्यवस्था गरिएको कार्यक्रमलाई सात वर्षे अवधिमा बढाउनुको सट्टा विक्षेवियोलाई नै समृद्ध पार्न सरकारले दीर्घकालीन शिक्षा क्षेत्रको योजनाको तर्जुमा गर्ने छ । यस दीर्घकालीन योजना सङ्घीय संरचना तथा पहिचान गरिएका प्राथमिकता र आवश्यकतासँग, विशेष गरी नव स्थापित स्थानीय सरकार तहसँग पुरै तादात्म्य हुने परिकल्पना गरिएको छ ।
- बाँकी कार्यक्रम अवधिका लागि विक्षेवियो कार्यक्रम विश्वसनीय नै रहने मान्यता राख्दै शासकीय संरचनालगायत कार्यान्वयन व्यवस्थापन वर्तमान सङ्घीय सङ्क्रमणको सन्दर्भसँग पुरै तादात्म्य होस् भन्ने सुनिश्चितता गर्न पुनर्संरचनाको अभ्यास कार्य गर्नु आवश्यक छ ।
- विक्षेवियोको नतिजा तालिकाका लक्ष्य तथा सूचकहरूको पुनरावलोकन गरिने छ तथा स्थिति र मध्यावधिक मूल्याङ्कनका सिफारिसका आधारमा अद्यावधिक गरिने छ ।

## ४. सङ्क्रमणकालीन मार्गचित्रको लक्ष्य तथा क्षेत्र

१०. विक्षेवियो (विक्षेवियो) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (पहिलेको शिक्षा मन्त्रालय) को कार्यक्रमका रूपमा तार्किक र क्रमबद्ध नतिजा तालिकाको व्यवस्थासहित डिजाइन गरिएको थियो र कार्यक्रमहरूको कार्यान्वयन यसअन्तर्गतका प्रत्यक्ष रूपमा नियन्त्रणमा रहने शिक्षा तथा मानव स्रोत विकास केन्द्र (शिमास्रोविके) तथा केन्द्रीय निकायहरू, क्षेत्रीय शिक्षा निर्देशनालय (क्षेशिनि), जिल्ला शिक्षा कार्यालय (जिशिका), शैक्षिक तालिम केन्द्र (शैताके), स्रोत केन्द्रहरूद्वारा गरिए । तर यता नयाँ सङ्घीय प्रणालीमा विद्यालय शिक्षा सेवा प्रवाहसँग सम्बन्धित अधिकांश कार्यहरू ७५३ स्थानीय सरकारमा निक्षेपण गरिएको छ र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (शिविप्रमं) को भूमिका नीतिगत मार्गदर्शन, सहयोग, अनुगमन र नियामक निकायका रूपमा परिवर्तित भएको छ ।

११. सङ्क्रमणकालको यस परिप्रेक्ष्यमा सेवा प्रवाह तथा विक्षेवियोको कार्यान्वयन अवरुद्ध हुने जोखिम टड्कारो रूपमा देखिएको छ । यस्ता सम्भाव्य जोखिमभिक्र सेवा प्रवाहमा ढिलाइ, असक्षमता, आर्थिक हिनामिना तथा स्थानीय सरकारहरूको ध्यान विक्षेवियोका मुख्य उद्देश्यहरू हासिल गर्नेतर्फ भन्दा पनि अन्यत्र केन्द्रित हुने कुरा पर्छन् । त्यस्तै, विक्षेवियो संयुक्त लगानी साझेदारहरू (JFPs) लगायत शिविप्रमं र स्थानीय शिक्षा विकास साझेदार समूह (LEDPG) ले विक्षेवियो कार्यान्वयन, विक्षेवियोको कार्यक्रम नतिजा तालिका (PRF) तथा निकासासँग आबद्ध सूचक, निआसू (DLI) ले परिकल्पना गरेका उपलब्धि तथा लक्ष्यको रक्षा गर्न के कस्तो व्यवस्था गर्न सकिन्छ भन्ने बारेमा समीक्षा तथा छलफल गरे । २०७४ कार्तिकको संयुक्त समीक्षा बैठक (JRM) तथा २०७५ जेठको बजेट समीक्षा बैठक, बसबै (BRM) ले पनि बदलिँदो परिप्रेक्ष्यमा विक्षेवियोको कार्यान्वयन व्यवस्थापनका लागि एउटा सङ्क्रमणकालीन मार्गचित्रको विकास गर्नु आवश्यक भएको कुरामा सहमति गरे । यसैमा आधारित भई २०७४ मा विक्षेवियो सङ्क्रमणकालीन स्थिति पत्रको मस्यौदा गरियो र यसलाई विक्षेवियोको सङ्क्रमणकालीन योजना तथा मार्गचित्रभित्र समेटियो

१२. विक्षेवियो कार्यक्रमको कार्यान्वयन राज्यको पुनर्संरचना गर्दाका अवधिमा गरिन्छ । सङ्घीयता लागु हुनुपूर्वको व्यवस्थापनबाट सङ्घीय संरचनातर्फ पाँच वर्ष निरन्तर रूपमा निम्नानुसार सङ्क्रमण हुने देखिन्छ: (अ) प्रदेश र स्थानीय तहमा नयाँ साङ्गठनिक संरचनाको निर्माण गर्ने, (आ) कानुनी तथा संवैधानिक आवश्यकताहरू पुरा गर्ने, (इ) प्रदेश तथा स्थानीय तहका नयाँ/परिमार्जित कार्यहरू सम्पन्न गर्नका लागि सरकारलाई आवश्यक सिप तथा ज्ञान प्रदान गर्न क्षमता विकासमा आइपर्ने बाधाहरूलाई सम्बोधन गर्ने, (ई) नयाँ आवश्यकतासँग मिल्दो गर्न पहिलेका कार्यक्रमिक संरचनाहरूको रूपान्तरण गर्ने र (उ) पर्याप्त मानव तथा प्राविधिक स्रोतहरूको सुनिश्चितता गर्ने । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र यसको कार्यान्वयन तहका निकायहरूले प्रदान गर्ने सेवा प्रवाह तथा चालु सुधारका कार्यहरूमा पर्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने कार्यमा विद्यमान मुद्दाहरूलाई सम्बोधन गर्न यस सङ्क्रमणकालीन योजनाले बहस तथा समन्वय पद्धतिलाई सुदृढ पार्ने लक्ष्य लिएको छ ।

१३ यस सङ्क्रमणकालीन मार्गचित्रको लक्ष्य बदलिँदो संरचनामा जबाफदेहिताको संयन्त्र स्थापित गर्नु, नयाँ तथा विद्यमान संस्थागत संरचनाहरूको भूमिका तथा उत्तरदायित्वलाई स्पष्ट पार्नु तथा सेवा प्रवाहमा अनिश्चितताका कारणले आइपर्ने जोखिमका लागि सुरक्षाका उपायहरू स्पष्ट पार्नु हो । विक्षेवियोका लागि आवश्यक पर्ने कार्य, पदाधिकारी तथा वित्तीय प्रवाहको संयन्त्रमा जोड दिँदै विश्लेषण गर्ने प्रयोजनका लागि यस पत्रलाई पाँच प्रमुख क्षेत्रमा सङ्गठित गरिएको छ: (१) कानुनी सङ्क्रमण, (२) संस्थागत सङ्क्रमण, (३) कार्यक्रमिक सङ्क्रमण, खण्ड (४) र (५) मा यस पत्रले परिवर्तित सन्दर्भमा बाँकी रहेका व्यवधान र चुनौतीको पहिचान गर्ने र विक्षेवियोसँगै अगाडि बढ्नका लागि एउटा मार्गचित्रको प्रस्ताव गरेको छ । राष्ट्रिय योजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने काम कारबाही, समय रेखा तथा जिम्मेवार एकाइहरूको विस्तृतीकरण पनि यसमा उल्लेख गरिएको छ ।

१४. परिवर्तन हुँदै गएको परिप्रेक्ष्यमा यो दस्ताबेज तयार गरिएको हो । यस विक्षेवियो सङ्क्रमणकालीन योजनालाई जीवित दस्ताबेजका रूपमा लिइएको छ । घटित हुने वास्तविकतालाई सम्बोधन गर्न यसलाई विस्तृत गर्न सकिन्छ तथा समय तालिकामा परिवर्तन हुन सक्छ । त्यसकारण यस दस्ताबेजलाई आवश्यक पर्दा आवधिक रूपमा अद्यावधिक गरिने छ । विशेष गरी, आउँदो सङ्घीय शिक्षा ऐनले बाँकी रहेका कमी वा दूरीलाई स्पष्ट पार्ने र सङ्क्रमणकालीन व्यवस्थापनलाई सुदृढ गर्ने छ भन्ने अपेक्षा गरिएको छ ।

## खण्ड एकः संवैधानिक तथा तथा कानुनी प्रावधान

### कः नेपालको संविधान २०७२

१५. नेपालको संविधान २०७२ जारी भएसँगै मुलुकमा सङ्घीय शासन व्यवस्था कार्यान्वयनमा आइरहेको छ । नेपालको संविधान २०७२ ले मुलुकभर निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा (कक्षा १-८) र निःशुल्क माध्यमिक शिक्षा (कक्षा ९-१२) हकका रूपमा प्रावधान गरेको छ । उक्त संविधानको अनुसूची ८ ले आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार स्थानीय सरकारमा रहने गरी सूचीकृत गरेको छ । स्थानीय सरकारहरूको गठन भई कार्यरत समेत भइसकेको अवस्था छ । साबिकको केन्द्रीकृत राज्य प्रणालीबाट सङ्घीयतातर्फको सङ्क्रमण जारी रहेको अवस्थामा सो समाप्त नभएसम्मका लागि सेवा प्रवाह सुनिश्चित गर्न यो अधिकार सङ्घीय सरकारसँग साझेदारी गर्ने अस्थायी जनादेश प्राप्त भएको भए पनि अब स्थानीय सरकारहरू पूर्ण रूपले स्थापित भई कार्यान्वयनमा आइसकेकाले अब यो परिस्थिति रहेन ।

१६. संविधानले धारा ३१ अनुसार शिक्षासम्बन्धी निम्नलिखित हकहरूको व्यवस्था गरेको छ । : (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ । (२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ । (३) अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ । (४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ । (५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

१७. संविधानले शिक्षासम्बन्धी एकल तथा साझा अधिकारहरू देहाय अनुसार सङ्घीय, प्रदेश र स्थानीय सरकारहरूका तहमा परिभाषित गरेको छ :

- सङ्घको अधिकारको सूची (अनुसूची ५): केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय
- प्रदेशको अधिकारको सूची (अनुसूची ६): प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, सङ्ग्रहालय

- सङ्घ र प्रदेशको साझा अधिकारको सूची (अनुसूची ७): वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव स्रोत विकास
- स्थानीय तहको अधिकारको सूची (अनुसूची ८): आधारभूत र माध्यमिक शिक्षा, स्थानीय अभिलेख व्यवस्थापन
- सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची (अनुसूची ९): समग्र शिक्षा ।

## ख. शिक्षा ऐन (२०२८) – आठौँ तथा नवौँ संशोधन

१८. शिक्षा ऐन २०२८ को आठौँ संशोधन २०७३ असार ४ गते सम्पन्न भयो । उक्त संशोधनले विद्यालयको संरचनात्मक स्वरूपलाई विद्यालय क्षेत्र सुधार योजना २०६६–२०७२ ले परिकल्पना गरेअनुसार अनुरूप आधारभूत र माध्यमिक तहमा पुनर्सङ्गठित गऱ्यो । यस संशोधनले शिक्षा मन्त्रीको अध्यक्षतामा शैक्षिक नीतिहरूको पुनरावलोकन गरी आवश्यक परिमार्जनका लागि नेपाल सरकारलाई सुझाव दिने जनादेश सहितको राष्ट्रिय शिक्षा परिषद् गठन गऱ्यो; राष्ट्रिय परीक्षा बोर्डको स्थापना गरेर प्रचलित परीक्षा प्रणालीमा व्यापक सुधार गरी राष्ट्रिय, प्रदेश, र जिल्ला तहका परीक्षाहरूको स्तरीकरण गर्ने तथा शैक्षिक गुणस्तर परीक्षण केन्द्रलाई संस्थागत गरेको छ र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको भूमिका एवम् दायित्व प्रस्टसँग परिभाषित गरेको छ । शिक्षा ऐन २०२८ को नवौं संशोधन विधेयक २०७४ कात्तिक ६ देखि लागु भएको छ र यसैका आधारमा अस्थायी शिक्षकहरूका समस्या समाधान गरिएको छ । यसैका आधारमा शिक्षक सेवा आयोगले लिएको परीक्षामा न्यूनतम अङ्क हासिल गर्ने अस्थायी शिक्षकहरू स्थायी हुन सफल भएका छन् ।

## ग. संवैधानिक प्राधानहरूको समायोजनका लागि कानुनको निर्माण

### अ. स्थानीय सरकार सञ्चालन ऐन (२०७४)

१९. स्थानीय सरकार सञ्चालन ऐनअन्तर्गत स्थानीय शासन व्यवस्थासँग सम्बद्ध विषयहरू, काम कर्तव्यको विवरण तथा स्थानीय कार्यकारी निकायहरूले सङ्घीय पद्धतिको विकास नगरेसम्मको सङ्क्रमणकालीन व्यवस्थापन लगायतका विषयहरू समेटिएका छन् । यी प्रावधानभित्र (१) कार्यविभाजन र कार्यसम्पादन; (२) संयुक्त सेवा व्यवस्था (३) पालिकाका वडाहरूका लागि अधिकार प्रत्यायोजन आदि पर्दछन् ।

२०. ऐनले जिल्ला तथा जिल्लातहका सरकार शासनव्यवस्थाका अधिकार तथा दायित्व परिभाषित गरेको छ । ऐनको परिच्छेद ३ दफा ११ (२) (ज) ले नगरपालिका तथा गाउँपालिकाका शिक्षासम्बन्धी अधिकार तथा दायित्वको विशिष्टीकरण गरेको छ । यस उपदफाले आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालनसम्बन्धी २३ प्रकारका कार्यहरूको विशिष्टीकरण गरेको छ, यिनलाई अनुसूची १ मा राखिएको छ ।

२१. विकेन्द्रीकरणको एजेन्डाअनुसार खास गरी नगरपालिकाहरू (गाउँपालिका, उपमहानगरपालिका तथा महानगरपालिकाहरू) लाई पर्याप्त अधिकार र स्वायत्तता सहित स्थानीय सरकारका प्रमुख नीति निर्माता तथा निर्णयकर्ता मानिएको छ । जिल्ला तहका अद्यावधिक काम कर्तव्य भनेको समन्वय तथा अनुगमन गर्नु हो । जिल्ला विकास समितिको परिवर्तित नाम जिल्ला समन्वय समितिमै उक्त परिवर्तन प्रतिविम्बित

भएको छ । स्थानीय सरकार सञ्चालन ऐनले संवैधानिक प्रावधानअनुरूप तीन तहका सरकारहरूबिचको साझा तथा विभाजित अधिकारहरूलाई विस्तृत गर्ने कार्य गरेको छ ।

### आ. निजामती कर्मचारी समायोजन ऐन तथा नियमावली (२०७४)

२२. प्रदेश तथा स्थानीय तहका सङ्गठनात्मक संरचनाहरू र तिनको कार्य पद्धतिका साथै स्थानीय तहका कर्मचारीका जबाफदेहिता र तिनलाई प्रदान गरिएको लचिलोपनबिच सन्तुलन कायम राख्नु निजामती कर्मचारी समायोजन ऐन तथा नियमावलीका प्रमुख प्रयोजन हुन् । निजामती कर्मचारी समायोजन ऐन तथा नियमावलीले प्रावधान गरेअनुसार श्रीङ्खलाबद्ध रूपले सङ्गठन र व्यवस्थापन सर्वेक्षण गरिएका थिए । ६ महिनासम्म गरिएको विश्लेषणका आधारमा अध्ययन समितिले साङ्गठनिक स्वरूपको पुनर्संरचना सहित प्रत्येक स्थानीय, प्रदेश र सङ्घीय तहका लागि आवश्यक कर्मचारी सङ्ख्या समेत सिफारिस गरेको थियो । उक्त सङ्गठन र व्यवस्थापन सर्वेक्षणले प्रस्तावित नयाँ वा परिमार्जित साङ्गठनिक संरचनासहित विभिन्न कार्यालयको कार्य विवरण प्रस्तावित गर्नुका साथै उक्त संरचना स्थापनाका लागि उपयुक्त स्थान समेत सिफारिस गरेको छ । प्रदेश लोक सेवा आयोगलाई नयाँ कर्मचारीहरूको छनोट तथा नियुक्तिका लागि सशक्त पार्न सक्ने सङ्घीय निजामती कानुन जेठ २०७६ सम्म छलफलकै चरणमा थियो ।

### इ. अन्तर सरकारी वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन (२०७४)

२३. अन्तर सरकारी वित्तीय कार्यढाँचा नयाँ पद्धतिको प्रभावकारिताका लागि महत्त्वपूर्ण तत्त्वका रूपमा रहेको छ । संविधानले स्थानीय तथा प्रदेश सरकारहरूका लागि केही राजस्वका स्रोतको व्यवस्था गरिदिएको भए तापनि आफ्नो नयाँ दायित्व निर्वाहका लागि कोष जुटाउने सन्दर्भमा स्थानीय तथा प्रदेश सरकारहरू अन्तर सरकारी वित्तीय हस्तान्तरणमाथि अत्याधिक आश्रित रहने छन् । स्थानीय तथा प्रदेश सरकारहरूले सार्वजनिक वित्तीय स्रोतको न्यायोचित हिस्सा पाऊन् भनी सुनिश्चित गर्नका लागि संविधानले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग गठन गर्ने प्रावधान गरेको छ । यस आयोगले सङ्घ र सोभन्दा तलका सरकारहरूबिच स्रोत वितरणका लागि उचित आधार र पद्धतिको विकास गर्ने छ ।

२४. अन्तर सरकारी वित्तीय हस्तान्तरण व्यवस्थापन ऐनको प्रावधानअनुसार मूल्य अभिवृद्धि कर तथा स्थानीय उत्पादनमा लगाइने अन्तःशुल्कबाट उठ्ने रकमको १५ प्रतिशत हिस्सा स्थानीय सरकारहरूले पाउँछन् । बाँकी रहेको ८५ प्रतिशतमध्ये ३० प्रतिशत प्रदेश सरकारलाई र ७० प्रतिशत सङ्घीय सरकारलाई जान्छ। सङ्घीय सरकारले प्राकृतिक स्रोतको उपयोगबापत सङ्कलन गर्ने राजस्व रकमको २५ प्रतिशत स्थानीय सरकारलाई र अर्को आर्थिक वर्षदेखि प्रदेश सरकारलाई २५ प्रतिशत दिनुपर्ने छ । वित्त आयोगले निर्धारण गरेको सूचक तथा सूत्रहरूका आधारमा राजस्वको बितरण हुनेछ । यस्ता सूचक तथा सूत्रहरू प्रत्येक ५ वर्षमा परिमार्जन गरिने छन् । आर्थिक वर्ष २०७५/२०७६ मा कुल बजेटको १७ प्रतिशत स्थानीय तथा प्रदेश सरकारमा हस्तान्तरित भएको थियो । अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले स्थानीय तथा प्रदेश सरकारहरूका लागि चार प्रकारका अनुदानको परिकल्पना

गरेको छ, –वित्तीय समानीकरण, ससर्त, समपूरक र विशेष अनुदान । सङ्घीय सरकारले प्रतिवर्ष स्थानीय तथा प्रदेश सरकारहरूलाई यस्ता अनुदान प्रदान गर्ने छ ।

### ई. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४

२५. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ ले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको स्थापना र कार्यपद्धतिको व्याख्या गरेको छ । यसअनुसार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले भौगोलिक क्षेत्र, जनसङ्ख्या, सेवाको मूल्य र गरिबीको अवस्था तथा वित्तीय स्रोत उत्पादन क्षमता आदिका आधारमा राष्ट्रिय तहभन्दा तलका सरकारमा स्रोतको वितरण गर्ने सूत्र तथा सूचकहरू तयार पार्दछ । वित्तीय समानीकरणका दृष्टिले यसो गरिएको हो । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क बापत उठेको राजस्व तीन तहका सरकारहरूबिच वितरणका लागि पनि यसै गरी सूत्र तथा पद्धतिको विकास गर्ने छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगकै हिस्साका रूपमा चार प्रकारका अनुदानहरू परिभाषित गरिएका छन् ।

- **वित्तीय समानीकरण अनुदानः** यस प्रकारको अनुदान स्थानीय निकाय तथा प्रदेश सरकारको कोषको आवश्यकता र राजस्व आर्जन गर्ने क्षमताका आधारमा वितरण गरिन्छ । प्रत्येक स्थानीय तहहरू र सातै प्रदेशका सबै पक्षहरूको विश्लेषण गरी स्रोतको वास्तविक आवश्यकता र आन्तरिक क्षमताबिचको खाडल पूर्ति गर्ने अपेक्षा गरिन्छ ।
- **ससर्त अनुदानः** यस प्रकारको अनुदान पूर्वाधारका अवस्था, राष्ट्रिय नीति, कार्यक्रम र मापदण्डका आधारमा प्रदान गरिन्छ । यस्ता अनुदानहरू खास गरी तोकिएका कार्यक्रमहरूमा मात्र खर्च गर्न पाइने गरी स्थानीय सरकारलाई उपलब्ध गराइन्छ । यस्ता अनुदानअन्तर्गत विक्षेवियोले प्रावधान गरेका सबै कार्यक्रमहरू पर्दछन् ।
- **समपुरक अनुदानः** यस प्रकारको अनुदान स्थानीय तथा प्रदेश सरकारहरूलाई पूर्वाधारको निर्माण जस्ता विशिष्ट प्रकारका आयोजनाहरूका लागि सम्भाव्यता र लागतमूल्यका आधारमा प्रदान गरिन्छ् । आयोजनाले समाजमा पार्न सक्ने प्रभाव, आयोजना कार्यान्वयनका लागि आवश्यक वित्तीय, भौतिक तथा मानवीय स्रोतको उपलब्धता र आयोजनाको समग्र प्रभाव आदि समग्र पक्षहरूको लेखाजोखाका आधारमा यस्तो अनुदान प्रदान गरिन्छ ।
- **विशेष अनुदानः** यस प्रकारका अनुदान खास गरी शिक्षा तथा स्वास्थ्य, पछाडि परेका समुदायहरूको सामाजिक–आर्थिक विकासका कार्यक्रमहरू, जस्तैः कुनै स्थान विशेषको साक्षरता स्थितिमा निर्धारित तहसम्म वृद्धि गर्ने जस्ता विशिष्ट खालका सार्वजनिक सेवाका लागि प्रदान गरिन्छ ।

### उ. विनियोजन ऐन २०७५

२६ सङ्घीय संसद्ले पारित गरेको विनियोजन ऐन २०७५ ले रकम निकासा, लेखा प्रतिवेदन तथा मुलुकको वित्तीय अनुसाशन कायम राख्ने प्रावधान गरेको छ ।

### रकम निकासा तथा प्रतिवेदन संयन्त्र

महालेखा नियन्त्रक कार्यालयले प्रतिवर्ष आर्थिक वर्षको पहिलो दिन अर्थात् साउन १ गते कुल ससर्त अनुदान बजेटको एक चौथाइ रकम क्रमशः स्थानीय तथा प्रदेश सरकारको सर्वसञ्चित कोषमा निकासा दिने छ। स्थानीय तथा प्रदेश सरकारले यसरी प्राप्त गरेको ससर्त अनुदानको रकम निर्धारित क्रियाकलापमा खर्च गर्नुपर्छ। स्थानीय तथा प्रदेश सरकारहरूले निर्धारित प्रक्रियाको अनुसरण गर्दै प्राप्त निकासा रकम, आयोजना तथा कार्यक्रम कार्यान्वयनको स्थिति विवरण तथा प्रमाणसहित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेस गर्नु पर्दछ। प्रतिवेदनको ढाँचा प्रक्रियामै उल्लेख हुने छन्। हाल महालेखा नियन्त्रकको कार्यालयले यी प्रक्रियाहरूको विकास गरिरहेको छ। स्थानीय तथा प्रदेश सरकारबाट यस्ता सूचनाहरू सङ्कलन गर्ने संयन्त्र अद्यापि स्थापित हुन बाँकी नै छ। महालेखा नियन्त्रकको कार्यालयले बाँकी रहेको रकम चौमासिक रूपमा सम्बन्धित स्थानीय तथा प्रदेश सरकारका सर्वसञ्चित कोषमा निकासा दिने छ। यसरी आउँदा दुई निकासा क्रमशः मङ्सिर १ र  चैत १ गते हुने छ।

२७ ससर्त अनुदान बापत प्राप्त निकासा रकममध्ये खर्च हुन नसकी बाँकी रहेको रकम सङ्घीय सरकारको सर्वसञ्चित कोषमा फिर्ता पठाउनुपर्ने छ। यस्तो रकम फिर्ता नपठाएमा अर्को आर्थिक वर्षमा वित्तीय समानीकरण कोषबाट स्थानीय तथा प्रदेश सरकारलाई निकासा दिँदा साबिकमा खर्च नभई बाँकी रहेको  रकम कट्टा गरी बाँकी मात्र पठाइने छ। यस संयन्त्रले कोषको सम्भावित दुरूपयोग नियन्त्रित हुनुका साथै विक्षेवियोका कम्तीमा पनि न्यूनतम क्रियाकलापहरू सम्पन्न हुने अपेक्षा गरिन्छ।

२८ **वित्तीय अनुशासनः**

स्थानीय तथा प्रदेश सरकारहरूले आफ्ना सर्वसञ्चित कोषमा जम्मा हुनआएको रकम उनीहरू आफैँले निर्माण गरेका ऐन नियम अनुसार खर्च गर्नुपर्दछ। यी नियम कानुनले ध्यान दिनुपर्ने कुराहरूः (१) सङ्घीय सरकारका आर्थिक तथा वित्तीय नीति; (२) सबै प्रकारका आयहरू सर्वसञ्चित कोषमा दाखिला; (३) अन्तरसरकारी हस्तान्तरणअन्तर्गत प्राप्त रकमको उपयोग (४) बजेट कार्यान्वयनका सन्दर्भमा पुँजीगत अनुदानबाट चालु अनुदानमा रकमान्तर गर्न नहुने; (५) नेपाल सरकारले निर्देश गरेअनुसार आय व्ययको वर्गीकरण र  (६)सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार लेखा राख्ने।

### ऊ. मध्यमकालीन खर्च संरचनाः

२९ मुलुकको योजना गर्ने उच्च निकाय राष्ट्रिय योजनाले मध्यमकालीन खर्च संरचनाको निर्माण गर्न सबै मन्त्रालयहरूले आगामी तीन आवका लागि पेस गरेका कार्यक्रमहरूको लागत आँकलनहरूको सङ्कलन गर्छ। यसै अनुसार मन्त्रालयले सङ्घीय, प्रदेश र स्थानीय तीनै तहमा आगामी तीन वर्षमा सञ्चालन गरिने सबै कार्यक्रमहरूको विस्तृतीकरण तयार पारेर पेस गरेपछि राष्ट्रिय योजना आयोगले त्यसरी मन्त्रालयहरूबाट प्राप्त गरेका आयोजनाहरूको गाम्भीर्य र महत्त्वको विश्लेषण गरी अङ्क कार्डका आधारमा कार्यक्रमहरूलाई प्राथमिकता १, प्राथमिकता २ र प्राथमिकता ३ मा वर्गीकरण गर्दछ। कार्यक्रम सञ्चालन गर्नका लागि प्रदेश तथा स्थानीय सरकारहरूले केन्द्र सरकारबाट अनुदान प्राप्त

गर्छन् । सम्बन्धित मन्त्रालयहरूले आगामी तीन वर्षका लागि सबै तहका सरकारले सञ्चालन गर्ने गरी छुट्टा छुट्टै कार्यक्रम/आयोजना पेस गर्ने छन् ।

३० सङ्घीय सरकारका लागि मध्यमकालीन खर्च संरचना तयार भइसकेको छ र स्थानीय तथा प्रदेश सरकारका लागि राष्ट्रिय योजना आयोगले मध्यम कालीन खर्च संरचनाको नमुना तयार पारी पठाएको छ । साथै राष्ट्रिय योजना आयोगले सबै मन्त्रालयहरूलाई बजेट निर्माणका लागि अधिकतम रकमको सीमा निर्धारण गरी पठाएको छ र मन्त्रालयहरूले आगामी वर्ष कार्यान्वयन गरिने कार्यक्रमहरू मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्ट गरेका छन् । मन्त्रालयगत बजेट सूचना प्रणाली भनेको अर्थ मन्त्रालयले अन्य मन्त्रालयलाई वार्षिक बजेट तथा खरिद योजना निर्माण गर्न सहयोग पुऱ्याउन  विकास गरेको वेबमा आधारित प्रणाली हो । यसरी हरेक वर्ष मन्त्रालयहरूले प्रस्ताव गरेका कार्यक्रम/आयोजनामाथि राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयहरूले छलफल गरेर तिनलाई अन्तिम रूप गर्दछन् । त्यसपछि यी कार्यक्रम र तिनका खरिद योजनालाई मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गराइन्छ र अन्त्यमा त्रिपक्षीय छलफलबाट ती कार्यक्रमहरू पारित हुन्छन् ।

३१. यसै गरी प्रदेश तथा स्थानीय सरकारहरूलाई योजना र बजेट बनाउने अधिकार छ तथा कार्यक्रमहरू प्रदेश संसद् तथा स्थानीय तहको सभाबाट पारित हुनुपर्ने छ ।

३२. संसद्मा बजेट पेस गर्दा अर्थ मन्त्रालय र कानुन मन्त्रालयले कार्यक्रम तथा बजेट विनियोजनका लागि मार्गदर्शन तयार गर्छन् । यसलाई प्रत्येक वर्ष परिमार्जन गरिन्छ । विनियोजन ऐनले विभिन्न तहका सरकारहरूलाई बजेट विनियोजनको खाका प्रदान गर्नुका साथै पारित बजेट खर्च गर्ने अख्तियारी समेत प्रदान गर्दछ । यसअनुसार प्रदेश तथा सङ्घीय एकाइ बिच आपसी सहमति भएमा प्रदेश सरकारलाई सङ्घ स्तरका एकाइ, जस्तैः शिक्षा विकास तथा समन्वय एकाइमार्फत पनि कार्यक्रम कार्यान्वयन गराउन सक्ने प्रावधान गरिएको छ । यसअनुसार शिक्षा विकास तथा समन्वय एकाइलाई बजेट प्रदान गर्ने अधिकार प्रदेश सरकारहरूलाई प्रदान गरिएको छ, जुन व्यवहारमा आएको भने पाइएको छैन ।

## ए. निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५

३३ अनिवार्य तथा निःशुल्क शिक्षा मौलिक अधिकारका रूपमा स्थापित छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐनअनुसार प्रत्येक स्थानीय निकायले सूचना तथा तथ्याङ्क शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र प्रदेश सामाजिक विकास मन्त्रालयमा प्रस्तुत गर्नुपर्ने प्रावधान गरेको छ । यसभित्र स्थानीय सरकारद्वारा विद्यालयलाई शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा समेटिएका विद्यालयका पूर्वाधार, सुविधा, विद्यार्थी, भर्नादर, पढाइ छाड्ने दर, पढाइ पुरा गर्ने दर तथा विद्यार्थीको जनसाङ्ख्यिक बनोट (विद्यार्थीको मातृभाषा, अपाङ्गता, गरिबी, दलित, आदिबासीलगायत अन्य सीमान्तकृत समुदायबारे) प्रतिवेदन तयार पार्न सहजीकरण गर्ने कुराहरू आउँदछन् । स्थानीय सरकारले शिक्षाको  कार्यान्वयन तथा सेवा प्रवाहको स्थितिका सम्बन्धमा प्रतिवेदन पेस गर्नुपर्दछ । साथै स्थानीय सरकारहरूले आधारभूत तथा माध्यमिक शिक्षाका लागि विनियोजित बजेट तथा आर्थिक स्रोतका बारेमा पनि वार्षिक प्रतिवेदन पेस गर्नुपर्छ ।

### ऐ. नेपालको सङ्घीय र प्रदेश सरकारहरूबिच सञ्चार तथा समन्वयका लागि मार्गदर्शन, २०७६

३४. प्रधान मन्त्रीको कार्यालयबाट जारी गरिएको यस निर्देशिकाले सञ्चार प्रवाह गर्ने तरिकाबारे मार्गनिर्देश गर्दछ । वार्षिक कार्यक्रम तथा बजेटको कार्यान्वयनका सम्बन्धमा प्रत्येक सङ्घीय मन्त्रालयले प्रदेश तहका मन्त्रालयसँग सोझै समन्वय तथा सञ्चार कायम गर्न सक्छन् । सङ्घीय मन्त्रालयले प्रदेश मन्त्रालयमा प्रधानमन्त्री कार्यलयमार्फत मात्रै सम्पर्क राख्न सक्ने अवस्था रहेकामा यस निर्देशिका अनुसार प्रदेश मन्त्रालयले सङ्घीय मन्त्रालयसँग सोझै सम्पर्क गर्न सक्ने प्रावधान गरेको छ ।

### ओ. आगामी ऐन कानुनहरू

#### क. नमुना नियम कानुन

३५.सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकारका लागि प्रकाशित गरेको नमुना शिक्षा नियमावली संमासाप्रमंको वेबसाइटमा उपलब्ध छ र यसले स्थानीय सरकारहरूलाई आफ्नो तहका लागि शिक्षा नियमावली तयार पार्न सहयोग पुऱ्याउँछ । प्रदेश तहका सरकारहरूले पनि उपलब्ध नमुना नियम कानुनका आधारमा प्रदेश तहका लागि शिक्षा ऐन तथा नियमावलीको तर्जुमा गर्न सक्नेछन् ।

आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनका सम्बन्धमा संविधानले गरेको प्रावधान अनुसार स्थानीय तहका लागि मार्गदर्शनका रूपमा यस्ता नमुना कानुन तथा नियमावलीहरू तयार पारिएका हुन् । संमासाप्रमंले तयार पारेको नमुना शिक्षा नियमावलीले विद्यालय स्थापना, विद्यालयहरू गाभ्ने, बन्द गर्ने तथा शैक्षिक तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन, अपाङ्गता तथा सुविधाविहीन वर्गका विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था, स्थानीय पाठ्यक्रमको विकास तथा परीक्षा सञ्चालनजस्ता विषयमा मार्ग निर्देश गर्दछ ।

#### ख. आगामी सङ्घीय शिक्षा ऐन

३६. हाल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सङ्घीय शिक्षा ऐन र अनिवार्य तथा निःशुल्क शिक्षा विधेयक तयार पारी सङ्घीय संसद्मा अनुमोदनका लागि पेस गरिसकेको छ । यो विधेयक पारित भएर आएपछि शैक्षिक सेवा प्रवाह संयन्त्रका सम्बन्धमा स्थानीय, प्रदेश तथा सङ्घीय सरकारको भूमिकाबारे अझ स्पष्टता र कानुनी संरचना उपलब्ध हुनेछ ।

#### ग. आगामी अन्तरसरकारी समन्वय ऐन


३७ संवैधानिक प्रावधान अनुसार सरकारका प्रत्येक तहबिच आपसी समन्वय, सञ्चार तथा सहयोग कायम गर्ने संयन्त्र तथा प्रक्रियाबारे सङ्घीय सरकारले कानुनको तर्जुमा गर्दै छ ।

#### घ. आर्थिक प्रक्रिया ऐन

## खण्ड दुईः संस्थागत प्रावधानहरू

३९. यस सङ्क्रमणकालीन मार्गचित्रको प्रथम खण्डले नयाँ सङ्घीय संरचनाका परिवर्तित कार्य, कर्ता, तथा कोष प्रवाहका तरिकाबारे कानुनी प्रावधान प्रस्ट्याएको छ। कानुनी परिवर्तनले सोहीअनुरूप संस्थागत सङ्क्रमणलाई पनि यसै गरी प्रस्ट्याइनु जरुरी छ। यो कुरा सङ्क्रमणकालीन मार्गचित्रको दोस्रो खण्डमा प्रकाश पार्ने प्रयत्न भएको छ। सरकारका तीनै तहमा शैक्षिक क्षेत्रका विद्यमान, पुनर्संरचित तथा नयाँ संस्थाहरूको परिवर्तित भूमिका, दायित्व तथा क्षमताबारे यहाँ थप प्रस्ट पारिएको छ र यस दस्ताबेजको अन्तिम खण्डमा आवश्यक थप सुरक्षा तथा थप क्रियाकलापका लागि समय तालिका सहितको मार्गचित्र प्रस्तुत गरिएको छ।

### चित्र १: शिक्षा क्षेत्रको साङ्गठनिक संरचना



## क कार्यक्रम सञ्चालन, व्यवस्थापन तथा कार्यान्वयन

४०. प्रत्येक तहका सरकारहरूले गर्नुपर्ने कार्यहरू जेठ २०७५ सम्ममा मोटामोटी परिभाषित गरिसकिएको छ । मन्त्रालय तहको संरचनागत सुधार सम्पन्न भइसकेको छ । विक्षेवियो कार्यान्वयनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई समग्र रूपले जिम्मेवार निकाय बनाइएको छ । नयाँ संरचनाअन्तर्गत शिक्षा विभागमा सङ्घीय तहका शैक्षिक जनशक्ति विकास केन्द्र र अनौपचारिक शिक्षा केन्द्र गाभिएर शिक्षा तथा मानव स्रोत विकास केन्द्र भएको छ । शिमास्रोविके सङ्घीय तहमा विक्षेवियो कार्यान्वयनको मुख्य निकाय बनेको छ । यसै गरी स्थानीय सरकारहरू पालिका स्तरका विक्षेवियो कार्यान्वयनका लागि जिम्मेवार निकाय बनेका छन् । विक्षेवियो राष्ट्रिय कार्यक्रम हो र यसै रूपमा निरन्तर रहने छ भन्ने तथ्य स्पस्ट हुनु महत्त्वपूर्ण छ । त्यसकारण शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको समग्र रेखदेख तथा शिमास्रोविकेको सञ्चालनमा सङ्घीय सरकारले विक्षेवियो कार्यान्वयनलाई निरन्तरता प्रदान गर्ने छ । अनुसूची ९ मा विभिन्न तहका सरकारहरूको साङ्गठनिक तालिका प्रस्तुत गरिएको छ ।

४१ सरकारका प्रत्येक तहमा विक्षेवियोको निरन्तर कार्यान्वयन सुनिश्चित गर्न र सेवा प्रवाह संयन्त्रमा आवश्यक सुधारलाई सघाउन देहायअनुसारको संस्थागत व्यवस्था गरिएको छ :

### सङ्घीय तहः

४२. सङ्घीय तहमा विक्षेवियोसम्बन्धी नीति निर्माण गर्न, त्यसको आर्थिक व्यवस्थापन, खरिद, सुरक्षा, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रक्रिया लगायत पक्षहरूको रेखदेखका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय जिम्मेवार रहने छ । कार्यकारी निकायका हैसियतले शिक्षा तथा मानव स्रोत विकास केन्द्रले उपर्युक्त कार्यहरूको सम्पादनमा सहयोग पुर्‍याउँछ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्य क्षेत्रभित्र शिक्षाका सम्बन्धमा गरिएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धता एवम् सन्धि सम्झौता अनुसार विक्षेवियोका कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयन, समन्वय तथा प्रगतिको अनुगमन गर्नु आदि कार्यहरू पर्छन् ।

४३. तल दिइएका निकाय, शाखा, समिति तथा आयोगहरूको स्थापना र निरन्तर कार्य सम्पादनले विक्षेवियोको सञ्चालन तथा व्यवस्थापनलाई सुरक्षा प्रदान गर्नेछन् । विक्षेवियोको नतिजामा आधारित कार्यक्रम पद्धतिमा नीतिगत मार्गनिर्देश गर्न र कार्यान्वयन तथा अनुगमनमा सहयोग गर्न केन्द्रीय तहमा यस्ता संरचनाहरू स्थापित भइसकेका छन् ।

## क. राष्ट्रिय शिक्षा परिषद्

४४. हालै संशोधित शिक्षा ऐनअनुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीको अध्यक्षतामा एउटा राष्ट्रिय शिक्षा परिषद् गठन गरिएको छ । आवश्यकताअनुसार परिषदको बैठक बस्ने छ । परिषद्ले तीन महिनाभित्र प्रतिवेदन तयार पार्नुपर्ने भएकाले यसको बैठक अहिले निरन्तर बसिरहेको छ ।

## ख. मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिः

४५ प्रधान मन्त्रीको नेतृत्वमा गठित राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक वर्षमा तीन पटक बस्दछ । यसअन्तर्गत मन्त्रालय स्तरीय विकास समस्या समाधान समिति रहन्छ, जसले राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकका लागि कार्यसूची निर्माण गर्दछ । मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिको बैठक शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीको अध्यक्षतामा सचिवसहित राष्ट्रिय योजना आयोगका सदस्यका साथै अर्थ मन्त्रालयका प्रतिनिधिको उपस्थितिमा प्रत्येक चार महिनामा बस्ने गर्दछ । मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिले शिक्षा क्षेत्रका गतिविधिको अनुगमन गर्दछ र विद्यालय शिक्षाको कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगमा सिफारिस सहितको प्रतिवेदन पठाउँछ ।

ग. विक्षेवियो निर्देशक समितिः

४६ विक्षेवियोको कार्यक्रम कार्यान्वयनको प्रगतिमा समन्वय, अनुगमन तथा सत्यापनका लागि विक्षेवियो निर्देशक समितिको गठन गरिएको हो । यसको अध्यक्षका रूपमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवले. र योजना तथा अनुगमन महाशाखाका सहसचिवले सदस्य सचिवका रूपमा काम गर्ने व्यवस्था छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक, पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालयका प्रतिनिधि उक्त समितिका सदस्य रहने छन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको योजना तथा अनुगमन महाशाखाले प्राविधिक सहायता एकाइको सहयोगमा यी कार्यहरू गर्नका लागि सहजीकरण गर्दछ । यसका अतिरिक्त विक्षेवियो निर्देशक समितिले आवश्यकताअनुसार अन्य केन्द्रीय निकायका प्रमुख तथा विकास साझेदारका सम्पर्क अधिकारीलाई बोलाउन सक्छ ।

४७ विक्षेवियो निर्देशक समितिले विषयगत क्षेत्रअनुसार देहायका उपसमितिहरू गठन गरेको छ : (१) विश्वास व्यवस्थापन (२) शैक्षिक व्यवस्थापन सूचना प्रणाली सुदृढीकरण (३) शिक्षामा सूचना तथा सञ्चार प्रविधिको उपयुक्त प्रयोग । समिति निम्नलिखित कुराका लागि जिम्मेवार रहने छः

१. कार्यक्रमका नीति तथा सुधारका लागि निर्देशन प्रदान गर्नु

२. समग्र कार्यक्रम कार्यान्वयनको रेखदेख गर्नु र कार्यगत मार्गदर्शन प्रदान गर्नु

३. वार्षिक कार्यक्रम तथा बजेट निर्माण कार्यका लागि आवश्यक मार्गदर्शन प्रदान गर्नु र वार्षिक कार्यक्रम तथा बजेट निर्माणका लागि प्राविधिक सहयोगको प्रस्ताव सरकारी स्वीकृतिका लागि प्रस्तुत गर्नु

४ समयभित्रै कार्यान्वयनमा देखापरेका तथा बाधा व्यववधानको सम्बोधनका लागि आवश्यक मार्गदर्शन प्रदान गर्नु

५. संयुक्त वित्तीय साझेदारसँगको राम्रो सहकार्यका लागि वार्षिक निआसूको प्रगतिको समीक्षा गर्नु

६. अन्तरमन्त्रालयका महत्त्वपूर्ण नीति तथा कार्यान्वयनसम्बन्धी मुद्दाको सम्बोधन गर्नु

७. चालु सङ्घीय प्रणालीको कार्यान्वयनबाट प्रकट हुन सक्ने परिवर्तनका कारण विक्षेवियोका लागि सुधार आवश्यकताको सम्बोधन गर्नु ।

घ. विक्षेवियो पुनर्संरचना समितिः

४८. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिवको अध्यक्षतामा विक्षेवियो पुनर्संरचना समिति गठन भएको छ । यस समितिका सदस्यहरूमा केन्द्रीय निकायहरूका प्रमुखहरू छन् र सदस्य सचिवमा विकास सहायता समन्वय शाखाका प्रमुख सदस्य सचिव रहने व्यवस्था छ । विक्षेवियो पुनर्संरचना समितिले देहायका कामहरू गर्छ :

अ. निकासासँग आबद्ध सूचकहरू (निआसू) को तथा कार्यक्रम नतिजा तालिका (कानता) सहित विक्षेवियोको समीक्षा गर्ने,

आ. विक्षेवियो सङ्क्रमणकालीन व्यवस्थापन योजनालाई अन्तिम रूप दिने,

इ. सङ्घीयता तथा पूर्व निर्धारित मध्यावधि मूल्याङ्कनअनुकूल विक्षेवियोको समीक्षा तथा पुनर्संरचना गर्ने,

ई. आवश्यकताअनुसार प्राविधिक सहायताको पहिचान गर्ने ।

४९. माथि बताइएका कार्यहरू सम्पन्न गर्नका लागि पुनर्संरचना समितिले विक्षेवियो तथा निआसूहरूको गहनतम विश्लेषण गर्नका लागि आवश्यकताअनुसारका उपसमितिहरूको गठन गर्नेछ । सरोकारवालाहरूलाई संलग्न गराएर गरिएको पुनरावलोकन बढी प्रभावकारी हुने र विक्षेवियोको परिमार्जन दिगो हुने यथार्थलाई हृदयङ्गम गर्दै समितिले समग्रमा सहकार्यात्मक पद्धति अवलम्बन गर्ने छ । त्यसै गरी पुनर्संरचना समितिले प्रमुख सरोकारवालाहरू तथा विकास साझेदारहरूलाई संलग्न गराउँदै तिनका विचारहरूलाई समावेश गर्ने पर्याप्त अवसरको सिर्जना गर्ने छ । साथै समितिले आवश्यक परेमा प्राविधिक सहायताको खोजी गर्ने छ । पुनर्संरचना समितिले नोभेम्बर २०१८ को संयुक्त समीक्षा बैठकभन्दा अगावै कार्यक्रमको प्रारम्भिक पुनरावलोकन सम्पन्न गरिसक्नुपर्ने छ । विक्षेवयो पुनर्संरचना समितिको पूर्ण कार्य विवरण अनुसूची २ मा संलग्न छ ।

**ङ. विकास सहायता समन्वय शाखा**

५०. विकास सहायता समन्वय शाखा, पहिलेको वैदेशिक समन्वय शाखा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको योजना महाशाखाअन्तर्गत पर्दछ र यसको नेतृत्व एक उपसचिवले गर्दछन् । वैदेशिक सहायता तथा विकास साझेदारबिच समन्वय गर्नका लागि सम्पर्क बिन्दुका रूपमा यस शाखाले काम गर्दछ । यस शाखाले बाह्य साझेदारीसम्बन्धी महत्त्वपूर्ण पक्ष, जस्तै- बजेट निर्माण, वित्तीय व्यवस्थापन, कार्यक्रम अनुगमन, निआसूका प्रतिवेदनका साथै लेखा परीक्षण प्रतिवेदन लगायत सबै सरोकारहरूको सम्बोधन गर्दछ ।

५१. विक्षेवियो निर्देशन समितिको मार्गदर्शनअनुसार विकास सहायता समन्वय शाखाले देहायअनुसारका कार्य गर्दछः

१. विक्षेवियोका कार्यक्रमहरूबारे शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका महाशाखाहरू, शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा केन्द्रीय निकायहरूबिच समन्वय कायम गर्ने,

२. विक्षेवियोअन्तर्गत योजना गरिएका प्रवर्तनात्मक कार्यहरूको कार्यान्वयनमा सहयोग गर्ने,

३. शिक्षा तथा मानव स्रोत विकास केन्द्रलगायत अन्य केन्द्रीय निकायहरूका लागि बाह्य रूपमा नियुक्त प्राविधिक तथा कार्यक्रम कार्यान्वयन सहयोग गर्ने प्रावधानको सुनिश्चितता गर्न प्राविधिक सहायता एकाइका लागि परामर्श सेवाको नियुक्ति गर्ने (यसको वर्णन तल छ),

४. विक्षेवियो कार्यक्रमको संयुक्त समीक्षा बैठक, निआसू हासिल भए नभएको तथा बाह्य निकायहरूसँगको साझेदारीमा काम भए नभएको जस्ता क्रियाकलापका लागि विक्षेवियो संयुक्त वित्तीय साझेदारसँग समन्वय गर्ने,

५. विद्यालय क्षेत्रको वार्षिक कार्य सम्पादन वा/र स्थिति प्रतिवेदनको विकास गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रबिच समन्वय कायम गर्ने ।

५२. विकास सहायता समन्वय शाखाले विक्षेवियोका प्रमुख नतिजा क्षेत्रमा निरन्तर रूपमा कार्यरत संयुक्त विषय क्षेत्रगत कार्यदल[1] र विक्षेवियो विषय क्षेत्रगत समितिबिच समन्वय गर्ने सचिवालयका रूपमा समेत काम गर्ने छ । विक्षेवियोका संयुक्त मिसन तथा बैठकहरूले तय गरेका कार्य विवरणअनुसार काम गर्न विषय क्षेत्रगत कार्य दल तथा समितिमा सरकारका प्रतिनिधि, विकास साझेदार तथा प्राविधिक विज्ञहरूको संलग्नता रहन्छ ।

## च. शिक्षा तथा मानव स्रोत विकास केन्द्र (शिमास्रोविके)

५३. सङ्घीय तहमा साबिकको शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र र अनौपचारिक शिक्षा केन्द्रलाई विस्थापित गरी विक्षेवियो कार्यान्वयनको मुख्य कार्यकारी निकायका रूपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको स्थापना भएको हो । शिमास्रोविकेको नेतृत्व एक जना महानिर्देशक र तीन ओटा महाशाखाको नेतृत्व उपमहानिर्देशकहरूले गर्दछन् । शिमास्रोविकेले देहायका कार्यहरू गर्दछः

अ. विद्यालय शिक्षा क्षेत्रका कार्यक्रम तथा रणनीतिहरूको कार्यान्वयन,

आ. शिक्षक तथा विद्यालयका कर्मचारीहरूका लागि जनशक्ति तथा क्षमता विकासका कार्यक्रम सञ्चालन,

इ. समावेशी शिक्षाको गुणस्तर सुधारका लागि अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन,

ई. गुणस्तरीय शिक्षा, समकक्षता तथा योग्यताका लागि राष्ट्रिय मापदण्डहरूको स्थापना तथा अनुगमन,

उ. प्रारम्भिक बाल शिक्षा र विकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा, वैकल्पिक क्षिक्षा, समावेशी शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र

---

[1] विषय क्षेत्रगत समूह यी हुन् : प्रारम्भिक कक्षा पढाइ, प्रारम्भिक बाल शिक्षा र विकास, समता, पहुँच र समावेशी शिक्षा, परीक्षा र मूल्याङ्कन, विपत् जोखिम न्यूनीकरण र विद्यालय सुरक्षा, शिक्षकको पेसागत विकास र व्यवस्थापन

तालिमका साथै शैक्षिक संस्थाहरूको स्थापना र सञ्चालनका लागि नीति तथा मापदण्डहरूको कार्यान्वयन ।

५४. शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निआसू तथा कार्यक्रम नतिजाको लक्ष्यअनुसार प्रगति तथा वित्तीय अनुगमन प्रतिवेदन तयार पार्छ ।

५५. यसका अतिरिक्त शिमास्रोविकेले कार्यक्रम कार्यान्वयन निर्देशिकाको मस्यौदा तयार पारी शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रालयबाट अनुमोदन गराउँछ । कार्यक्रम कार्यान्वयन निर्देशिकाले मन्त्रालयगत बजेट सूचना प्रणालीअनुसार विक्षेवियो अन्तर्गत सञ्चालन गरिने क्रियाकलापको विस्तृतीकरण प्रस्तुत गर्दछ । परिवर्तित सङ्घीय परिप्रेक्ष्यसँग मेल खाने गरी कार्यक्रम कार्यान्वयन निर्देशिकालाई अझै विकास गरियो । सङ्घका लागि र प्रदेश एवम् स्थानीय तहका लागि दुइटा छुट्टाछुट्टै कार्यक्रम कार्यान्वयन निर्देशिका तयार परिएको छ । यसै गरी कार्यक्रम कार्यान्वयन निर्देशिकाले जिम्मेवार निकाय, सन्दर्भ दस्तावेज, शब्दावली आदिको पनि विस्तृतीकरण गर्ने छ । स्थानीय तह र प्रदेश तहले कार्यक्रम कार्यान्वयन निर्देशिका प्रयोग गरून् भनी सहयोग गर्न कार्यक्रम कार्यान्वयन निर्देशिका स्रोत पुस्तकालयको विकास गरिने छ र यसलाई अनलाइनमा पनि उपलब्ध गराइने छ ।

५६. अतिरिक्त अनुगमन तथा सत्यापनको आवश्यकता परेका अवस्थामा शिमास्रोविकेले प्राविधिक सहायता एकाइमार्फत आवश्यक प्राविधिक सहयोगका लागि अनुरोध गर्न सक्छ ।

५७. सङ्घीयताको सङ्क्रमणकालमा पनि विक्षेवियोको कार्यान्वयन सुचारु भइरहेको सुनिश्चित गर्न शिमास्रोविकेअन्तर्गत देहायअनुसारको संस्थागत व्यवस्था गरिएको छ :

- **विक्षेवियो कार्यक्रम कार्यान्वयन समिति** : विक्षेवियो कार्यक्रम कार्यान्वयन समितिले शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँग काम गर्दछ । यसको अध्यक्ष महानिर्देशक रहने र सदस्यमा पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, राष्ट्रिय परीक्षा बोर्डका कार्यकारी निर्देशकहरू रहने व्यवस्था छ । विक्षेवियो कार्यक्रम कार्यान्वयन समितिले देहायका कार्यहरू गर्दछः
  (अ) कार्यक्रम कार्यान्वयनका सहयोग गर्ने,
  (आ) विक्षेवियो निर्देशक समितिलाई प्राविधिक सहायताको प्रभावकारी उपयोग गर्न सहयोग गर्ने ।
- **प्राविधिक सहायता एकाइ :** संयुक्त वित्तीय साझेदारीको प्राविधिक सहयोगमा एउटा विक्षेवियो प्राविधिक सहायता एकाइको स्थापना गरिने छ । यो एकाइ शिमास्रोविकेअन्तर्गत रहने छ र यसले विकास सहायता समन्वय शाखामा रही काम गर्ने छ । प्राविधिक सहायता एकाइलाई विक्षेवियो निर्देशक समितिले सञ्चालन गर्ने छ । प्राविधिक सहयोग एकाइले मूलतः विक्षेवियोको कार्यक्रम कार्यान्वयनका लागि आवश्यक प्राविधिक सहायताको व्यवस्थापन गर्नुका साथै देहायका कार्य गर्ने छः

(अ) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको योजना तथा अनुगमन महाशाखालाई निआसूको सत्यापनसहित विक्षेवियोका सूचक र नतिजाको उपलब्धिको अनुगमन तथा मूल्याङ्कन गर्न सघाउनु,

(आ) शिमास्रोविकेलाई विक्षेवियोको कार्यक्रम कार्यान्वयन, विकास सहयोग सम्झौताको पालना र प्राविधिक सहायताको व्यवस्थापनमा समन्वय गर्न सहयोग गर्नु ।

प्राविधिक सहायता एकाइले विक्षेवियोका विभिन्न नीति तथा रणनीतिहरूको डिजाइन, मूल्याङ्कन, कार्यान्वयन तथा अनुगमन गर्नका लागि क्षमता तथा संस्थागत विकासका प्राथमिकता अनुरूप विद्यालय उचित समयभित्रै गुणस्तरीय र समन्वित प्राविधिक सहायता उपलब्ध गराउन सरकारलाई सघाउँछ ।

### छ. केन्द्रीय तहका अन्य कार्यालयहरू:

५८. शिमास्रोविकेका अतिरिक्त पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् तथा शिक्षक किताब खाना सङ्घीय निकायका रूपमा रहने छन् ।

### ज. शिक्षक सेवा आयोग

५९. शिक्षक सेवा आयोगलाई आवश्यक योग्यता पुगेका उम्मेदवारहरूका लागि अध्यापन अनुमति पत्रका लागि प्रदेशस्तरीय परीक्षण गर्ने र मुलुकभरका लागि स्थायी शिक्षक छनोट गर्ने जिम्मेवारी प्रदान गरिएको छ ।

### प्रदेश तह:

### क. अन्तर प्रदेश परिषद्

६०. संविधानले प्रदेशहरूबिच नीति, प्रशासनिक नियम कानुन तथा अन्य समन्वयसम्बन्धी मुद्दामा आइपर्ने विवादको आपसी छलफलबाट समाधान खोज्नका लागि एउटा अन्तर प्रदेश परिषद्को प्रावधान गरेको छ । यस मञ्चमा शिक्षा क्षेत्रलगायतका समस्याहरू पनि छलफल गर्न सकिन्छ । यसका सदस्यमा प्रधान मन्त्री, गृह मन्त्री तथा अर्थ मन्त्रीहरू र प्रदेशका मुख्य मन्त्रीहरू रहने छन् । सङ्घीय प्रणाली लागु गर्न बाँकी रहेका विषयमा आवश्यक योजना तर्जुमा गर्न अन्तर प्रदेश परिषद्का सुझावहरू महत्त्वपूर्ण हुने देखिएको छ । यस परिषद्को पहिलो औपचारिक बैठक बसिसकेको छ ।

### ख. प्रदेश सामाजिक विकास मन्त्रालय:

६१. सातै प्रदेशमध्ये प्रत्येकमा एउटा सामाजिक विकास मन्त्रालय गठन भएको छ । यसको नेतृत्व राजनीतिक रूपमा मनोनित एक जना मन्त्रीले गर्छ । त्यहाँ एक जना सङ्घीय तहको सहसचिव स्तरको सचिव रहने व्यवस्था छ । यो मन्त्रालय प्रदेश सरकारको शिक्षा, स्वास्थ्य, सरसफाइ, महिला, युवा तथा खेलकुद, सामाजिक सुरक्षा, भाषा, संस्कृति श्रम तथा यातायातका लागि जिम्मेवार रहन्छ

। सामाजिक विकास मन्त्रालयका शिक्षा योजना तथा अनुसन्धान महाशाखाका दुई शाखा छन्– शिक्षा योजना र तथ्याङ्क एवम् अनुसन्धान शाखा तथा अर्को प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा । प्रत्येक सामाजिक विकास मन्त्रालयमा प्रशासन, योजना तथा अनुगमन शाखा, आर्थिक प्रशासन शाखा, लैङ्गिक सशक्तीकरण शाखा र बाल अधिकार तथा सामाजिक न्याय शाखा छन् । यो मन्त्रालय प्रदेश तहको नीतिसम्बन्धी विषयका लागि जिम्मेवार छ भने प्रदेश शिक्षा विकास निर्देशनालय (तल हेर्नुहोस्) प्रदेश तहको शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि मुख्य जिम्मेवार निकाय हो ।

### ग. **प्रदेश शिक्षा विकास निर्देशनालय (प्रशिविनि)**

६२. प्रत्येक प्रदेश सामाजिक विकास मन्त्रालयअन्तर्गत एक प्रशिविनिको स्थापना गरिएको छ । प्रदेश तहको शैक्षिक सूचना सङ्कलन, विश्लेषण, प्रकाशन गर्ने लगायत निर्णयकर्ताहरूका लागि आवश्यक सूचना उपलब्ध गराउनका लागि अनुसन्धान कार्य गरी विक्षेवियोको प्रगति अनुगमनमा सहजीकरण गर्नु यसको प्रमुख जिम्मेवारी हो । प्रशिविनिको प्रमुख जिम्मेवारीभित्र राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुरूप विद्यालय शिक्षाको पाठ्यक्रम तथा पाठ्यपुस्तकका लागि स्थानीय ऐच्छिक विषयको विकास, उत्पादन र प्रकाशनका साथै अतिरिक्त पाठ्य सामग्रीको स्वीकृति आदि रहेका छन् । साबिकमा क्षेत्रीय शिक्षा निर्देशनालयले पाएको कार्यादेशअन्तर्गतका भूमिका तथा दायित्वहरू सामाजिक विकास मन्त्रालयमा स्थापित सम्बन्धित विक्षेवियो एकाइ अथवा विद्यालय शिक्षा शाखालाई हस्तान्तरण गरिने छ । प्रशिविनिको काम कर्तव्य अनुसूची ४ मा संलग्न छ ।

### घ. **शिक्षा विकास तथा समन्वय एकाइ (शिविसए)**

६३. साबिकको जिल्ला शिक्षा कार्यालयलाई विघटन गरी ७७ ओटै जिल्लामा शिक्षा विकास तथा समन्वय एकाइ (शिविसए) स्थापना गरिएको छ । विक्षेवियोको प्रभावकारी कार्यान्वयनमा सहजीकरण तथा समन्वय गर्न र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन शिविसएलाई विशेष कार्य विवरण दिइएको छ ।

६४. शिविसएको स्थापना गृह मन्त्रालयअन्तर्गतको जिल्ला विकास कार्यालयमातहत रहने गरी गरिएको छ । २०७५ मा स्थापना भएदेखि नै यसका बारेमा प्राप्त पृष्ठपोषणलाई दृष्टिगत गरी यस एकाइलाइ प्रदेशको सामाजिक विकास मन्त्रालयअन्तर्गत रहने गरी पुनर्संरचना गर्ने सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा छलफल भइरहेको छ । यसको निधो नभएसम्म शिविसए गृह मन्त्रालयअन्तर्गत नै रहने छ । सहसचिव प्रमुख जिल्ला अधिकारी भएका जिल्लामा शिविसएको प्रमुख उपसचिव रहने व्यवस्था छ र प्रमुख जिल्ला अधिकारी उपसचिव भएका जिल्लामा शाखा अधिकृत तहका कर्मचारी रहने व्यवस्था छ । विक्षेवियो कार्यान्वयनका सन्दर्भमा साबिकमा जिल्ला शिक्षा अधिकारीले निर्वाह गर्दै आएका भूमिकामध्ये केही शिविसएलाई र केही स्थानीय सरकारलाई प्रदान गरिएको छ । शिविसएको स्थापना प्रशिविनिलाई शैक्षिक सेवा प्रदान गर्ने सम्बन्धमा सहयोग गर्नका लागि भएको हो । यसकारण शैक्षिक सेवाको प्रभावकारी प्रवाहका लागि, खास गरी विक्षेवियोका कार्यक्रमसम्बन्धी प्रतिवेदन तयार पार्न र प्राविधिक तथा प्रशासनिक सहयोग प्रदान गर्ने लगायत धेरै प्रकारका सहयोगी दायित्वहरू शिविसएहरूले निर्वाह गर्नुपर्ने हुन्छ । शिविसएको काम कर्तव्य अनुसूची ५ मा समावेश गरिएको छ ।

ङ. **शैक्षिक तालिम केन्द्रहरू**

६५ शैक्षिक तालिम केन्द्रहरू (शैताके) ले प्रदेश तथा पालिका तहमा आवधिक सेवाकालीन तथा पुनर्ताजगी तालिममार्फत शिक्षकको पेसागत विकासका अवसर प्रदान गर्दछन्। पेसागत तालिममा समूह पद्धतिको अवलम्बन गरिन्छ। यस कार्यक्रमले विद्यार्थीको सिकाइ उपलब्धि सुधारका लागि निरन्तर मूल्याङ्कन विषयमा र आफ्नो पेसागत विकासका आवश्यकता पहिचानका लागि आत्म मूल्याङ्कन वा साथीभाइद्वारा गरिने मूल्याङ्कन विषयमा शिक्षकलाई आवश्यक पर्ने क्षमता विकास कार्यमा सहयोग गर्छ।

**स्थानीय पालिका तहः**

क. **शिक्षा एकाइहरू**

६६. स्थानीय सरकारका प्रत्येक नगरपालिका तहमा शिक्षा एकाइ स्थापना भएको छ। महानगरपालिका र उप महानगरपालिकाहरूका शिक्षा एकाइ प्रमुखमा शिक्षा सेवाका उपसचिव र अन्य नगरपालिका तथा गाउँपालिकाहरूमा शाखा अधिकृत खटाइएका छन्। स्थानीय सरकारका तहमा विक्षेवियो कार्यान्वयनका लागि सम्बन्धित पालिकाका मेयरको नेतृत्वमा शिक्षा अधिकृतहरू मुख्य रूपमा जिम्मेवार हुन्छन्। स्थानीय सरकारका जिम्मेवार अधिकृतले राष्ट्रिय स्तरमा तोकिएका कार्यक्रम लागु गर्न विद्यालयहरूलाई सुपरिवेक्षण तथा प्राविधिक सहयोग प्रदान गर्नुका साथै आफ्नो क्षेत्राधिकारभित्रका विद्यालयको व्यवस्थापनमा मदत गर्ने छन्। नगरपालिकाका जिम्मेवार अधिकारीहरूलाई उजुरीहरूको छानबिन तथा विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्ने लगायतका स्पष्ट कार्य विवरण प्रदान गरिन्छ। शिक्षा एकाइहरूले शिमास्रोविकेलाई प्रतिवेदन पेस गर्छन्। शिक्षा एकाइहरू विक्षेवियोको कार्यान्वयन लगायत प्राविधिक विषयका लागि शिमास्रोविके र शिविप्रमं दुवैप्रति उत्तरदायी हुने छन्।

६७ शिक्षा एकाइका प्रमुख जिम्मेवारीहरू देहाय अनुसार छन्:

अ. विक्षेवियो अनुदानका लागि योग्य विद्यालय, शिक्षक तथा विद्यार्थीको पहिचान गर्ने,

आ. योग्यताका आधारमा अनुदान सुनिश्चितता फाराम तयार पार्ने,

इ. अनुदान सुनिश्चितता फारामका आधारमा बैङ्कमार्फत स्थानीय सरकारका लेखा शाखालाई रकम निकासा गर्न सहयोग गर्ने,

ई. विद्यालय अनुदानको उपयोगबारे सूचना तथा प्रमाण कागजहरू सङ्कलन गर्ने,

उ. विद्यालयले प्रदान गरेका र बैङ्कबाट उपलब्ध खर्चका विवरणबिच हिसाब मिलान गर्ने,

ऊ. अनुदान पालना तथा उपयोगको प्रतिवेदन तयार पार्ने।

**विद्यालय तहः**

६८. विक्षेवियोको अधिकांश खर्च विद्यालयहरूमा हुने भएकाले विद्यालय व्यवस्थापन समिति सहित सामुदायिक विद्यालय स्वयम् विद्यालय तहका सबै खाले क्रियाकलाप व्यवस्थापनका लागि जिम्मेवार रहने र शिक्षक अभिभावक सङ्घ ती क्रियाकलापको अनुगमन गर्ने प्रमुख कर्ता हुने छन् । यी विद्यालयहरूका लागि तालिम, व्यवस्थापन तथा अनुगमन सहयाताका लागि स्रोत केन्द्रहरूले निरन्तर रूपमा काम गर्ने छन् ।

**विद्यालय व्यवस्थापन समितिः**

६९. स्थानीय रूपमा निर्वाचित व्यक्तिको अध्यक्षतामा गठित विद्यालय व्यवस्थापन समिति खास गरी विद्यालयको समग्र गुणस्तर सुनिश्चितता तथा व्यवस्थापनका लागि जिम्मेवार रहने छन् । विद्यालय व्यवस्थापन समितिहरूले शिक्षक तथा स्थानीय सरोकारवालाहरूसँग मिलेर विद्यालय सुधार योजना तथा शैक्षिक व्यवस्थापन सूचना प्रणालीका सूचनाका आधारमा विद्यालय सुरक्षा, शैक्षिक निरन्तरता, प्रतिकार्य तथा पूर्वतयारी तथा दुर्गम समुदायमा पहुँच जस्ता विषयलाई समेटी विद्यालयको योजना तर्जुमा गर्छन् । शिक्षक अभिभावक सङ्घले विद्यालयको आन्तरिक व्यवस्थापन तथा दैनिक कार्य सञ्चालनमा विद्यालय व्यवस्थापन समितिलाई सघाउँछन् । प्रधानाध्यापकले प्राविधिक पक्षमा, खास गरी शिक्षकको कार्यसम्पादन, शिक्षकले शिक्षण सिकाइमा व्यतीत गर्ने समय तथा शिक्षकको क्षमता विकासका कार्यमा ध्यान दिन्छन् । त्यसकारण नयाँ सङ्घीय प्रणालीमा पनि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको संरचना तथा दायित्वमा खास परिवर्तन भएको छैन ।

७०. **विद्यालय तहका अन्य कार्यहरू देहाय अनुसार छन्:**

अ. नमुना विद्यालयबाट प्रारम्भ गरी विद्यालय व्यवस्थापनलाई बढी स्वायत्तता प्रदान गर्ने,

आ. नमुना माध्यमिक विद्यालयबाट प्रारम्भ गरी प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापनलाई सुदृढ गर्ने,

इ. विद्यालय व्यवस्थापन समितिलाई नीति निर्देशनमा र प्रधानाध्यापकलाई विद्यालय ब्यवस्थपनमा बढी जिम्मेवार बनाएर विद्यालय सुशासनका मुद्दामा सुधार ल्याउने**,**

ई. उपयुक्त वित्तीय व्यवस्थापन तथा बजेट निर्माणका साथै विद्यालय सुधार योजनाका प्रक्रियामा सुधार ल्याउने,

उ. विद्यालयमा कर्मचारी उपलब्ध गराउने,

ऊ. विद्यालयका आर्थिक तथा शैक्षिक कार्यसम्पादनसम्बन्धी सूचनाहरू नियमित रूपले अभिभावक तथा स्थानीय सरोकारवालाहरू समक्ष सार्वजनिक गर्ने,

ए. वित्तीय व्यवस्थापन तथा खरिद प्रक्रियाको नतिजाका सम्बन्धमा सम्बन्धित निकायलाई जबाफदेही बनाउने,

ऐ. विद्यालयले निरन्तर रूपमा आत्ममूल्याङकन गर्ने ।

# भाग तीनः कार्यक्रमिक सङ्क्रमण

७१. यस सङ्क्रमणकालीन मार्गचित्रको भाग एक र भाग दुईले विक्षेवियोको निरन्तर कार्यान्वयनका लागि व्यवस्था गरिएका कानुनी तथा संस्थागत रूपरेखा प्रस्तुत गरेका छन् । यिनले नयाँ सङ्घीय संरचनाका भूमिका र दायित्व स्पष्ट पारेका छन् । तथापि सङ्क्रमण कालको चरणमा प्रगतिशील उपायहरूको आवश्यकता रहन्छ । सेवा प्रवाह प्रभावकारी, सक्षम, मितव्ययी तथा समतामूलक होस् भनी सुनिश्तचत गर्न क्षमता तथा जनशक्तिबिचको खाडल र कोष प्रवाहका संयन्त्रलगायतका सरोकारहरूको सम्बोधन हुनु जरुरी छ। सङ्क्रमणकालीन मार्ग चित्रको तेस्रो भागले यिनै कार्यक्रमिक उपायहरूको रूपरेखा प्रस्तुत गर्दछ ।

**क. जनशक्तिको पुनर्वितरणः**

७२. माथि विस्तारमा उल्लेख गरिएझैँ तथा स्थानीय सरकारमा शक्तिको विकेन्द्रीकरणको संवैधानिक प्रावधानअनुसार जिल्ला तथा केन्द्र तहका कतिपय संस्थाहरूको कार्य विवरणमा परिवर्तन भएका छन् । अनि सङ्गठन र व्यवस्थापन सर्भे प्रतिवेदनले स्रोतको आवश्यकता र उपलब्धताका सन्दर्भमा गरेका सिफारिसअनुसार कतिपय नयाँ संस्थामा कर्मचारीको तह र तिनको कार्य विवरण परिवर्तित भएका छन् । सेवा प्रदायक कर्मचारी लगायत सातै प्रदेश सरकारमा २१,००० र ७५३ स्थानीय निकायमा ६६,००० जति कर्मचारी आवश्यक पर्ने अपेक्षा गरिएको छ । समग्रमा नयाँ निर्वाचित नगरपालिका तथा गाउँपालिकाहरूमा ३७००० र प्रदेशका लागि ५५० सरकारी अधिकृत छन् ।[२]

७३. संस्थागत सङ्क्रमणकाल जारी छ, जनशक्ति र क्षमताको खाडलले विक्षेवियो कार्यान्वयनमा जोखिम बढ्दो छ । त्यसकारण कार्यान्वयनको निरन्तरतालाई सुनिश्चित गर्ने उपायहरू तथा सुरक्षा संयन्त्रको व्यवस्था गरिएको छ । कार्यक्रमका जोखिम न्यूनीकरण गर्नका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सबै स्रोत व्यक्तिहरूलाई स्थानीय सरकारका तहमा स्थानान्तरण गरेर नगरपालिका तथा गाउँपालिकाको व्यवस्थापन मातहत ल्याएको छ । शिक्षासम्बन्धी ज्ञानमा पूर्णतः प्रशिक्षित नभएका स्थानीय सरकारका कर्मचारीलाई छोटो समयका लागि प्राविधिक सहयोग उपलब्ध गराउन यी स्रोत व्यक्तिहरू सक्षम छन् । यसका अतिरिक्त शिविप्रमंले ठुलो सङ्ख्यामा साबिकका जिल्ला शिक्षा कार्यालयका कर्मचारीहरूलाई विशेष कार्य विवरणसहित स्थानीय सरकारका तहमा खटाएको छ ।

---


२ सार्वजनिक नीतिका लागि अन्तर्राष्ट्रिय केन्द्रअन्तर्गत जर्जिया स्टेट विश्वविद्यालयमा एन्ड्रिउ योङ स्कूल अफ पोलिसी स्टडिजले सङ्घीयताको सङ्क्रमणका सम्बन्धमा गरेको क्षमता आवश्यकताको लेखाजोखाले देखाएअनुसार कर्मचारी अभावका कारण कामका बाधा परेका स्थानीय सरकारको अनुपात समग्रमा ७० प्रतिशत रहेको छ । उक्त विश्वविद्यालयले नमुना छनोट गर्दा ३३ प्रतिशत महानगरपालिका, ७३ प्रतिशत उपमहानगरपालिका र ५८ प्रतिशत नगरपालिका तथा ८१ प्रतिशत गाउँपालिकाहरूबाट लिइएको थियो

## ख. वित्तीय व्यवस्थापन

### ख १. वार्षिक रणनीतिक कार्यान्वयन योजना, वार्षिक कार्य योजना तथा बजेट र रातो किताव

७४. रातो किताबले सङ्घ, प्रदेश तथा स्थानीय तीनै तहका सरकारहरूलाई बजेटसम्बन्धी सूचना उपलब्ध गराउँछ। स्थानीय रातो किताबका सम्बन्धमा खर्चको विस्तृतीकरण गर्ने अधिकार स्थानीय सरकारलाई नै प्रदान गरेर स्थानीय सरकारको स्वायत्तता प्रतिविम्बित गराइएको छ, उदाहरणका लागि शिक्षा र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगअन्तर्गत तोकिएका चार प्रकारका अनुदानहरू । बजेटको तर्जुमा तथा योजना निर्माण प्रक्रियाको स्थानीय तहमा सङ्क्रमण सुचारु गर्न विक्षेवियोको बजेटले सङ्घ, प्रदेश तथा स्थानीय तहहरूका लागि ससर्त अनुदानको व्यवस्था गरी सम्बन्धित तहका लागि मन्त्रालयगत बजेट सूचना प्रणालीमा अपलोड गरिएको छ। यसै गरी स्थानीय सरकारहरूलाई राजस्व तथा बजेट खर्च, भुक्तानी तथा आर्थिक प्रतिवेदनको अभिलेखीकरण सहज होस् भनी करिब ३०० स्थानीय तहहरूमा प्रदेश तथा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली लागु गरिएको छ। २०७६ जेठसम्ममा आधाजसो नगर तथा एक तिहाइजति गाउँपालिका सरकारले अनुमानित बजेट तयार पार्ने सन्दर्भमा प्रदेश तथा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीको सफ्टवेयर प्रयोग गरिरहेको जानकारी दिएका छन् । अधिकांश साना स्थानीय सरकारहरूले एक्सेलको प्रयोग गर्दछन् । सातै प्रदेश तथा ७५३ स्थानीय सरकारहरूमा प्रदेश तथा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीको प्रयोग गरिएको छ भने मात्र विक्षेवियोको वित्तीय अनुगमन प्रणालीको आवश्यकता पुरा भएको मानिने छ । सङ्क्रमणकालीन चरणमा शिविप्रमंले सरकारहरूलाई प्राप्त ससर्त अनुदान रकम खर्चको विवरण पेस गर्न सहजीकरणका लागि मलेनिका र कोलेनिकासँग सहकार्य गर्ने छ ।

चित्र २: सङ्घीय संरचनाको परिवर्तित अवस्थामा विक्षेवियो वित्त प्रवाह संयन्त्र



## खर. विक्षेवियोमा ससर्त अनुदानमार्फत रकम विनियोजन

७५. विक्षेवियो कार्यान्वयनका सन्दर्भमा ठुलो रकम (नेरु १.२७ बिलियन) ससर्त अनुदानमार्फत अर्थ मन्त्रालयले ७५३ स्थानीय सरकारहरूका लागि विनियोजन गरेको छ (९९.१८%) । यो ससर्त अनुदान रकम स्थानीय सरकारले प्रारम्भिक बाल विकास र शिक्षा, प्राथमिक तथा माध्यमिक शिक्षक तलब, कक्षा १-१० का सबै बालबालिकाका लागि पाठ्यपुस्तक, कक्षा ११-१२ का सीमान्तकृतका लागि पाठ्यपुस्तक सहयोग, छात्रा तथा दलितका लागि छात्रवृत्ति, विद्यालय व्यवस्थापन खर्च, शिक्षण सामग्री व्यवस्थापन तथा पुस्तक कुनाका लागि प्रति विद्यार्थी अनुदान, सामाजिक तथा आर्थिक लेखा परीक्षण गर्न अनुदान, विद्यालय सुधार योजना तथा क्षमता विकास जस्ता निर्धारित कार्यक्रमका लागि प्राप्त गरेका छन् ।

७६. सङ्घ, प्रदेश तथा स्थानीय तहका सरकारहरूबिच वित्तीय प्रतिवेदन तथा खर्चको अनुगमन प्रणाली पूर्ण रूपले स्थापित हुने परिकल्पना गरिएको छ साथै विभिन्न तहका सरकारहरूबिच सार्वजनिक वित्तीय व्यवस्थापनअन्तर्गत वित्तीय प्रतिवेदन तथा खर्चको अनुगमनका क्षेत्रमा बढ्दो जोखिम पनि देखिएको छ । आर्थिक वर्ष २०७५/७६ मा यो जोखिम न्यूनीकरणका लागि शिविप्रमं र अर्थमन्त्रालयले सङ्घ, प्रदेश तथा स्थानीय तहका विक्षेवियोसँग सम्बन्धित सबै क्रियाकलापका लागि ससर्त अनुदानमार्फत बजेट विनियोजन गरेको थियो । चालु सङ्क्रमणमा विक्षेवियोका लागि रकम विनियोजन गर्ने संयन्त्रमा समायोजनको आवश्यकता पर्छ तथापि विक्षेवियो कार्यक्रमका अवयवहरूमा कुनै परिवर्तनको आवश्यकता छैन । विक्षेवियो बजेट ससर्त अनुदानमार्फत विनियोजन गरेर शिविप्रमंले स्थानीय सरकार तहमा नीति निर्माण गर्न सूचित गर्छ । यसका अतिरिक्त अन्तर सरकारी वित्तीय हस्तान्तरण ऐन तथा भर्खरै स्वीकृत विनियोजन विधेयक (दफा ४, अनुसूची ७ मा राखिएको) ले अन्तर सरकारी वित्तीय हस्तान्तरणसम्बन्धी प्रावधानलाई परिभाषित गरेको छ, जस अनुसार प्रदेश तथा स्थानीय सरकारहरूले चौमासिक रूपमा ससर्त अनुदान खर्चको प्रतिवेदन प्रस्तुत गरेपछि मात्र सङ्घीय सरकारले त्यसपछिको अर्को चौमासिक बजेट निकासा गर्ने व्यवस्था गरेको छ ।

## खइ. प्रदेश तथा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA)

७७. यस सङ्क्रमणकालीन मार्गचित्रको प्रथम खण्डमा सङ्क्रमण कालका अवधिमा वित्तीय व्यवस्थापन तथा प्रतिवेदन प्रणालीको सहजीकरणका लागि कानुनी संरचनाका विषयमा विस्तृत रूपले चर्चा गरिएको छ । यसका अतिरिक्त सरकार राष्ट्रव्यापी रूपमा प्रदेश तथा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली लागु गर्ने तयारीमा छ[३] । SuTRA भनेको अर्थ मन्त्रालयको निर्देशन अनुसार सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालयको नेतृत्वमा विकास गरिएको योजना तर्जुमा, बजेट निर्माण र लेखा प्रणाली सम्बन्धी सफ्टवेर हो । यो प्रदेश तहका लागि सङ्गठित वित्तीय व्यवस्थापन प्रक्रियालाई कार्यान्वयन र सहजीकरण गर्न विकास गरिएको वेबमा आधारित प्रणाली

---

[3] hhtp//sutra.gov.np/

हो । यसलाई Unified Charts of Accounts २०७४ मा आधारित भई महालेखा नियन्त्रक कार्यालयद्वारा २०७४ कात्तिक १ मा अनुमोदन गरिएको हो । यसले मलेपको लेखा तथा प्रतिवेदनका ढाँचासँग सम्बन्ध राख्छ । SuTRA का प्रदेश र स्थानीय तह गरी दुई व्यापक र भिन्नाभिन्नै प्रयोग छन् । स्थानीय तहको प्रयोग सबै स्थानीय सरकारका लागि र प्रदेश तहको प्रयोग सबै प्रदेश सरकारका लागि उपलब्ध छ । यस प्रणालीले प्रदेश तहको वित्तीय सूचना राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, अर्थ मन्त्रालय तथा महालेखा नियन्त्रक कार्यालयलाई उनीहरूको प्रयोजनका लागि उपलब्ध गराउँछ । अर्थ मन्त्रालयले सबै स्थानीय सरकारको प्रयोगका लागि प्रदेश तथा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीका बारेका परिपत्र गरेको र सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालयलाई समग्र मुलुकभर उक्त प्रणाली लागु गर्न आवश्यक व्यवस्था मिलाउन निर्देशन दिएको छ । सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालयअन्तर्गत रहने गरी एउटा कार्यान्वयन सहयोग केन्द्र स्थापना गरिएको छ र प्रणाली विस्तारको काम भइरहेको छ । स्थानीय सरकारहरूबिच प्रदेश तथा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली व्यापक रूपमा स्वीकार्य भएको छ । प्राप्त पृष्ठपोषणले दुर्गम क्षेत्रका गाउँपालिकाहरूलाई समेत समेट्न यसमा अफलाइन मोड लगायत थप फिचरको आवश्यकता दर्शाएका छन् । यसका लागि सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालयले एउटा अफलाइन मोडमा अरु फिचरहरू थप गर्न चरणबद्ध योजना निर्माण गरेको छ ।

७८. प्रदेश तथा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीका अतिरिक्त सरकारले विद्यालयस्तरीय लेखा प्रणालीको विकास गरिरहेको छ, जसले विद्यालयलाई बजेटको तयारी, आयव्ययको लेखा, नगद जम्मा तथा वित्तीय प्रतिवेदन प्रणालीका लागि अझ सहजीकरण गर्ने छ ।

## ग. अन्तर्राष्ट्रिय आर्थिक सहयोग तथा समन्वय

७९. विगतका केही दशकदेखि शिविप्रमं र यसका विकास साझेदारहरूले मिलेर सहायता प्रभावकारिताको सिद्धान्तअनुरूप बाह्य स्रोतको संयुक्त प्रभावकारिता अभिवृद्धि गरी शिक्षा क्षेत्रको विकासका लागि एउटा प्रभावकारी क्षेत्रगत पद्धति (SWAp) को स्थापना गरेका छन् । यस सहयोगको नमुनाले पुल र नन-पुल सहयोग उपलब्ध गराउँदै बहुपक्षीय, द्विपक्षीय र संयुक्त राष्ट्र सङ्घीय निकायहरूलाई संलग्न गराउँछ र यिनले संयुक्त रूपमा शिक्षा क्षेत्रलाई निर्देश गर्छन् । यसै आधारमा विक्षेवियोको संयुक्त वित्तीय व्यवस्था गरिएको हो र खास गरी संयुक्त समीक्षा तथा रणनीतिक एवम् वार्षिक योजना कार्यान्वयनका सन्दर्भमा हुने परामर्शमार्फत संयुक्त साझेदारीलाई अझ सुदृढ गराउन शिविप्रमं र विक्षेवियोका संयुक्त वित्तीय साझेदारहरूबिच हस्ताक्षर गरिएको हो । विक्षेवियोको संयुक्त वित्तीय व्यवस्थाले हाल आफ्ना उद्देश्यमा देहाएका कुराहरू समावेश गरेको छ : (१) शिक्षण सिकाइ तथा सिकाइ वातावरणको न्यूनतम गुणस्तरीयता सुनिश्चित गर्दै स्थानीय सरकारप्रति उत्तरदायी बनाउन शिक्षा क्षेत्रको सुशासन तथा व्यवस्थापन प्रणालीलाई अझ सुदृढ र पुनर्अभिमुखीकरण गर्ने (२) पहिचान गरिएका आवश्यकता तथा सङ्घीयताको सन्दर्भ

अनुरूप शिक्षा क्षेत्रको प्रशासनिक तथा राजनीतिक पुनर्संरचनालाई समायोजन गर्ने तथा स्थानीय, प्रदेश र केन्द्रीय तहहरूबिच लागत साझेदारी प्रणाली लागु गरी दिगो र सुदृढ वित्तीय व्यवस्थापन सुनिश्चित गर्ने ।

८०. अन्तर्राष्ट्रिय आर्थिक सहयोग र समन्वयद्वारा विक्षेवियोका लागि परिचालित सहयोगको समग्र उद्देश्यः (१) शिक्षाको विकासका लागि पर्याप्त आर्थिक स्रोत जुटाउनु (२) शिक्षाको नीतिनिर्देशमा सहयोग गर्नका लागि पर्याप्त स्रोत उपलब्ध गराउनु (३) उपलब्ध स्रोतको प्रभावकारी व्यवस्थापन गर्नु (४) विक्षेवियोको कार्यान्वयनका लागि उपलब्ध सहयोगको सक्षमता तथा प्रभावकारितामा सुधार ल्याउनु रहेका छन् ।

८१. संयुक्त वित्तीय साझेदारहरूले हाल विक्षेवियोलाई नतिजामा आधारित र प्रणालीमा आधारित दुवै पद्धतिमार्फत सहयोग गर्दै आएका छन् । त्यसकारण संयुक्त वित्तीय साझेदारले प्रदान गर्ने सहयोगको निकासा निश्चित समयावधिका लागि कार्यक्रम बजेट शीर्षकमा नेपाल सरकारले गर्ने खर्चमा निर्भर गर्छ । त्यसै गरी यो (अ) संयुक्त समीक्षामा भएका परामर्श, निर्णय तथा प्रतिवेदनमा देखिएका कार्यसम्पादनको स्तरमा (आ) नेपाल सरकार र संयुक्त वित्तीय साझेदारबिच सहमति भएअनुसार निआसूको उपलब्धिमा निर्भर गर्दछ । प्रत्येक आर्थिक वर्षमा शोधभर्ना दिनुपर्ने रकम भारअनुरूप हुन्छ ।

८२. यसका अतिरिक्त सहायता परिचालनका सन्दर्भमा संविधानले गरेको प्रावधानअनुसार एउटा परिमार्जित विकास सहायता नीति तयार हुँदै छ । यस नीतिअनुसार सबै विकास साझेदारहरूलाई एकद्वार नीतिद्वारा निर्देशित सहायताको असल अभ्यास अनुसरण गर्न अभिप्रेरित गरिन्छ । ७५३ स्थानीय सरकारहरूसँग प्रत्यक्ष रूपले काम गर्दा सहायता परिचालनमा सुधारको आवश्यकता पर्दछ । अतः नयाँ सहायता परिचालनको संरचनाको निर्माण आवश्यक छ । नयाँ वित्तीय सम्झौतामार्फत सहायता परिचालनलाई मूलधारमा ल्याउन अर्थ मन्त्रालय र विकास साझेदारहरूले साझा अभ्यासको कार्यान्वयन गर्नु आवश्यक छ । विकास सहायतालाई सुसूचित गर्न सबै तहका सरकारहरूबाट प्राप्त तथ्याङ्कहरूको सूक्ष्म विश्लेषणको आवश्यकता पर्छ । यसका लागि राजस्वका स्रोत तथा खर्चको पारदर्शिता, आयोजना सञ्चालनको ज्ञान, मानवीय एवम् प्राकृतिक स्रोतको उपलब्धता सम्बन्धी जानकारीको आवश्यकता पर्छ । नतिजामा आधारित वित्तीय सहयोग पद्धतिको सन्दर्भमा कुरा गर्दा यसलाई विक्षेवियोका लागि संयुक्त वित्तीय व्यवस्थाको अङ्गका रूपमा अवलम्बन गरिसकेको छ । निआसू वर्ष ३ का लक्ष्यका उपलब्धिहरूका लागि जिम्मेवार सरकारी निकायको सिंहावलोकन अनुसूची ८ मा समावेश गरिएको छ ।

## घ. अनुगमन, मूल्याङ्कन र प्रतिवेदन

८३. शैक्षिक कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न विद्यालय शिक्षाको अनुगमन मूल्याङ्कन र लेखाजोखा महत्त्वपूर्ण पक्ष हुन् । अनुगमन तथा मूल्याङ्कन प्रणालीले कार्यक्रम कार्यान्वयनका विभिन्न तह तथा चरणमा भएका प्रगतिका बारेको सूचनाको अभिलेखीकरण, प्रशोधन तथा प्रबोधीकरण गर्छ । यसले विक्षेवियो कार्यक्रमका सबल र दुर्बल पक्षहरूको मूल्याङ्कन गर्दछ तथा योजना गरिएअनुसार र कार्यस्थलमा क्रियाकलापहरू भए नभएको यथार्थ अवस्थाबिचको भिन्नता पहिचान गर्छ । सङ्क्रमणकालीन व्यवस्थाले कार्यस्थलको नियमित निरीक्षण, चौमासिक तथा वार्षिक समीक्षा गरिने सुनिश्चितता प्रदान गर्ने छ साथै कार्यक्रमको प्रगतिको अभिलेखीकरण गर्न फ्ल्यास र स्थिति प्रतिवेदन तथा वित्तीय अनुगमन प्रतिवेदन प्रकाशित गरिने छ ।

८४. शैक्षिक व्यवस्थापन सूचना प्रणालीबाट आवश्यक सूचना लिएर तिनको प्रयोग गरी माथि उल्लेख गरिएका दस्ताबेजको तयारी गरिन्छ । वर्तमान शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई दुई चरणमा स्तर वृद्धि गरी वेबमा आधारित प्रणालीमा विकसित गरिने छ । पहिलो चरणमा सबैभन्दा जरुरी देखिएको तथ्याङ्कको प्रतिवेदन कार्यमा सहयोगका लागि युनिसेफको प्राविधिक सहयोग उपलब्ध गराइने छ । युनिसेफका परामर्शदाताले पुससम्ममा आधारभूत वेबमा आधारित पोर्टल उपलब्ध गराउने छन् । यसले दोस्रो चरणको पूर्णतः वेबमा आधारित शैक्षिक व्यवस्थापन सूचना प्रणाली (अफलाइन सेवासहित) का लागि आधारभूमि प्रदान गर्ने छ । यो कार्य माघभित्र प्रारम्भ हुने छ र यसका लागि एसियाली विकास बैङ्क तथा युरोपेली सङ्घको प्राविधिक सहायता उपलब्ध गराइने छ । यसरी वेबमा आधारित प्रणालीको उपयोगद्वारा स्थानीय तथा प्रदेश सरकारहरूलाई आवश्यक प्रतिवेदन तयार पार्न र प्रमाणमा आधारित योजना निर्माण गर्न सहज हुने छ ।

८५. विद्यालय, स्थानीय सरकार, शिक्षा विकास तथा समन्वय एकाइ, प्रदेश सरकार र सङ्घीय सरकारले भौतिक लगायत लक्षित क्रियाकलापको अनुगमन गर्ने छन् । विद्यालय तहमा गरिने निर्माण गतिविधिको अनुगमन स्थानीय सरकारका इन्जिनियरले गर्ने छन् । निर्माणात्मक लगागतका अनुसन्धान गरिनेछन् र विश्लेषणात्मक क्षमता अभिवृद्धि गराइने छ । विक्षेवियो कार्यक्रमले योजना गरिए अनुरूप काम गरे नगरेको र अपेक्षा अनुसार नतिजा आए नआएको हेर्न अनुगमन तथा मूल्याङ्कन गरिने छ । आधार रेखा, मध्यावधि तथा अन्तिम मूल्याङ्कन गरिने छ । यसका साथै सरोकारवालाहरूको सन्तुष्टिको सर्भे पनि गरिने छ ।

८६. शैक्षिक गुणस्तर परीक्षण केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, विद्यार्थीहरूको राष्ट्रिय उपलब्धि परीक्षा, प्रारम्भिक कक्षा पढाइ मूल्याङ्कन, समुदायमा आधारित प्रारम्भिक कक्षा पढाइ मूल्याङ्कनमार्फत विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन तथा विद्यालयको कार्य सम्पादन परीक्षण गरिने छ । शैक्षिक व्यवस्थापन सूचना प्रणालीबाट विद्यालय बाहिरका बालबालिका तथा अपाङ्गता भएका बालबालिका बारेका सूचना प्राप्त गरिने छ । शैव्यसूप्रलाई पूर्णतः सङ्घीय प्रणालीसँग आबद्ध

गराइने र वेबमा आधारित प्रणालीका रूपमा रूपान्तरण गरिने छ । यस रूपान्तरणलाई निर्देशित गर्न र शैव्यसूप्रमा हुने गडबडी रोक्ने प्रमुख क्रियाकलाप तथा रणनीतिहरूको प्राथमिकीकरण गर्न शैव्यसूप्र सुदृढीकरण समितिले तयार पारेको सुदृढीकरण कार्ययोजना विक्षेवियोको निर्देशक सिमतिले अनुमोदन गरिसकेको छ । यसका अतिरिक्त शैव्यसूप्रलाई प्रदेश सरकारका अनुगमन तथा मूल्याङ्कन एकाइ, जिल्ला प्रशासन कार्यालय (माथि प्रादेशिक व्यवस्था हेर्नू) अन्तर्गत स्थापित शिक्षा विकास तथा समन्वय एकाइ तथा पालिका स्तरका अनुगमन तथा मूल्याङ्कन अधिकारीसँग आबद्ध गराइने छ ।

८७. विद्यालय तहमा विद्यार्थीको सिकाइ, शिक्षक सहयोग तथा तालिम आवश्यकताको पहिचान तथा शिक्षण सिकाइको अनुगमनको साधनका रूपमा विद्यालय सुधार योजनाको प्रयोगलाई निरन्तरता प्रदान गरिने छ । अनुगमन तथा मूल्याङ्कन लागि सूचना तथा सञ्चार प्रविधि तथा वेबमा आधारित संयन्त्रहरूको विकास र प्रयोग गरिने छ ।

८८. प्रदेश सरकार, शिक्षा विकास तथा समन्वय एकाइ र स्थानीय सरकारका लागि तोकिएअनुसारको प्रतिवेदन संयन्त्रहरूलाई अन्तिम रूप प्रदान गरिने छ । यसले विक्षेवियोको प्रतिवेदन संयन्त्रलाई सुनिश्चित गर्ने छ । विकास सहायता समन्वय शाखाले विकास साझेदारहरूलाई अनुगमन प्रतिवेदनको निरन्तर जानकारी प्रदान गर्ने छ ।

८९. वित्तीय अनुगमनअन्तर्गत सङ्घीय सरकारले स्थानीय सरकारलाई प्रदान गरिएका ससर्त अनुदानको उपयोगसम्बन्धी प्रदेश सरकारहरूले पेस गरेका प्रतिवेदनका आधारमा तयार पारिएको वित्तीय अनुगमन प्रतिवेदन पर्दछ। महालेखा परीक्षकको कार्यालयले पनि सरकारका विक्षेवियो कार्यान्वयन सम्बद्ध निकायहरूमार्फत प्राप्त वित्तीय विवरणका आधारमा लेखा परीक्षण प्रतिवेदन तयार गर्छ । माथि वर्णन गरिएझैँ विनियोजन विधेयक २०७५ को प्रावधानअनुसार प्रदेश सरकारले ससर्त अनुदानका सम्बन्धमा प्रतिवेदन प्रस्तुत गर्नुपर्छ ।

## खण्ड चारः सम्बोधन गर्न बाँकी रहेका बाधा तथा मुद्दाहरूको पहिचान

९०. कानुनी, संस्थागत तथा कार्यक्रमिक प्रावधानहरूको व्यवस्था गरिएको भए तापनि विक्षेवियोको प्रभावकारी कार्यान्वयनलाई प्रभावित पार्ने थुप्रै बाधाहरू विद्यमान छन् । हाल विभिन्न तहमा रहेको संस्थागत क्षमता र निर्वाह गर्नुपर्ने काम, कर्तव्यलाई हेर्दा क्षमता विकास मूल सरोकारको विषय हुन आएको छ । यस सम्बन्धमा अन्य क्षेत्रका तुलनामा शिक्षा क्षेत्रका लाभग्राहीहरू, कर्मचारी तथा खर्च केन्द्रहरू व्यापक भएको अवस्थालाई दृष्टिगत गर्दा उपयुक्त व्यवस्थापन तथा योग्य कर्मचारीहरूको व्यवस्था नभएसम्म सम्भावित व्यवधानहरू देखा पर्न सक्छन् ।

९१. वित्तीय प्रतिवेदनको विकेन्द्रीकरण र शैव्यसूप्रको उपयोगका लागि तालिमको ठुलो आवश्यकता पर्दछ । यद्यपि सङ्घीय सरकारले स्थानीय तथा प्रदेश सरकारका लागि विभिन्न प्रकारका तालिम मोड्युलहरूको विकास गरिरहेको छ, तथापि जनशक्ति तथा अन्य स्रोतका हिसाबले हेर्दा वास्तविक तालिमका लागि ठुलो लगानीको आवश्यकता पर्ने छ । संविधानले प्रदेश सरकारलाई स्वायत्त भनेर परिभाषित गरिएको भए तापनि यसलाई सङ्घीय सरकारबाट स्वतन्त्र रहेर वाह्य स्रोत आकर्षण तथा परिचालन गर्न नपाउने व्यवस्था गरेको छ । खर्च तथा राजस्वको अनुगमन गर्न तथा विभिन्न ऐनमा उल्लेख भएअनुसारका विभिन्न प्रकारका अनुदान एवम् राजस्वको पुनर्वितरणका लागि एकल खाता कोष प्रणाली लागु गरिएको छ । यस्ता स्रोतको पुनर्वितरणका कारणले प्रदेशहरूबिच असमानता बढ्ने र अन्ततोगत्वा मुलुकभर विभेद फैलन सक्ने जोखिम बढ्न सक्छ । हासिल गरिएका नयाँ अधिकारहरूले स्थानीय तहमा अपेक्षा बढाइदिएको छ । तथापि यी सबै कुराहरूलाई नेपालका राष्ट्रिय कार्यक्रमहरू, दिगो विकास लक्ष्य तथा अन्य अन्तर्राष्ट्रिय सन्धि सम्झौताप्रतिको प्रतिबद्धतासँग मिलान गर्नु आवश्यक छ ।

९२. सङ्घीय प्रणालीको कार्यान्वयन गर्न तथा आवश्यक पूर्वाधार र संस्थागत संयन्त्र निर्माण गर्न पुनर्संरचना प्रक्रियाको प्रारम्भिक चरणमा बजेटको आकार अझ बढ्न गएको छ । आर्थिक वर्ष २०७४/७५ मा बजेट घाटा देखिएझैँ वार्षिक खर्च अत्यधिक वृद्धि हुने जोखिम छ । मध्यावधिमा उत्तरदायित्वको विकेन्द्रीकरणका कारण वित्तीय जोखिम घट्ने अनुमान गरिएको भए तापनि सङ्क्रमण कालमा वित्तीय जोखिम तथा वित्तीय व्यवस्थापनका मुद्दा बढ्ने खतरा छ । मुलुकले वित्तीय प्रतिवेदन, अनुदानका ससर्तता र किसिम, आयोजनाको लेखा परीक्षण र व्यवस्थापनलगायत थुप्रै विषयहरूमा अझै पर्याप्त जानकारीको अभाव खेपिरहेका अवस्थामा यी विषयहरूको व्यवस्थापन सोझै स्थानीय तथा प्रदेश तहबाट हुनुपर्ने भएकाले पनि यसो हुन गएको हो । सङ्क्रमण कालमा उपयुक्त अनुगमन तथा प्रतिवेदन प्रणालीको स्थापना गर्न र तिनको सुरक्षा प्रबन्ध गरी सेवा प्रवाहलाई निर्वाध रूपले सुनिश्चित गर्न स्थानीय सरकारलाई थप सहयोगको आवश्यकता पर्दछ ।

९३. अन्त्यमा, नतिजामा आधारित वित्तीय प्रणालीमार्फत विक्षेवियोको कार्यान्वयन तथा यसमा सहयोग भइरहेको छ । विक्षेवियोको निकासासँग आबद्ध सूचक र नतिजा तालिकाबाट लिइएका प्रमुख नतिजा सुनिश्चित गर्न सङ्घीय सरकार प्रतिबद्ध छ । यसलाई संयुक्त विक्षेवियो निआसू कार्यढाँचामा परिभाषित गरिएको छ । प्रदेश तथा स्थानीय सरकारहरूको बढ्दो स्वयत्ततासँगै स्थानीय सरकारले पनि यी प्रतिबद्धताहरूलाई आफ्नो शिक्षा योजनामा प्रतिविम्बित गराउनु र निआसू ढाँचामा अनुरूप ती प्रतिबद्धतालाई यथार्थमा रूपान्तरित गर्नुपर्ने छ । यसै गरी सङ्घीय सरकारले विक्षेवियोको संयुक्त वित्तीय व्यवस्थाअन्तर्गत स्वीकृत तौरतरिकाअनुसार स्वतन्त्र

मूल्याङ्कनमार्फत यी नतिजाको सत्यापन गराउनुपर्ने हुन्छ । यसका अतिरिक्त कतिपय अवस्थामा निआसूको लक्ष्य र मापदण्ड अहिलेको सङ्घीय स्वरूपसँग मेल नखाने खालका पनि छन् ।

९४. यस सङ्क्रमणकालीन योजनाको मार्गचित्रको अंशका रूपमा विक्षेवियोका देहायका पक्षहरूमा आवश्यक पुनर्संरचनाका लागि आवश्यक मार्गदर्शन प्रदान गर्न यसको कार्यान्वयन तथा सहयोग संयन्त्र तथा पद्धतिको लेखाजोखा गर्नुपर्ने अपेक्षा गरिएको छ :

- **विक्षेवियो बजेट शीर्षक :** विक्षेवियोको कार्यक्रम बजेट शीर्षकमा संयुक्त वित्तीय साझेदारहरूले प्रदान गर्ने आर्थिक सहायता हाल संयुक्त वित्तीय व्यवस्थामा समावेश गरिएको छ । संयुक्त वित्तीय व्यवस्थामा भएको यस सर्तलाई नयाँ सङ्घीय बजेट संरचनाको सन्दर्भमा पुनरावलोकन गर्नु आवश्यक छ । अर्थ मन्त्रालयले नयाँ लेखा प्रणालीको विकास गरेको छ र यो प्रणाली आर्थिक वर्ष २०७५/७६ मा कार्यान्वयनमा ल्याइने अपेक्षा गरिएको छ ।
- **वित्तीय प्रतिवेदन :** संयुक्त वित्तीय व्यवस्थाको विद्यमान व्यवस्थाअनुसार विक्षेवियो कार्यक्रमको आर्थिक विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम नगदका आधारमा तयार पारिने छ । विक्षेवियो कार्यक्रमको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयले गर्ने छ । लेखा परीक्षकले सबै स्रोतबाट प्राप्त रकमको खर्च स्वीकृत मापदण्ड अनुसार भएको छ छैन, सोको समीक्षा गर्छन् । यसअन्तर्गत विक्षेवियो कार्यक्रमलाई सघाउ पुग्ने शिविप्रमंका क्रियाकलापहरूमा भएका गरेका सबै खर्चहरू पर्दछन् । प्रत्येक आर्थिक वर्ष समाप्त भएको नौ महिनाभित्र संयुक्त वित्तीय साझेदारहरूलाई विक्षेवियो कार्यक्रमको आर्थिक विवरण तथा संयुक्त वित्तीय साझेदारहरूको सरोकार सहित लेखापरीक्षण प्रतिवेदन पेस गरिन्छ । नयाँ सङ्घीय वित्तीय प्रतिवेदनको संरचनाअनुरूप संयुक्त वित्तीय व्यवस्थामा भएका यी सर्तहरूको पुनरावलोकन हुनु आवश्यक छ ।
- **खरिद प्रक्रिया तथा वित्तीय व्यवस्थापन अनुगमन संयन्त्र :** विक्षेवियो कार्यक्रमको वित्तीय व्यवस्थापन सुदृढीकरणका प्रमुख रणनीतिहरू देहायअनुसार छन्: (१) शिविप्रमंले साबिकमा अवलम्बन गर्दै आएको म्यानुअल पद्धतिको स्तरोन्नति गर्दै मलेनिकाको विद्युतीय सरकारी लेखा प्रणालीको कार्यान्वयन गर्ने (२) विक्षेवियो कार्यक्रमका क्रियाकलापहरू स्पष्ट रूपले प्रतिविम्बित हुने गरी बजेट कोडको पुनर्वर्गीकरण गर्ने (३) शिविप्रमंमा वित्तीय व्यवस्थापन तथा सुपरिवेक्षण एकाइको स्थापना र जिल्ला शिक्षा कार्यालयहरूमा पर्याप्त मात्रामा वित्तीय व्यवस्थापन तथा खरिदसम्बन्धी कर्मचारीहरूको नियुक्ति तथा पदस्थापन गर्ने (४) वार्षिक वित्तीय पुनरावलोकन गर्ने ।

## खण्ड पाँचः विक्षेवियो सङ्क्रमणकालीन मार्गचित्र

९५. संयुक्त समीक्षा बैठक २०७४ (संसबै बजेट समीक्षा बैठक २०७५ र २०७६ तथा विक्षेवियो मध्यावधिक मूल्याङ्कनमा सहमत गरिएका क्रियाकलापअनुरूप यो दस्तावेजको मस्यौदा गरिएको हो । सङ्क्रमणकालीन योजनासँगै सरकारले एउटा संस्थागत क्षमता पहिचान कार्यका साथै संस्थागत क्षमता विकास योजना निर्माणको प्रक्रियामा रहेको छ । यसका आधारमा शिक्षा क्षेत्रको सङ्घीय संरचनालाई समायोजन गर्न विक्षेवियोको संस्थागत व्यवस्थापनमा सुधार तथा पुनर्संरचना गर्न थप सहजीकरण गर्नका लागि देहायका कुरामा जोड दिइएको छः (अ) कानुनी सङ्क्रमण, (आ) संस्थागत सङ्क्रमण (इ) नेपालको शिक्षा क्षेत्रभित्रको कार्यक्रमिक सङ्क्रमण ।

९६. यस स्थिति पत्रले विक्षेवियोका लागि तपसिलबमोजिमको एउटा मार्गचित्रको विकासको थालनी गरेको छ । यस दस्तावेजलाई विक्षेवियो संयुक्त वित्तीय साझेदारबिच साझा गरी छलफलमा ल्याइने छ । छलफल तथा परामर्शका आधारमा यसलाई अद्यावधिक गरिने छ । यसका लागि समग्र कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयनका उपाय र निआसूका लक्ष्यमा सहमत भएका नतिजा हासिल गर्न र सत्यापन गर्नका लागि प्रणालीगत क्षमतामा जोड दिइने छ । विक्षेवियोका विषय क्षेत्रगत कार्य समूहहरूलाई आफू सम्बन्धित नतिजा क्षेत्रसँग सान्दर्भिक भई मापदण्ड तथा व्यवस्थापनका विषयमा समीक्षा कार्यमा संलग्न गराइने छ ।

९७. विक्षेवियोको कार्यान्वयन व्यवस्थापन तथा सहायता विधिको मूल्याङ्कनका उपलब्धि र सिफारिसका आधारमा यी बन्दोबस्त तथा विक्षेवियोको संयुक्त वित्तीय व्यवस्थामा परिमार्जन गरिने छ । यसैका आधारमा सरकारले विक्षेवियो कार्यक्रमको कार्यान्वयनमा सहयोग गर्न आवश्यकताअनुसार सबै संयुक्त वित्तीय साझेदारहरूसँग विद्यमान द्विपक्षीय सम्झौताहरूको परिमार्जन गर्ने छ ।

| क्रसं | अवयव | क्रियाकलाप | समयरेखा | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| **१.१** | **सङ्घीय संरचनासँग विक्षेवियोको संस्थागत व्यवस्थापनको सम्बन्ध** | मन्त्रालयहरू तथा अन्य मातहतका निकायको आन्तरिक सङ्गठन तथा व्यवस्थापन र साङ्गठनिक पुनर्संरचना | सम्पन्न - मङ्सिर २०७५ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (शिविप्रमं) | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (संमासाप्रमं), अर्थ मन्त्रालय |
| | | विक्षेवियोको कार्यान्वयनका लागि समेत समन्वय तथा सञ्चारका लागि मार्गदर्शनको निर्माण गरी अन्तर मन्त्रालय र स्थानीय सरकारहरूबिचको सञ्चारलाई सहज गराउने | | शिविप्रमं | संमासाप्रमं, अर्थ मन्त्रालय, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय |
| | | शिक्षा सेवा प्रवाहका लागि अन्तर स्थानीय सरकार समन्वयका निमित्त मार्गदर्शनको विकास | | शिविप्रमं | संमासाप्रमं |
| | | दोस्रो अध्यादेश तथा व्यवस्थापन सर्भे सञ्चालन | | शिविप्रमं | विक्षेवियो प्राविधिक सहायता टोली |
| | | लिखित कार्य विवरण तथा कार्य सर्त वितरण गर्ने । साथै, अन्तरिम सङ्क्रमणकालका निमित्त व्यक्तिगत रूपमा शिक्षाका पदाधिकारी तथा सल्लाहकारहरूका लागि कार्य सर्त तयार गर्नका लागि मार्गदर्शनको तयारी तथा वितरण | | शिविप्रमं | संमासाप्रमं |
| १.२ | | सङ्घीय शिक्षा ऐन पारित हुनका लागि संसद्मा पेस गरिएको | साउन २०७६ | शिविप्रमं | कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय |

| | | | | | |
|---|---|---|---|---|---|
| | | अन्तर सरकारी समन्वय ऐन/विधेयक पारित हुनका लागि संसद्मा पेस गरिएको | | संमासाप्रमं | कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय |
| | | आर्थिक कार्यविधि ऐन/विधेयक पारित हुनका लागि संसद्मा पेस गरिएको | | अर्थ मन्त्रालय | कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय |
| १.३ | | शिक्षाको हकसम्बन्धी ऐन पारित | सम्पन्न – असोज २०७५ | शिविप्रमं | कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय |
| १.४ | | प्रदेश र स्थानीय तहका लागि नमुना कानुनको मस्यौदा | सम्पन्न - भदौ २०७५ | संमासाप्रमं | कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय |
| २.१ | **सङ्घीय संरचनाअन्तर्गत भूमिका र उत्तरदायित्वसहित विक्षेवियोको कार्यान्वयन गर्नका लागि सबै तहमा पर्याप्त संस्थागत क्षमता सुनिश्चित गर्ने ।** | सातै प्रदेश र ७५३ ओटै स्थानीय सरकारहरूलाई विक्षेवियो कार्यान्वयन निर्देशिकाको विकास गरी प्रबोधीकरण गर्ने । | सम्पन्न - कात्तिक २०७५<br><br>प्रक्रियामा रहेको - साउन २०७६ | शिमास्रोविके | शिविप्रमं |
| | | कार्यक्रम कार्यान्वयन मार्गदर्शन स्रोत पुस्तकालयको अनलाइन तथा अफलाइन विकास | मङ्सिर २०७६ | | शिविप्रमं, शिमास्रोविके |
| | | स्थानीय सरकारहरूका लागि योजना, अनुगमन प्रतिवेदन तथा मूल्याङ्कनका क्षेत्रमा क्षमता विकास कार्यशाला तथा तालिम | | शिमास्रोविके | शिविप्रमं |
| २.२ | | तलका विषयमा प्रदेश तथा स्थानीय सरकारका लागि एकरूपको मापदण्ड तथा मार्गदर्शनको विकास तथा प्रबोधीकरण:<br>• खरिद प्रक्रियाहरू | निरन्तर | शिमास्रोविके | शिविप्रमं, अर्थ मन्त्रालय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ● अनुदानको व्यवस्थापन<br>● लैङ्गिक समानता तथा सामाजिक समावेशिता परीक्षण सहित आन्तरिक लेखापरीक्षण<br>● विश्वासको व्यवस्थापन सम्बन्धी अन्य क्षेत्रहरू<br>● योजना प्रक्रियामा जनताको सहभागिताका लागि मार्गदर्शनका बुँदा<br>● सर्वसाधारण जनता ( सामान्यका लागि मैत्रीपूर्ण बजेटको व्यवस्थासहति) का लागि नागरिक बडापत्र तथा शिक्षा योजनाको प्रकाशनका लागि मार्गदर्शनका बुँदा<br>● स्थानीय परिप्रेक्ष्यमा राष्ट्रिय योजनालाई अर्थ्याउने, आत्मसात् गर्ने तथा कार्यान्वयनका | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | विषयमा मार्गदर्शन<br>● पुँजीगत लगानी योजनाको विकासका लागि मार्गदर्शन | | | |
| २.३ | | स्थानीय तहहरूमा विक्षेवियो कार्यान्वयनमाथि अभिमुखीकरण तथा सचेतीकरण सम्पन्न गर्ने | सम्पन्न- पुस २०७५ | शिमास्रोविके | शिविप्रमं |
| २.४ | | विद्यालय शिक्षाको काम कर्तव्य तथा संस्थागत क्षमताका हिसाबले विभिन्न तहको वर्तमान भूमिका तथा उत्तरदायित्वको द्रुत मूल्याङ्कन | २७ असार ०७५ | विक्षेवियो प्राविधिक सहायता टोली | शिविप्रमं |
| | | संस्थागत सञ्चार रणनीतिको विकास | | विक्षेवियो प्राविधिक सहायता टोली | |
| २.५ | | परिवर्तित सन्दर्भमा जोखिमको मूल्याङ्कनलगायत विक्षेवियो कार्यक्रमको व्यवस्थापन, वित्तीय प्रवाह, प्रतिवेदनको अवश्यकताको समीक्षा गर्नका लागि एकीकृत जोखिम मूल्याङ्कन कार्य सञ्चालन गर्ने । | पुस २०७६ | शिविप्रमं | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २.६ | | २०७८ का लागि नयाँ शिक्षा क्षेत्र योजनाको तयारीका लागि अवधारणा पत्र तथा अनुमानित समयरेखाको मस्यौदा | मङ्सिर २०७६ | शिविप्रमं | शिमास्रोविके |
| २.७ | | वर्तमान सन्दर्भ, मुद्दा तथा प्राथमिकताहरूलाई पर्याप्त रूपमा प्रतिविम्बन गर्न शिक्षा क्षेत्र विश्लेषण २०७४ लाई अद्यावधिक गर्ने । | मङ्सिर २०७६ | शिविप्रमं | शिमास्रोविके |
| २.८ | | विसं २०७८ र त्यसपछिका लागि समेत विक्षेवियोपश्चात्को शिक्षा क्षेत्र योजना | असोज २०७७ | शिविप्रमं | शिमास्रोविके |
| २.९ | | सङ्क्रमणलाई सहजीकरण गर्न तथा द्विपक्षीय र बहुपक्षीय सम्झौताहरू तथा आवश्यकताका दृष्टिले शिविप्रपं र संयुक्त वित्तीय साझेदारहरूको एउटा सङ्क्रमण टोली बनाउने । | सम्पन्न - भदौ २०७५ | शिविप्रमं | |
| ३.१ | **विक्षेवियोका लागि वित्तीय बाह्य सहयोग सम्झौता र प्रमुख नतिजा क्षेत्रबिचको सम्बन्ध** | सङ्घीय संरचना (उदा. जिल्लादेखि प्रदेश र स्थानीय सरकार) अनुरूप कार्यक्रम नतिजा तालिका र निआसू एकाइ तथा लक्ष्यलाई मिलाउने । | असोज २०७६ | शिविप्रमं | |
| ३.२ | | सङ्क्रमणको फलस्वरूप कार्यक्रमको क्षेत्र/कार्यान्वयन व्यवस्थापन/जोखिमको लेखाजोखामा आएको परिवर्तनका आधारमा | असोज २०७६ | शिविप्रमं | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | विक्षेवियो कार्यक्रमको पुनर्मूल्याङ्कन | | | |
| ३.३ | | संयुक्त वित्तीय सम्झौतासँगै द्विपक्षीय सम्झौताको परिमार्जनको प्रक्रिया थालनी गर्ने । | प्रक्रियामा - मङ्सिर २०७५ | शिविप्रमं | |
| ३.४ | | द्विपक्षीय/बहुपक्षीय सम्झौता र संयुक्त वित्तीय सम्झौताको परिमार्जनलाई अन्तिम रूप दिने । | भदौ २०७६ | शिविप्रमं | |
| ३.५ | | द्विपक्षीय/बहुपक्षीय सम्झौता र संयुक्त वित्तीय सम्झौताको परिमार्जनलाई अन्तिम रूप दिने । | असोज २०७६ | शिविप्रमं | |
| | | | | | |
| ४.१ | **पाठ्यक्रम** | विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रमको प्रबोधीकरण योजना | सम्पन्न - मङ्सिर २०७५ | शिविप्रमं | पाठ्यक्रम विकास केन्द्र |
| | | | | | |
| ४.२ | | कक्षा १-३ को एकीकृत पाठ्यक्रमको विकास | सम्पन्न - पुस २०७५ | पाविके | शिविप्रमं |
| ४.३ | | माध्यमिक तह (कक्षा ११ र १२) का लागि एकलपथ पाठ्यक्रम विकास | साउन २०७६ | पाविके | शिविप्रमं |
| ४.४ | | स्थानीय पाठ्यक्रम विकासका लागि मार्गदर्शनको प्रबोधीकरण तथा प्राविधिक सहायता प्रदान | भदौ २०७६ | पाविके | शिविप्रमं |
| ४.५ | | स्थानीय पाठ्यक्रम विकासका लागि मार्गदर्शनको विकास । स्थानीय सरकार तथा प्रदेश सरकारलाई स्थानीय पाठ्यक्रम विकासमा सहयोग गर्न प्राविधिक सहयताका लागि पाविकेमा एउटा | | पाविके | शिविप्रमं |

| | | | | | |
|---|---|---|---|---|---|
| | | एकाइको स्थापना गर्ने । स्थानीय आवश्यकतालाई आधार मानी शिमास्रोविकेले पाविकेका विज्ञको सहयोगमा क्षमता विकासका लागि कार्यशाला सञ्चालन गर्ने । | | | |
| ५.१ | शैक्षिक व्यवस्थापन सूचना प्रणाली | स्थानीय तहका जिम्मेवार अधिकृतहरूका लागि शैव्यसूप्रका लागि प्रतिवेदन गर्ने तथा स्थानीय तहको योजना प्रक्रियामा शैव्यसूप्रको प्रयोग गर्ने सम्बन्धमा तालिम | भदौ २०७६ | शिमास्रोविके | शिविप्रमं |
| | | शैव्यसूप्रको तथ्याङ्कमा निरन्तर प्रतिवेदनको सुनिश्चितताका लागि वेबमा आधारित पोर्टल र एप्लिकेसनको स्थापना | पहिलो चरण: सम्पन्न पुस २०७५, दोस्रो चरण: भदौ २०७६ | शिमास्रोविके | शिविप्रमं |
| | | शिक्षा क्षेत्रमा तथ्याङ्कमा पहुँच, तथ्याङ्कको सुरक्षा तथा योजनाका लागि तथ्याङ्कको स्पष्टता विषयमा नीति निर्माण | | शिविप्रमं | शिविप्रमं |
| ५.२ | | कक्षा ५, ८ र १० मा सक्षमतामा आधारित नासा सञ्चालन गर्ने । | २०७६ | शैगुपके | शिविप्रमं |
| ६.१ | **परीक्षा तथा मूल्याङ्कन** | स्थानीय तहको आवश्यकताअनुसार स्थानीय तथा प्रदेश तहहरूलाई कक्षा ८ र १० को परीक्षा सञ्चालन गर्न सहयोग प्रदान गर्ने । | २०७६ | रापबो | शिविप्रमं |

| | | | | | |
|---|---|---|---|---|---|
| ६.२ | | विक्षेवियोअन्तर्गत स्थानीय तहहरूलाई विक्षेवियो कार्यक्रम कार्यन्वयन मार्गदर्शनको प्रबोधीकरण गर्न सहयोग गर्ने क्रियाकलापहरूको अभिमुखीकरण | भदौ २०७६ | शिमास्रोविके | शिविप्रमं |
| | | राष्ट्रिय योग्यता प्रारूपको स्वीकृति तथा प्रबोधीकरण | | शैगुपके | शिविप्रमं |
| ७.१ | सार्वजनिक वित्तीय व्यवस्थापन | सबै तहको बजेट भाषण सकिएपछि प्रदेश तथा स्थानीय तहको शिक्षा बजेटलाई सामञ्जस्य गर्ने र पर्याप्त प्रावधान/योजना नभएका स्थानीय सरकारहरूलाई सहयोग गर्ने । | भदौ २०७६ | शिमास्रोविके | शिविप्रमं |
| ७.२ | | विक्षेवियोको नतिजा हासिल गर्नका लागि संयन्त्रको सुदृढीकरण गर्न ससर्त अनुदान विधिको समीक्षा गर्ने । | २०७६ | शिविप्रमं, प्राकृतिक स्रोत तथा वित्त आयोग | संमासाप्रमं |
| ७.३ | | प्रदेश तथा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीसँग आर्थिक प्रतिवेदनका आवश्यकता तथा संयन्त्रलाई स्तरीकृत गर्ने | २०७६ | अर्थ मन्त्रालय | शिविप्रमं |
| ७.४ | | योजना, मध्यमकालीन कार्यान्वयन योजनाको तयारी तथा बजेट निर्माणका निमित्त स्थानीय सरकारहरूको क्षमता विकासका लागि तालिम प्रदान गर्ने | २०७६ | संमासाप्रमं | शिविप्रमं |
| ७.५ | | आन्तरिक लेखापरीक्षण एकाइहरूको स्थापना तथा सबै स्थानीय | २०७६ | महालेखा परीक्षकको कार्यालय | शिविप्रमं |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सरकारका लागि एकै प्रकारको लेखापरीक्षण मार्गदर्शन तथा मापदण्डको प्रबोधीकरण गर्ने । | | | |
| | | शिक्षाका लागि स्थानीय सरकारहरूमा गरिएको आर्थिक विनियोजनको अध्ययन तथा पुनरावलोकन गर्ने । | | शिविप्रमं, अर्थ मन्त्रालय | सार्वजनिक वित्त व्यवस्थापन प्राविधिक सहायता टोली ?? |
| ८.१ | **शिक्षक व्यवस्थापन** | शिक्षकको दरबन्दी मिलान तथा समायोजन योजनाअनुरूप स्थानीय सरकारबिच शिक्षकको दरबन्दी मिलान गर्ने संयन्त्रको टुङ्गो लगाउने | साउन २०७६ | शिविप्रमं | शिक्षक सेवा आयोग |
| | | | | | |

## अनुसूची १: विद्यालय शिक्षासम्बन्धी सबै तहका सरकारका काम कर्तव्यहरू

| सङ्घ | प्रदेश | स्थानीय नगरपालिका |
|---|---|---|
| शैक्षिक संस्थाहरूका लागि राष्ट्रिय मापदण्डको निर्धारण | | विद्यालय नक्साङ्कन, विद्यालयको अनुमति तथा नियमन गर्ने, विद्यालय स्थापना, गाभ्ने र/वा बन्द गर्ने |
| राष्ट्रिय नीति, कानुन, नियम तथा मापदण्डको निर्माण | प्रदेश नीति, कानुन, नियम तथा मापदण्डको निर्माण | प्रारम्भिक बाल शिक्षा, विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक सिकाइ, सामुदायिक सिकाइ, जीवनपर्यन्त सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना बनाउने, कार्यान्वयन र नियमन गर्ने । |
| राष्ट्रिय अनुसन्धान | प्रदेश तहमा अनुसन्धान तथा शिक्षा | विद्यालय शिक्षाको कार्यान्वयन<br>विद्यालयको पूर्वाधारको निर्माण तथा व्यवस्थापन |
| विद्यालय तथ्याङ्कको व्यवस्थापन | प्रदेश तथ्याङ्क तथा अभिलेख सङ्कलन | स्थानीय तथ्याङ्क तथा अभिलेख सङ्कलन |
| जनशक्तिको प्रक्षेपण | प्रदेश तहमा जनशक्तिको प्रक्षेपण<br>माध्यमिक तहका शिक्षकहरूका लागि नियम तथा मापदण्डको निर्धारण तथा व्यवस्थापन | शिक्षक तथा विद्यालय कर्मचारीहरूको व्यवस्थापन |
| विद्यालय शिक्षकको योग्यता तथा क्षमता तथा नियमको स्तरीकरण | प्रदेश तहमा विद्यालय शिक्षकको योग्यता तथा क्षमता तथा नियमको स्तरीकरण | विद्यालय शिक्षाको समन्वन तथा नियमन |
| मूल विषयहरूमा राष्ट्रिय पाठ्यक्रमको तयारी तथा नियमन<br>स्थानीय तहका लागि नमुना पाठ्यक्रमको निर्माण | विद्यालय तहको पाठ्यक्रमको तयारी तथा उत्पादन | पाठ्यक्रमको वितरण तथा कार्यान्वयन |
| नमुना पाठ्यपुस्तकको तयारी तथा नियमन | पाठ्यपुस्तकको तयारी तथा उत्पादन | पाठ्यपुस्तक वितरण |
| परीक्षाको व्यवस्थापन (कक्षा १२) | परीक्षाको व्यवस्थापन (कक्षा १०, एसईई) | परीक्षाको व्यवस्थापन (कक्षा ८) तथा अन्य प्राज्ञिक मूल्याङ्कन |

| | | |
|---|---|---|
| छात्रवृत्ति तथा भत्तासम्बन्धी मापदण्डको निर्धारण | | छात्रवृत्तिको व्यवस्थापन तथा वितरण |
| विकास साझेदारहरूसँग समन्वय | | |
| राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वयम्सेवकहरूको परिचालन | | |

## अनुसूची २ः विक्षेवियो पुनर्संरचना समितिको कार्य विवरण

विक्षेवियो २०७३ सालमा स्वीकृत गरिएको एउटा सातवर्षे योजना हो । यो कार्यक्रम विगत दुई वर्षदेखि कार्यान्वयनमा आइरहेको छ । विक्षेवियो एउटा पूर्ण रूपमा बजेटको व्यवस्था गरिएको योजना हो र यसमा पाँच वर्ष (२०७३-२०७८) का लागि लगानी सुनिश्चित गरिएको छ । विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२ का अवधिमा पहुँचमा भएको प्रगतिको जगमा विक्षेवियोले नेपालका सबै बालबालिकाहरूको गुणस्तरीय शिक्षामा अभिवृद्धि गर्ने लक्ष्य लिएको छ । वैशाख २०७६ मा विक्षेवियोको आधा अवधि सकिन्छ । यसपछि विक्षेवियो आफ्नो लक्ष्य हासिल गर्न सही दिशामा छ भनी सुनिश्चित हुन यसको समीक्षा हुन तथा आवश्यकताअनुसार यसमा परिमार्जन तथा समायोजन हुन आवश्यक छ ।

यसका साथै, २०७२ असोजमा संविधान जारी भएसँगै मुलुकमा सङ्घीयता कार्यान्वयनमा आयो । यसअघि विक्षेवियोको परिकल्पना गरी यसको मस्यौदा भइसकेको थियो । यसमा भनिएको छ "योजनाको अर्को प्रमुख जोड स्थानीय तहमा प्रशासन तथा व्यवस्थापनको निक्षेपण गर्नु हो" (नेपाल सरकार २०७३, पृ १६) । संविधानमा भएको परिवर्तनलाई आत्मसात् गर्दै २०७५ सालमा सङ्घीय संरचनालाई अझै विस्तृत रूपमा स्पष्ट पारिँदै छ । २०७४ सालको स्थानीय तथा राष्ट्रिय निर्वाचनअनुसार विभिन्न शृङ्खलामा प्रशासन तथा व्यवस्थापन संरचनाहरूको परिमार्जन गरिए र यिनीहरूलाई संविधानको भावनाअनुरूप ढालिए । नयाँ संरचनाभित्र विभिन्न सङ्गठन तथा व्यवस्थापन सर्भे गर्ने कुरा पनि संलग्न भए, जसमा प्रत्येक शैक्षिक व्यवस्थापन संरचनाको क्षमता, कार्य स्तर तथा रोजगारीका आवश्यकताहरूको मूल्याङ्कन गरिए । सङ्गठन तथा व्यवस्थापन सर्भेहरूले कुनै कार्यालय गाभ्ने कुनै सार्ने सिफारिस गरे । शैक्षिक एकाइहरूको तत्कालै परिमार्जन गरिएको नयाँ जिम्मेवारी तथा योजनाको वैधता तथा उपलब्धि समेत सुनिश्चित गर्न विक्षेवियो र यसका निआसू (DLI) हरू नयाँ सङ्घीय संरचनासँग तादात्म्य होऊन् भनी सुनिश्चत गर्न एउटा बृहत् समीक्षा सम्पन्न गर्नु अनिवार्य थियो ।

यो समीक्षा गर्नका लागि साउन २०७५ मा एउटा पुनर्संरचना समितिको गठन गरियो । पुनर्संरचना समितिको नेतृत्व शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सह सचिवले गरेका थिए भने यसमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र र पाठ्यक्रम विकास केन्द्रका प्रतिनिधिहरूको सक्रिय सहभागिता थियो ।

**उद्देश्यहरू**

राष्ट्रिय विक्षेवियो तथा यसका निआसू कत्तिको सान्दर्भिक छन् र नयाँ सङ्घीय संरचनासँग कत्तिको तादात्म्य राख्छन् भनी सुनिश्चित गर्नु समितिको उद्देश्य हो ।

यसैले, विद्यमान विक्षेवियोको गम्भीर समीक्षा गर्नुका साथै समितिका सदस्य तथा विज्ञहरूले गरेका विश्लेषण तथा सिफारिसका आधारमा आवश्यकताअनुसार पुनर्संरचनाका लागि सम्बन्धित क्रियाकलापहरूको व्यवस्थापन गर्ने कार्यमा समिति जिम्मेवार हुने छ । विक्षेवियोको समीक्षा तथा पुनर्संरचना कार्य सम्पन्न भएपछि २०७६-२०८० का लागि परिमार्जित विक्षेवियो कार्यान्वयनमा जानुअघि स्वीकृतिका लागि विक्षेवियो निर्देशक समितिमा प्रस्तुत गर्नुपर्छ ।

**कामको क्षेत्र**

यी उद्देश्यहरूलाई ध्यानमा राखी पुनर्संरचना समितिले देहायबमोजिमका पाँच प्रमुख कार्यहरू गर्ने छ ।

१. तलका बुँदासहित विक्षेवियोको समीक्षा गर्ने:

- निकासासँग आवद्ध सूचकहरू (निआसू)
- क्रियाकलापहरू
- कार्यान्वयन विधि
- समयरेखा

२. विक्षेवियोको सङ्क्रमणकालीन व्यवस्थापन योजनाको अन्तिमीकरण गर्ने

३. तलका बुँदा सहित विक्षेवियोको पुनर्संरचना गर्ने:

- निआसू
- क्रियाकलापहरू
- कार्यान्वयन विधि
- समयरेखा

४. आवश्यकताअनुसार विज्ञहरूसँग परामर्श सेवा लिने

५. विकास साझेदारहरूको सहमति लिई अन्तिम मस्यौदा विक्षेवियो निर्देशक समितिमा स्वीकृतिका लागि पेस गर्ने

**समितिका सदस्यहरू**

श्री वैकुण्ठप्रसाद अर्याल, सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - अध्यक्ष

श्री बाबुराम पौडेल, महानिर्देशक, शिक्षा विभाग - सदस्य

श्री दीपक शर्मा, निर्देशक, शिक्षा विभाग - सदस्य

श्री टेकनारायण पाण्डे, कार्यकारी निर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र- सदस्य

श्री कृष्ण काप्री, कार्यकारी निर्देशक, पाठ्यक्रम विकास केन्द्र- सदस्य

श्री जय आचार्य, उपसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय- सदस्य

डा. मुकुन्द खनाल, उपसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय- सदस्य

श्री मुकुन्दकेशरी पोखरेल, उपसचिव (लेखा), शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय- सदस्य

श्री घनश्याम अर्याल, उपनिर्देशक, शिक्षा विभाग - सदस्य

श्री ध्रुवराज रेग्मी, उपसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय- सदस्य सचिव

**अनुसूची ३: शिक्षा तथा मानव स्रोत विकास केन्द्रका काम कर्तव्यहरू**

- राष्ट्रिय प्रतिबद्धता तथा बाह्य विकास साझेदारहरूसँग गरिएका द्विपक्षीय/बहुपक्षीय सम्झौताबमोजिम विद्यालय शिक्षा क्षेत्रका योजना तथा कार्यक्रमको कार्यान्वयन गर्ने ।
- विक्षेवियो कार्यक्रम तथा रणनीतिको विकास तथा कार्यान्वय गर्ने, जस्तैः विद्यालय स्वागत अभियान, राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम, नमुना विद्यालय, छात्रवृत्ति कार्यक्रम, विद्यालय पोषण कार्यक्रम आदि ।
- विद्यालय शिक्षा क्षेत्रको जनशक्ति योजनाको विकास गर्ने तथा भौतिक सुविधा तथा स्रोतहरूको व्यवस्थापनका लागि योजना तथा तालिम गर्ने ।
- विद्यालय शिक्षाको गुणस्तरमा सुधारका लागि अनुसन्धान गर्ने तथा आवश्यकतामा आधारित योजना तथा कार्यान्वयन गर्न आवश्यक सूचना प्रदान गर्नका लागि प्रवर्तनात्मक कार्यक्रमको परीक्षण गर्ने ।
- विद्यालय शिक्षाको गुणस्तरको राष्ट्रिय मापदण्ड स्थापना गर्ने र अनुगमन गर्ने ।
- नेपालको विद्यालय शिक्षाको क्षेत्रको शैव्यसूप्र व्यवस्थित गर्ने ।
- प्रारम्भिक बाल शिक्षा र विकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा तथा प्राविधिक तथा व्यावसायिक शिक्षाका साथै शैक्षिक संस्थाहरूको स्थापन र सञ्चालनका सम्बन्धमा नीति तथा मापदण्डको समन्वय र सुनिश्चितता गर्ने ।
- विद्यालय शिक्षामा सञ्चार प्रविधिको प्रयोगका लागि आवश्यक साधन तथा स्रोतको व्यवस्था तथा सहजीकरण गर्ने ।
- शिक्षकको पेसागत विकासको व्यवस्थापन तथा विकासका लागि मापदण्डको निर्धारण गर्ने ।
- बृहत् विद्यालय सुरक्षा गुरुयोजनाको कार्यान्वयन तथा विद्यालय सुरक्षा तथा विपत् न्यूनीकरणको अनुगमन गर्ने ।
- मूलधारका परम्परागत शिक्षा (गुरुकुल, गुम्बा, मद्रसा आदि), वैकल्पिक शिक्षा, खुला शिक्षाको व्यवस्थापन गर्न मापदण्डको विकास तथा कार्यान्वयन गर्ने र नियमित तालिमको सहजीकरण तथा सञ्चालन गर्ने ।
- शिक्षाको उपलब्धिमा आएको विचलनलाई न्यूनीकरण गर्न लक्षित कार्यक्रमलगायत विद्यालय शिक्षा क्षेत्रको सुदृढ समता रणनीतिको कार्यान्वयन गर्ने ।
- विशेष आवश्यकता तथा समावेशी शिक्षा गुरुयोजनाको कार्यान्वयन गर्ने ।
- ग्रामीण/खुला तालिम कार्यक्रमहरूको समन्वय तथा कार्यान्वयनका लागि श्रव्य तथा श्रव्यदृश्य सामग्रीको विकास तथा प्रसारण गर्ने ।
- सक्षमता, योग्यता तथा समकक्षताका राष्ट्रिय प्रारूपहरूको विकास गर्ने ।
- सेवामा आधारित शिक्षक तालिमको पाठ्यक्रमको ढाँचा निर्माण गरी स्वीकृत गर्ने, कोर्स तथा स्रोत सामग्रीको विकास गर्ने, प्रशिक्षकहरू तयार गर्ने, मापदण्डको विकास गर्ने, तालिमको प्रमाणीकरण गर्ने र गुणस्तरको सुनिश्चितता गर्ने ।
- शिक्षक तथा शिक्षा प्रशासकलगायत जनशक्तिको क्षमता विकास गर्ने, प्रमाण पत्र जारी गर्ने, मापदण्डको विकास गर्ने र तालिम कार्यक्रम निर्माण गर्ने ।

**अनुसूची ४: प्रदेश शिक्षा विकास निर्देशनालयका काम कर्तव्यहरू**

- शिक्षाका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय प्राथमिकताहरूको कार्यान्वयन गर्ने ।

- दिगो विकास लक्ष्य, विक्षेवियो, प्रारम्भिक कक्षा पढाइ कार्यक्रम, शिक्षाका लागि खाद्य कार्यक्रम तथा अन्य आयोजनाहरूको प्रतिवेदनको तयारी गर्ने ।
- प्रदेशस्तरीय उच्च शिक्षा नीति, कानुन र प्रशासनको अनुगमन गर्न विज्ञान तथा प्रविधि मन्त्रालयसँग समन्वय गर्ने ।
- विज्ञान तथा प्रविधिसम्बन्धी अनुसन्धान र प्रवर्तनको कार्यान्वयन र व्यवस्थापन गर्ने तथा विद्यालय शिक्षा र उच्च शिक्षामा विज्ञान र प्रविधिको प्रवर्धन र व्यवस्थापन गर्ने ।
- प्रदेशस्तरीय विश्वविद्यालयहरूको स्थपना गर्न सहजीकरण गर्ने तथा तिनको सञ्चालन र अनुगमन गर्ने ।
- शैक्षिक परामर्शदाताका सम्बन्धमा मापदण्ड निर्धारण गर्ने, स्वीकृत गर्ने र तिनको अनुगमन गर्ने ।
- प्रदेश तहमा उच्च शिक्षाका लागि राष्ट्रिय छात्रवृत्तिको व्यवस्था गर्ने ।
- प्रदेशस्तरीय शिक्षा नीति तथा कानुन बनाउन प्रदेश मन्त्रालयलाई सहजीकरण गर्ने तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।
- गुणस्तरीय शिक्षाको मापदण्ड निर्धारण तथा प्रदेश तहको अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- प्रदेश पुस्तकालय तथा सङ्ग्रहालयहरूको स्थापना तथा तिनको व्यवस्थापनमा सहजीकरण गर्ने तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।
- प्रदेश तहमा जनशक्तिको प्रक्षेपण तथा व्यवस्थापन गर्ने ।
- प्रदेश तहमा शिक्षकको सेवा, सर्त, योग्यता, सक्षमताको मापदण्ड निर्धारण गर्ने तथा तिनको अनुगमन गर्ने
- शिक्षकहरूको निवृत्तिभरण, बिमा, औषधीउपचार, सन्तति वृत्ति तथा छोराछोरीका लागि शैक्षिक भत्ताको व्यवस्थापन गर्ने ।
- शिक्षकहरूको वार्षिक तलबी विवरण पारित गर्न सहजीकरण गर्ने ।
- शिक्षकहरूको सम्पत्ति विवरणको अभिलेख व्यवस्थापन गर्ने ।
- कर्मचारी, प्राविधिज्ञ तथा शिक्षकहरूको क्षमता विकास र सेवाकालीन तालिमका लागि नीतिगत मार्गदर्शन प्रदान गर्ने ।
- विद्यालय तहका पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूको विकास, उत्पादन र प्रकाशन गर्ने ।
- सामुदायिक तथा संस्थागत दुवै प्रकारका विद्यालयमा प्रयोग हुने थप सिकाइ सामग्रीहरूको स्वीकृति दिने ।
- प्रदेश तहमा पाठ्यक्रमको कार्यान्वयनको अनुगमन, सुपरिवेक्षण तथा सहजीकरण गर्ने ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको नीति तथा मापदण्ड निर्धारण गर्न प्रदेश मन्त्रालयलाई सहजीकरण गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम छात्रवृत्तिको अनुगमन गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका सम्बन्धमा प्रदेश नीति, पाठ्यक्रम तथा सिकाइ सामग्रीको स्वीकृतिका लागि प्रदेश मन्त्रालयलाई सहजीकरण गर्ने ।
- प्रदेश तहमा शैक्षिक सूचनाहरूको सङ्कलन, विश्लेषण तथा प्रकाशन गर्ने ।
- विभिन्न शैक्षिक मुद्दाहरूमा प्राज्ञिक तथा कार्यमूलक अनुसन्धान गर्ने र अनुसन्धानका प्राप्तिबाट प्रमाणमा आधारित निर्णय गर्ने ।
- प्रदेश तह र उच्च अदालतका निर्णय तथा आदेशको कार्यान्वयन गर्ने ।
- निजामती विद्यालयको व्यवस्थापन गर्ने ।

- सेना, सशस्त्र प्रहरी तथा प्रहरी विद्यालयहरूमा पाठ्यक्रम कार्यान्वयनको अनुगमन गर्ने ।
- अनौपचारिक शिक्षाको प्रमाणीकरण, विद्यालयहरूको कार्यसम्पादन परीक्षण र राष्ट्रिय मूल्याङ्कन प्रणालीको व्यवस्थापन तथा समन्वय गर्ने ।
- साक्षरतासम्बन्धी कार्यक्रमहरूको कार्यान्वयन गर्ने तथा अन्तर्राष्ट्रिय र राष्ट्रिय मापदण्ड पुरा गर्ने जिल्ला तथा प्रदेशहरूलाई साक्षर घोषणा गर्ने ।
- स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य ऐन कानुनले गर्नु भनी तोकेका थप कार्यहरूको कार्यान्वयन गर्ने

**अनुसूची ५: प्रदेश तहको शैक्षिक तालिम केन्द्रका काम कर्तव्यहरू**

प्रदेश तहको सामाजिक विकास मन्त्रालयअन्तर्गत एउटा शिक्षक तालिम केन्द्र रहने छ । यसका काम कर्तव्य देहायबमोविम छन्:

- राष्ट्रिय पाठ्यक्रम प्रारूप तथा राष्ट्रिय गुणस्तरका मापदण्डका आधारमा कर्मचारी तथा शिक्षकहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- पाठ्यक्रम कार्यान्वयनको अनुसन्धान तथा अनुगमन गर्ने ।
- सिकाइ सामग्रीहरू तथा पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन लागि तालिमहरू सञ्चालन गर्ने ।
- प्रदेश तथा स्थानीय सरकारका लागि समन्वय, क्षमता विकास र प्राविधिक सहयोग गर्ने ।
- राष्ट्रिय पाठ्यक्रम तथा जनशक्ति विकासमा विशेष जोड दिई राष्ट्रिय शिक्षा नीतिको कार्यान्वयन गर्ने ।
- शैक्षिक तालिमसँग सम्बन्धित कार्यहरूको स्वीकृति, प्राविधिक सहयोग, समन्वय तथा अनुगमन गर्ने ।
- शिक्षक विकासका मापदण्ड निर्धारण गर्ने र कार्यान्वयन गर्ने ।
- सिकाइ सामग्रीहरू, तालिम पाठ्यक्रम तथा अतिरिक्त क्रियाकलापका सामग्रीहरूको सूचीको विकास गर्ने तथा स्वीकृत गर्ने ।
- शिक्षक तालिमको मान्यता तथा प्रमाणीकरण गर्ने ।
- मन्त्रालयहरूले तोकेका अन्य कार्यहरू गर्ने ।

**अनुसूची ६: शिक्षा विकास तथा समन्वय एकाइका काम कर्तव्यहरू**

- शिक्षासँग सम्बन्धित सङ्घीय कानुन, नीति, मार्गदर्शन तथा कार्यक्रमहरूको प्रगति तथा कार्यान्वयन बारे अनुगमन प्रतिवेदनहरू तयार गर्ने ।
- जिल्ला तहमा विक्षेवियोको कार्यान्वयन गर्ने, दिगो विकास लक्ष्यका सूचकहरूको उपलब्धिलगायत जिल्लास्तरीय कार्यान्वयनको प्रतिवेदन तयार गरी पेस गर्ने ।
- समग्र शिक्षा प्रणाली, भौतिक स्रोत साधनको पर्याप्तता, जनशक्तिको व्यवस्थापन, संस्थागत क्षमता तथा विद्यमान नियम कानुन, मापदण्ड, मार्गदर्शन, शैक्षिक समता सूचाकाङ्क, योजनाको प्रयोजन तथा सूचकका अधीनमा रही जिल्लाभित्रका विद्यालयका कार्य प्रगतिका सम्बन्धमा स्थानीय, प्रदेश तथा सङ्घ तहमा पृष्ठपोषण प्रदान गर्ने ।
- राष्ट्रिय पाठ्यक्रम प्रारूप र पाठ्यपुस्तकको प्रबोधीकरण, अनुगमन तथा प्रतिवेदन गर्ने ।
- स्थानीय कोर्सको निर्माण, शिक्षकले गर्ने कार्यमूलक अनुसन्धान, मातृभाषामा शिक्षा, विशेष/एकीकृत/समावेशी विद्यालय, द्वैभाषिक शिक्षा, बहुकक्षा बहुस्तर शिक्षा जस्ता विषयहरूको प्रवर्धन र सहजीकरण गर्ने ।

- कक्षा १० र १२ को परीक्षा दर्तासम्बन्धी कार्य गर्ने, परीक्षाको आवेदन फाराम सङ्कलन गर्ने, परीक्षाको व्यवस्था तथा उत्तरपुस्तिका परीक्षण/मूल्याङ्कन गर्ने ।
- जिल्लागत रूपमा विद्यालयस्तरीय तथ्याङ्क सङ्कलन तथा प्रतिवेदनसम्बन्धी कार्य गर्ने ।
- विगतको जिल्ला शिक्षक छनोट समितिका निर्णयको प्रतिलिपि, बैठक पुस्तिका, कक्षा ८ र १० तथा एसएलसीको मार्क लेजर तथा अभिलेखको संरक्षण, प्रमाणीकरण गरी प्रदान गर्ने ।
- स्थानीय तहले गरेका काम, जस्तैः शिक्षकहरूको व्यक्तिगत विवरण, विद्यालय अनुमति, विद्यालय भवनका अभिलेख सम्बन्धित स्थानीय तहहरूमा हस्तान्तरण गर्ने र सोको अभिलेख राख्ने ।
- स्थानीय सरकारबाट आवश्यकताका आधारमा तयार पारिने गाउँ शिक्षा योजना तथा नगर शिक्षा योजनामा प्राविधिक सहजीकरण गर्ने ।
- समकालीन शैक्षिक मुद्दाहरू पहिचान गर्ने र तिनको सुधारका लागि सम्बोधन गर्न सम्बन्धित अधिकारीसमक्ष प्रस्तुत गर्ने ।
- विद्यालय सुधार योजना बनाउन विद्यालयहरूको मागका आधारमा विज्ञहरूको सूची बनाई प्राविधिक सहयोग उपलब्ध गराउने ।
- सामाजिक परीक्षण गराउन विद्यालयहरूको मागका आधारमा विज्ञहरूको सूची बनाई प्राविधिक सहयोग उपलब्ध गराउने ।
- नमुना विद्यालयहरूको विकास तथा विद्यालयमा नमुना शिक्षण गर्ने प्रयोजनका लागि र जिल्लाभर एकै प्रकारको न्यूनतम शैक्षिक स्तर तथा गुणस्तर कायम राख्नका लागि विभिन्न स्थानीय सरकारहरूसँग नियमित सम्पर्क, सरसल्लाह र आवश्यक समन्वय र अन्तरक्रिया गर्ने ।
- शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षक तालिम, शिक्षकद्वारा गरिने अनुसन्धान र अन्य प्रवर्तनात्मक काम, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र समावेशी शिक्षाका लागि आवश्यक तालिमका काममा समन्वय गर्ने ।
- जिल्लाभित्रका विद्यालय, प्राविधिक शिक्षा तथा शिशु विकास केन्द्रसम्बन्धी संस्थाहरूको अभिलेख तयार पारी प्रदेश र सङ्घमा पठाउने ।
- शिक्षाको गुणस्तर अभिवृद्धिका लागि समय समयमा स्रोत व्यक्ति, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र शिक्षक अभिभावक सङ्घका अध्यक्षको बैठक तथा अन्तरक्रियात्मक गोष्ठी सञ्चालन गर्ने ।
- स्थानीय सरकारबाट माग भइआएबमोजिम समय समयमा विद्यालयहरूमा भइरहेको पठन पाठनको निरीक्षण गर्ने ।
- शिक्षक नियुक्ति, बढुवा र पदस्थापनासम्बन्धी शिक्षक सेवा आयोगबाट तोकिए वमोजिमका निर्देशित वा प्रत्यायोजित कार्यहरू गर्ने ।
- राष्ट्रिय परीक्षा बोर्डबाट तोकिएबमोजिमका निर्देशित वा प्रत्यायोजित कार्यहरू गर्ने गराउने ।
- सङ्घ र प्रदेश सरकारले तोकेका अन्य कार्यहरू गर्ने ।

**अनुसूची ७: विनियोजन विधेयकको दफा ४**

१) अनुदान सङ्ख्या ७०१ को रकम कानुनबमोजिम प्रदेशले खर्च गर्न पाउने गरी अनुदानका रूपमा प्रदेश सञ्चित कोषमा हस्तान्तरण गरिने छ।

२) अनुदान सङ्ख्या ८०१ को रकम कानुनबमोजिम स्थानीय तहले खर्च गर्न पाउने गरी अनुदानका रूपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिने छ।

३) उपदफा (१) र (२) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाइले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले सम्बिन्धत सञ्चित कोषमा प्रत्येक वर्षको भाद्र २ गते, कार्तिक २ गते, माघ २ गते र वैशाख २ गते गरी चार किस्तामा दाखिल गर्ने छ।

४) उपदफा (३) मा जनसुकै कुरा लेखिएको भए तापनि मुलुकमा विपत् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरूप राजस्व सङ्कलन हुन नसकेमा नेपाल सरकारले उपदफा (३) बमोजिमको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो बापतको रकम सङ्कलित राजस्वको अनुपातअनुसार पुनः निधार्रण गरी नेपाल सरकारले निर्धारण गरेको समयमा महालेखा नियन्त्रक कार्यालयले सम्बिन्धत सञ्चित कोषमा दाखिल गर्ने छ।

५) उपदफा ३ बमोजिम वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण प्रदेश तथा स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्तिक १ गते, माघ १ गते, वैशाख १ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र तथा उपदफा (४) बमोजिम नेपाल सरकारबाट किस्ता निर्धारण भएको अवस्थामा नेपाल सरकारले निर्धारण गरेको समयमा खर्च भएको रकमको विवरण बुझाउनुपर्ने छ।

६) उपदफा (५) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदानबापतको बाँकी रकम सम्बन्धित सञ्चित कोषमा दाखिल गरिने छैन।

७) उपदफा (१) र (२) बमोजिमको अनुदान रकममध्ये ससर्त अनुदान रकमको एक तिहाइले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित सञ्चित कोषमा प्रत्येक वर्षको भाद्र २ गते दाखिल गर्ने छ।

८) प्रदेश तथा स्थानीय तहले ससर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमका लागि प्राप्त भएको हो, सोही योजना वा कार्यक्रमका लागि मात्र खर्च गर्ने गरी कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमानसहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित सभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनुपर्ने छ।

(९) उपदफा (८) बमोजिमको कार्ययोजनाबमोजिम खर्च भएको रकमको विवरण प्रदेश वा स्थानीय तहले प्रत्येक आर्थिक वर्षको मङ्सिर १५ गते, चैत १५ गते, असार २५ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनुपर्ने छ।

(१०) उपदफा (९) बमोजिमको खर्चको विवरणका आधारमा महालेखा नियन्त्रक कार्यालयले उपदफा (७) बमोजिम प्रदेश वा स्थानीय तहमा हस्तान्तरण भएको ससर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम सोधभर्ना निकासा दिनुपर्ने छ ।

११) नेपाल सरकारले स्वीकृत गरेको कार्यविधिबमोजिम महालेखा नियन्त्रक कार्यालयले प्रदेश वा स्थानीय तहलाई समपूरक र विशेष अनुदान रकम हस्तान्तरण गनुपर्ने छ।

(१२) ससर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत आगामी आर्थिक वर्षको असोज मसान्तभित्र सङ्घीय सञ्चित कोषमा दाीखल गर्नुपर्ने छ।

(१३) उपदफा (१२) बमोजिम बचत रकम फिर्ता दाखिल नभएमा महालेखा नियन्त्रक कार्यालयले अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्ने छ ।

**अनुसूची ८ वर्ष ३ जिम्मेवार निकायहरू**

| **वर्ष ३ - निआसूहरू** | **जिम्मेवार निकाय** | | |
|---|---|---|---|
| | **सङ्घीय** | **प्रादेशिक** | **स्थानीय** |
| **निआसू १:**<br><br>१.३ राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका न्यूनतम प्याकेज २० जिल्लाका सबै सामुदायिक विद्यालयहरूमा लागु (इयु - २ मिलियन युरो)<br><br>**उपलब्धिको परिभाषाः**<br><br>छानिएका जिल्लाका सबै सामुदायिक विद्यालयहरू (२० जिल्लामा १.३, २९ जिल्लामा १.४ र ३८ जिल्लाामा १.५) मा उपयुक्त कक्षा तथा आवृत्तिमा तोकिएको सङ्ख्या तथा किसिमका शिक्षक तथा कर्मचारीसहित स्वीकृत प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका न्यूनतम प्याकेजको कार्यान्वयन भएको हुने । | **शिविप्रमं:**<br><br>प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका न्यूनतम प्याकेजको स्वीकृति<br><br>सम्बन्धित निकायहरूबिच निआसूको प्रतिवेदन र सत्यापनका लागि समन्वय<br><br>**शिमास्रोविके:**<br><br>राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका न्यूनतम प्याकेजको समन्वय<br><br>न्यूनतम प्याकेज खरिद गर्नका लागि स्थानीय सरकारलाई रकम उपलब्ध गराउने । | **प्रशिविनि:**<br><br>न्यूनतम प्याकेजको कार्यान्वयनको अनुगमन तथा प्रतिवेदन .<br><br>**शैताके:**<br><br>-शिक्षक तालिम सञ्चालन | स्थानीय तहमा विद्यालयहरूको छनोट भइसकेको<br><br>**स्थानीय सरकार:**<br><br>विद्यालयहरूमा निकासा गर्नका लागि स्थानीय सरकारहरूलाई सङ्घीय सरकारबाट बजेट उपलब्ध गरिने । सङ्घीय सरकारबाट विद्यालयमा प्राप्त रकमबाट न्यूनतम प्याकेज खरिद गरिने ।<br><br>**शिक्षा विकास तथा समन्वय एकाइ: (शिविसए)**<br><br>प्रशिनिको निर्देशनअनुसार विद्यालयहरूका न्यूततम प्याकेजको कार्यान्वयका लागि |

| | | | |
|---|---|---|---|
| | विद्यालयबाट न्यूनतम प्याकेजको कार्यान्वयनसँग सम्बन्धित कुरामा सूचना प्राप्त गर्न स्तरीय खाका तयार गर्ने । | | शिविसएले स्थानीय सरकारलाई प्राविधिक सहायता उपलब्ध गराउने । प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका न्यूनतम प्याकेजमा सहयोग पुगोस् भन्नका लागि तोकिएको सङ्ख्या तथा किसिमका शिक्षक तथा कर्मचारीहरूको सहयोग प्राप्त हुनका लागि ससर्त अनुदानमार्फत पर्याप्त रकमको सुनिश्चितता गर्ने<br><br>जिल्लाभित्र सबै सामुदायिक विद्यालयहरूमा न्यूनतम प्याकेजको प्रयोग भएका बारे निरन्तर रूपमा अनुगमन गर्ने ।<br><br>**स्रोत केन्द्रः**<br><br>प्रारम्भिक कक्षा पढाइका प्याकेजको कार्यान्वयनका लागि प्राविधिक सहयोग उपलब्ध गराउने । |
| **निआसू २ः** | | | |

| | | | |
|---|---|---|---|
| २.३ कक्षा ९-१० को पाठ्यक्रमको परिमार्जन स्वीकृत भएको हुने (विश्व बैङ्क - ८ मिलियन अमेरिकी डलर) ।<br><br>**उपलब्धिको परिभाषाः**<br><br>कक्षा ९-१० को परिमार्जित पाठ्यक्रममा अन्य कुराका अतिरिक्त विद्यार्थीहरूको विविध सिकाइ आवश्यकतालाई सम्बोधन गरिएको हुने छ । | **शिमास्रोविकेः**<br><br>परिमार्जित पाठ्यक्रमको परीक्षण कार्यक्रममा सहजीकरण गर्ने ।<br><br>निआसू २.४ क र २.४ ख भन्दा अगाडि परिमार्जित पाठ्यक्रमको कार्यान्वयनका लागि मापदण्ड र मार्गदर्शनहरूको तयारी गर्ने ।<br><br>**पाविकेः**<br><br>विद्यार्थीहरूको विविध सिकाइ आवश्यकतालाई सम्बोधन गर्ने गरी कक्षा ९-१० को पाठ्यक्रम विकास गर्ने । | **प्रशिविनिः**<br><br>विद्यार्थीहरूको विविध सिकाइ आवश्यकतालाई सम्बोधन गर्न कक्षा ९-१० को स्थानीय पाठ्यक्रमको विकास तथा वितरण गर्ने । | **स्थानीय सरकारः**<br><br>पाठ्यक्रमको वितरण तथा कार्यान्वयन गर्ने । |
| **निआसू ३ः**<br><br>३.३क १००० आधारभूत तथा ५०० माध्यमिक विद्यालयहरूमा गणित, विज्ञान तथा अङ्ग्रेजी विषयका सबै शिक्षकहरूको व्यवस्था गर्ने ।<br><br>**उपलब्धिको परिभाषाः** | - विद्यालयहरूमा गणित, विज्ञान तथा अङ्ग्रेजी विषयका सबै शिक्षकहरूको व्यवस्था गर्ने प्रयोजनका लागि विद्यालयहरूको छनोट भइसकेको । | **प्रशिविनिः** | **स्रोत केन्द्रः** |

| | | | |
|---|---|---|---|
| सबै शिक्षकहरूको व्यवस्था गर्ने भन्नुको अर्थ विद्यालयहरूा कम्तीमा एक एक जना गणित, विज्ञान तथा अङ्ग्रेजीका शिक्षक राख्ने भनिएको हो । यी शिक्षकहरूले सोही विद्यालयमा आधारभूत र माध्यमिक दुवै तहमा अध्यापन गर्नुपर्ने छ । ५०० माध्यमिक विद्यालयभित्र नमुना विद्यालय पर्दैनन् । विद्यालय सङ्ख्या वर्षैपिच्छे थपिँदै जाने छन् ।<br><br>गणित, विज्ञान तथा अङ्ग्रेजीका शिक्षक नियुक्त गर्ने आधारभूत तथा माध्यमिक विद्यालयहरूको सूचीसहित संयुक्त वित्तीय साझेदारहरूलाई प्रतिवेदन गरिन्छ । संयुक्त वित्तीय साझेदारहरूले यस प्रतिवेदनको स्वतन्त्र रूपले तेस्रो पक्षबाट सत्यापन गराउने छ । यस तथ्याङ्कलाई शैव्यसूप्रमा एकीकृत गरिने छ । | **शिमास्रोविके:**<br><br>उपलब्ध शिक्षकको सूची अद्यावधिक गर्ने ।<br><br>थप शिक्षकहरूको नियुक्तिका लागि बजेट विनियोजन गर्ने ।<br><br>जनशक्तिको प्रक्षेपणका लागि योजना बनाउने ।<br><br>शिक्षकको व्यवस्थापन तथा विकासका लागि मापदण्डहरूको निर्माण गर्ने तथा कार्यान्वयनमा सहजीकरण गर्ने ।<br><br>गणित, विज्ञान तथा अङ्ग्रेजीका शिक्षक नियुक्त गर्ने आधारभूत तथा माध्यमिक विद्यालयहरूको सूचीको विकास गर्ने ।<br><br>**शिविसए:**<br><br>१००० आधारभूत तथा ५०० माध्यमिक विद्यालयहरूमा गणित, विज्ञान तथा अङ्ग्रेजी विषयका सबै शिक्षकहरूको व्यवस्था भए नभएको नियमित रूपमा अनुगमन गर्ने । | | |

| | | | |
|---|---|---|---|
| | | | |
| ३.३ख नयाँ विषयगत तालिममा ४,५०० गणित, विज्ञान तथा अङ्ग्रेजी विषयका विषय शिक्षकहरू तालिम प्राप्त भएको हुने (एसियाली विकास बैङ्क ३ मिलियन अमेरिकी डलर)<br><br>**उपलब्धिको परिभाषाः**<br><br>गणित, विज्ञान तथा अङ्ग्रेजी विषयमा विषयगत एक महिने तालिम शैजविकेबाट सञ्चालन गरिने । प्रमाणीकरणमा आधारित विशेष तालिम प्रत्येक विषय (गणित, विज्ञान तथा अङ्ग्रेजी) का लागि विकास गरिने । यसले कक्षा ६-८ तथा ९-१० वा ९-१२ लाई समेट्ने छ । तालिम प्राप्त विषय शिक्षकको सङ्ख्या वर्षैपिच्छे थपिँदै जाने छन् । | **शिमास्रोविकेः**<br><br>- तालिम प्रयोजनका लागि बजेट विनियोजन गर्ने ।<br><br>- तालिम प्याकेजहरूको विकास गर्ने । | **शैताकेः** - समूहीकृत गरी प्रदेश तथा पालिका तहमा ४,५०० जना विषयगत शिक्षकका लागि एक महिने विषयगत तालिम प्रदान गर्ने । | |

| | | | |
|---|---|---|---|
| ३.३ग शिक्षक दरबन्दी मिलानको कार्य २५ प्रतिशतमा झारिएको हुने (विश्व बैङ्क - अमेरिकी डलर ९/फिनल्यान्ड ०.६७ मिलियन युरो)<br><br>**उपलब्धिको परिभाषाः**<br><br>स्वीकृत मार्गदर्शनअनुसार बढी भएकामध्ये आधाररेखाको कम्तीमा २५ प्रतिशत शिक्षकहरूको पदपूर्ति गरेमा निआसू प्राप्त भएको हुने । | **शिमास्रोविकेः**<br><br>शिक्षक विद्यार्थी अनुपात तथा विद्यालयमा पढाइने विषयअनुसार शिक्षकको नियुक्ति तथा पदस्थापनसम्बन्धी कार्य गर्ने ।<br><br>विद्यमान शिक्षा ऐन, नियमावली तथा निर्देशिकामा गरिएको प्रावधानबमोजिम प्रदेश वा स्थानीय तहको आवश्यकताअनुसार शिक्षकको दरबन्दी मिलान तथा विषयगत शिक्षक नियुक्ति कार्यमा सहजीकरण गर्ने । | - प्रदेश तहमा शिक्षकको योग्यता, क्षमता तथा आचारसंहितासम्बन्धी मापदण्डको विकास गर्ने । | |
| **निआसू ४ः**<br><br>४.३क कक्षा ११ र १२ मा एकल विषय प्रमाणीकरण नीतिको कार्यान्वयन भएको हुने ( विश्व बैङ्क - ६ मिलियन अमेरिकी डलर)<br><br>**उपलब्धिको परिभाषाः** | **रापबोः**<br><br>यस वर्ष कक्षा १२ मा एकल विषय नीतिको कार्यान्वयन भएको ।<br><br>कार्यान्वयनको प्रगति प्रतिवेदन उपलब्ध गराउने । प्रतिवेदनमा लाभान्वित विद्यार्थी सङ्ख्या, कक्षा ११ र १२ को परीक्षाको लब्धाङ्क पत्र तथा विषयगत | | . |

| | | | |
|---|---|---|---|
| कार्यान्वयनको प्रगति प्रतिवेदन उपलब्ध गराउने । प्रतिवेदनमा लाभान्वित विद्यार्थी सङ्ख्या, कक्षा ११ र १२ को परीक्षाको लब्धाङ्क पत्र तथा विषयगत रूपमा नतिजाको सारसङ्क्षेप उल्लेख हुनुपर्ने तथा यसको प्रबोधीकरण भएमा यो निआसू हासिल भएको मानिने । | रूपमा नतिजाको सारसङ्क्षेप उल्लेख हुनुपर्ने तथा यसको प्रबोधीकरण गर्नुपर्ने ।<br><br>- एकल विषय प्रमाणीकरणको नीतिअनुसार कक्षा १२ को परीक्षासञ्चालन गर्ने ।<br><br>**शिविसएः**<br><br>कक्षा ११ र १२ को परीक्षाको दर्ता, आवेदन फारामको सङ्कलन, परीक्षाको व्यवस्थापन तथा उत्तर पुस्तिका परीक्षणसम्बन्धी कार्य गर्ने । | | |
| ४.३ख कक्षा ८ का सबै योग्य विद्यार्थीहरू ( कम्तीमा ५०% छात्रा) सुधारिएको स्तरीकृत वार्षिक परीक्षामा सम्मिलित हुने छन् (एसियाली विकास बैङ्क - मिलियन अमेरिकी डलर २/फिनल्यान्ड ०.६७ मिलियन युरो)<br><br>**उपलब्धिको परिभाषाः** | **शिविप्रमं, रापबो**<br><br>सुधारिएको स्तरीकृत वार्षिक परीक्षाको कार्यान्वयनका लागि योजना तथा रणनीति तयार गर्ने । | **साविमंः**<br>सुधारिएको स्तरीकृत वार्षिक परीक्षाको कायान्वयनका लागि योजना तथा रणनीति तयार गर्ने ।<br><br>- स्थानीय सरकारहरूसँग आदान प्रदान गर्न स्तरीकृत प्रश्न पत्रको विकास गर्ने ।<br><br>- विद्यार्थीहरूले परीक्षा दिएको तथा उनीहरूको हाजिरीसम्बन्धी | **स्थानीय सरकारः**<br><br>- ५०% छात्रासहित योग्य विद्यार्थीहरू परीक्षामा बसून् भन्ने सुनिश्चितताका लागि सचेतना अभियानहरू सञ्चालन गर्ने ।<br><br>- कक्षा ८ को परीक्षाको व्यवस्थापन गर्ने । |

| | | | |
|---|---|---|---|
| कक्षा ८ को परीक्षा जिल्ला तहमा जिशिकाबाट तथा कक्षा १० को क्षेत्रीय स्तरको परीक्षा रापबोले सञ्चालन गर्ने ।<br><br>अन्तिम परीक्षामा सम्मिलित हुने विद्यार्थीहरू परीक्षाका लागि दर्ता भएका तथा तोकिएको हाजिरी पुगेका हुने छन् ।<br><br>कक्षा ८ देखि १० सम्मका सबै योग्य विद्यार्थीहरू (लैङ्गिक रूपमा छुट्याई) सुधारिएको तथा स्तरीकृत प्रश्न पत्रको प्रयोग गरी परीक्षामा सम्मिलित भएको भनी प्रश्न पत्रका प्रति संलग्न गरी प्रमाणित गरिने छ । | | जानकारीका लिनका लागि प्रतिवेदनको संयन्त्रको विकास गर्ने ।<br><br>- ५०% छात्रासहित योग्य विद्यार्थीहरू परीक्षामा बसून् भन्ने सुनिश्चितताका लागि सचेतना अभियानहरू सञ्चालन गर्ने । | |
| **निआसू ५:**<br><br>५.३क थप १०० नमुना विद्यालयहरूमा स्वीकृत विद्यालय विशेषको बहुवर्षीय गुणस्तर सुधार योजनाको कार्यान्वयनको थालनी भएको हुने ( एसियाली विकास बैङ्क - ५ मिलियन अमेरिकी डलर) ।<br><br>**उपलब्धिको परिभाषा:** | **शिमास्रोविके:**<br><br>नमुना विद्यालयहरूको विकासको व्यवस्थापन तथा सञ्चालनमा सहजीकरण तथ समन्वय गर्ने ।<br><br>विद्यालय विशेषका गुणस्तर योजनाका विस्तृतीकरणसहित नमुना विद्यालयहरूको स्थापना तथा सञ्चालन | | **स्थानीय सरकार:**<br><br>अनुगमन<br><br>- सङ्घीय सरकारबाट उपलब्ध गराइएको रकम विद्यालयहरूमा निकासा गर्ने । |

| | | | |
|---|---|---|---|
| स्वीकृत विद्यालय विशेषको बहुवर्षीय गुणस्तर सुधार योजनाभित्र आवश्यकता पहिचान तथा नमुना विद्यालयमा स्तरोन्नत हुनका लागि भवनको निर्माण तथा प्रबलीकरण, पानी तथा सरसफाइ सुविधा, विज्ञान प्रयोगशाला, पुस्तकालाय, सूचना तथा प्रविधि प्रयोगशाला, ई-स्रोत तथा खेल मैदान सहित बृहत् योजना पर्छन् ।<br><br>मन्त्रालयले विद्यालय विशेषको विस्तृत बजेटसहितको पाँच वर्षे कार्यान्वयन योजना पेस गरेपछि र प्रधानाध्यापक (प्रति विद्यालय एक जना पूर्णकालीन) तथा आधारभूत र माध्यमिक तहहरूमा पढाउन प्रत्येक विषय ( गणित, विज्ञान तथा अङ्ग्रेजी) का विषय शिक्षकको पदस्थापन तथा संयुक्त लगानी साझेदारहरूले समीक्षा तथा स्वीकृति भएमा यो निआसू हासिल भएको मानिने छ । | गर्न मार्गदर्शनहरूको विकास तथा प्रबोधीकरण गर्ने ।<br><br>प्रधानाध्यापकको प्रोत्साहन भत्ताका लागि विद्यालयमा रकम निकासा गर्ने ।<br><br>गणित, विज्ञान तथा अङ्ग्रेजी विषयका शिक्षक नभएका विद्यालयलाई त्यस्ता शिक्षक नियुक्तिका लागि अनुदान दिने । | | |
| ५.३ख २०७४ मा छनोट भएका १०० विद्यालयमा विज्ञान र सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला, पुस्तकालय हरू ई-स्रोत तथा गणित, विज्ञान र अङ्ग्रेजीका किटहरू उपलब्ध गरिने छ (एसियाली विकास बैङ्क - ४ मिलियन अमेरिकी डलर) । | **शिमास्रोविकेः**<br><br>- नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला, पुस्तकालय हरू ई-स्रोत तथा गणित, विज्ञान र | | **स्थानीय सरकार**<br><br>सङ्घीय सरकारबाट प्राप्त रकम विद्यालयमा निकासा गर्ने व्यवस्था तथा अनुगमन गर्ने । |

| | | | |
|---|---|---|---|
| **उपलब्धिको परिभाषाः**<br><br>नमुना विद्यालय स्थापना तथा सञ्चालन मार्गदर्शनमा भएका २०७४ मा व्यवस्था भएका प्रावधान तथा विद्यालय विशेषको गुणस्तर सुधार योजनाअनुरूप छनोट भएका १०० विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला, पुस्तकालय हरू ई-स्रोत तथा गणित, विज्ञान र अङ्ग्रेजीका किटहरू उपलब्ध गरिने छ ।<br><br>२०७४ मा छनोट भएका १०० विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला, पुस्तकालयहरू ई-स्रोत तथा गणित, विज्ञान र अङ्ग्रेजीका किटहरू उपलब्ध भएको भन्ने मन्त्रालयको प्रतिवेदन तथा तेस्रो पक्षको सत्यापनले पुष्टि गरेमा यो निआसू हासिल भएको मानिने छ । | अङ्ग्रेजीका किटहरू उपलब्ध गर्नका लागि बजेट विनियोजन गर्ने ।<br><br>- विनियोजित रकम नमुना विद्यालयहरूमा निकासा गर्ने । | | |
| **निआसू ६:** | **शिमास्रोविके:**<br><br>विद्यालय शिक्षामा पहुँचको वृद्धि गर्नका लागि छात्रवृत्ति तथा विद्यालय पोषण कार्यक्रम जस्ता भर्ना तथा टिकाउ | **साविमं:**<br><br>विद्यालयबाहिर रहेका बालबालिकालाई लक्षित गरी टिकाउ | **स्थानीय सरकार:** |

| | | | |
|---|---|---|---|
| सबैभन्दा बढी पिछडिएका (समता सूचकाङ्कअनुसार) १५ जिल्लाका विद्यालयबाहिर रहेका बालबालिकाको कुल सङ्ख्यालाई ३०% मा घटाउने (इयु/एफ २/०.६७ मिलियन युरो ।<br><br>**उपलब्धिको परिभाषाः**<br><br>छनोट गरिएका प्रत्येक १५ जिल्लाका आधारभूत विद्यालयमा भर्ना भएका विद्यालयबाहिर रहेका कुल विद्यार्थीहरूको सङ्ख्याको सारांश । यस सूचीमा विद्यालयबाहिर रहेका बालबालिकाहरू लचिला सिकाइ केन्द्रमा वा नियमित विद्यालय कहाँ भर्ना भएका हुन् भन्ने कुरा उल्लेख गर्न सकिन्छ । आधारभूत विद्यालयमा भर्ना भएका विद्यालयबाहिर रहेका बालबालिकाहरूको नाम तथा व्यक्तिगत विवरण, उनीहरू भर्ना भएका लचिला सिकाइ केन्द्र वा औपचारिक विद्यालयसमेतको तथ्याङ्क सूचीकृत हुनुपर्ने । | कार्यक्रमको विकास तथा सहजीकरण गर्ने ।<br><br>भाषिक, लैङ्गिक तथा भिन्न क्षमता भएका विद्यार्थीलगायत समावेशी शिक्षा नीति सम्बन्धी कार्यक्रमको निर्माण र कार्यान्वयनको व्यवस्था गर्ने ।<br><br>समता सूचकाङ्कबमोजिम पहुँचसम्बन्धी पहिचान गरिएका विभेदहरूका आधारमा छनोट गरिएका स्थानीय सरकार तथा प्रशिविनिमा थप स्रोतको विनियोजन गर्ने ।<br><br>प्रमाणमा आधारित (समता रणनीति कार्यान्वयन योजनाहरू) कार्यक्रम सञ्चालन गर्नका लागि पहुँचमा भएको विभेदको न्यूनीकरण गर्न क्रमबद्ध विश्लेषण तथा योजनाका निमित्त मार्गदर्शनको विकास गर्ने ।<br><br>लक्षित कार्यक्रमको विकास गर्न छनोट गरिएका स्थानीय सरकारहरूका लागि प्रदेशस्तरमा हुने कार्यशालाहरूलाई सहयोग गर्ने (समता रणनीति कार्यान्वयन योजनाहरू) । | तथा सचेतना कार्यक्रमहरू ( विद्यालय स्वागत) सञ्चालन गर्ने ।<br><br>विद्यालयबाहिर रहेका बालबालिकाहरूको सङ्ख्या स्थापित गर्न घरधुरी सर्भेक्षण गर्ने ।<br><br>**प्रशिविनिः**<br><br>विद्यालयबाहिर रहेका बालबालिकाको अनुगमन तथा प्रतिवेदन<br><br>समता सूचकाङ्कबमोजिम पहुँचमा भएको उच्च विभेदलाई लक्षित गरी स्थानीय सरकारका समूहहरूका लागि योजना गर्न सहयोगका लागि प्रदेश तहमा कार्यशालाहरू सञ्चालन गर्ने । | अनुगमन |

| | | | |
|---|---|---|---|
| | आधार रेखा सर्भे सञ्चालन गर्नका लागि शिविसए र स्थानीय सरकारहरूलाई सहजीकरण गर्ने ।<br><br>**शिविसए:**<br><br>छनोट भएका स्थानीय सरकारमा विद्यालयबाहिर रहेका बालबालिकाहरूको घरधुरी सर्भेक्षणको तथ्याङ्क सुदृढ गर्न सहयोग गर्ने ।<br><br>शैव्यसूप्रमार्फत विद्यालयमा रहेका बालबालिकाहरूको अनुगमन तथा प्रतिवेदनका लागि विद्यालयहरूसँग समन्वय गर्ने ।<br><br>पहुँचमा भएको विभेद घटाउन लक्षित कार्यक्रम (समता रणनीति कार्यान्वयन योजना) को विकास गर्ने । | | |
| **निआसू ७:**<br><br>७.३ थप ५० जिल्लामा कक्षा ९, १०, ११ र १२ मा विपन्न लक्षित छात्रवृत्ति तथा कक्षा ११ र १२ मा PSS को कार्यान्वयन भएको हुने<br><br>(विश्व बैङ्क - ६ मिलियन अमेरिकी डलर) । | **शिमास्रोविके:**<br><br>छात्रवृत्ति तथा भत्ताका सम्बन्धमा मापदण्ड निर्धारण गर्ने ।<br><br>लाभान्वित विद्यार्थीहरूको व्यक्तिगत खातामा रकम निकासा गर्ने । | **साविमं:** | **स्थानीय सरकार:**<br><br>लाभान्वित विद्यार्थीहरूको हाजिरी तथा सिकाइ उपलब्धिको अनुगमन गर्ने । |

| | | | |
|---|---|---|---|
| **उपलब्धिको परिभाषाः**<br><br>थप ५० जिल्लामा कक्षा ९ मा छात्रवृत्ति पाउन कक्षा ८ मा आवेदन भर्ने प्रक्रियाको थालनी गर्दै विपन्न लक्षित छात्रवृत्ति कार्यक्रमले सबै सामुदायिक विद्यालयहरूलाई समेट्नु आवश्यक छ। दोस्रो वर्षका लागि पनि प्रतिवेदन गर्ने सोही खाकाको प्रावधान लागु हुने छ। | **शिविसएः**<br><br>लाभान्वित विद्यार्थीहरूको हाजिरी तथा सिकाइ उपलब्धिको अनुगमन गर्ने। | | |
| **निआसू ८ः**<br><br>८.३क भूकम्प अप्रभावित जिल्लाका अरु १२० ब्लकको प्रबलीकरण गरिएको हुने (इयु २.७ मिलियन युरो)। | **शिमास्रोविकेः**<br><br>- विद्यालयमा विपत् तथा जोखिम न्यूनीकरण गर्नका लागि विद्यालय सुरक्षा नीतिसँग सम्बन्धित कार्यक्रमहरूको विकास तथा कार्यान्वयन गर्ने।<br><br>- विद्यालय छनोट गर्न स्थानीय सरकारहरूले प्रयोग गर्नुपर्ने आधारहरूको विकास गर्ने।<br><br>- विद्यालयहरूको प्रबलीकरणका लागि स्थानीय सरकारहरूलाई रकम निकासा गर्ने। | | **स्थानीय सरकारः**<br><br>- विद्यालयको छनोट गर्ने<br><br>- रकम निकासा गर्ने<br><br>-प्राविधिक सहायता<br><br>(इन्जिनियरिङ) उपलब्ध गराउने<br><br>- खरिदका लागि विद्यालयलाई सहयोग उपलब्ध गराउने।<br><br>- विद्यालयहरूबाट कार्यसम्पादन प्रतिवेदन पेस भएको सुनिश्चित गर्ने। |


| | | | |
|---|---|---|---|
| | | | |
| ८.३ख प्राथमिकताको क्षेत्रका रूपमा विपत् जोखिम न्यूनीकरणलाई समवेश गर्ने । विक्षेवियोको मध्यावधिक मूल्याङ्कनलाई सूचना प्रदान गर्नका लागि विषय क्षेत्रगत अध्ययन गर्ने तथा विक्षेवियो मध्यावधिक मूल्याङ्कनको सिफारिसका आधारमा विपत् जोखिम न्यूनीकरणका लागि तयार गरिएको विद्यालय निर्माणसम्बन्धी मापदण्डको समीक्षा गर्ने । | **शिविप्रमः**<br><br>कार्य सर्तको विकास गर्दा बृहत् विद्यालय सुरक्षा/विपत् जोखिम न्यूनीकरणलाई मध्यावधिक मूल्याङ्कनको पृष्ठभूमि अध्ययनका रूपमा समावेश गरिएको भन्ने कुरामा सुनिश्चित हुने तथा अध्ययनकार्य गर्नका लागि सरकार वा बाह्य स्रोतबाट पर्याप्त रकमको विनियोजन गर्ने ।<br><br>बृहत् विद्यालय सुरक्षा गुरु योजना तथा कार्यान्वयन मार्गदर्शनको समीक्षा गर्ने । | | |
| **निआसू ९:**<br><br>९.३क सबै ७५ जिल्लाका जिशिकाहरूका तालिमसहित कम्प्युटराइज्ड सरकारी लेखा प्रणालीको कार्यान्वयन भएको हुने (एसियाली विकास बैङ्क निआसू ६ (२) अमेरिकी डलर ३ मिलियन) । | **शिविप्रमः** | | |

| | | | |
|---|---|---|---|
| ९.३ख राष्ट्रिय प्रतिस्पर्धाका लागि तालिमसहित कम्तीमा ३५ जिल्लाका जिशिकामा विद्युतीय बोलपत्र प्रणालीको कार्यान्वयन भएको हुने<br><br>(एसियाली विकास बैङ्क निआसू ६ (१) अमेरिकी डलर २ मिलियन) | - यस निआसूलाई परिवर्तन गर्ने । यो निआसू सान्दर्भिक नहुन सक्छ ।<br><br>- परिवर्तित सन्दर्भमा ७५३ स्थानीय सरकारहरूलाई विद्युतीय बोलपत्र आवेदन गर्ने सम्बन्धमा तालिम दिने । यसको कार्यान्वयनका लागि फरक समयसीमा र/वा स्रोतको जर्गेना गर्नु आवश्यक पर्न सक्छ ।<br><br>- राष्ट्रिय प्रतिस्पर्धाका लागि कति स्थानीय सरकारहरूले विद्युतीय बोलपत्र प्रणालीको कार्यान्वयन गर्न सक्छन् भन्ने निर्क्योल गर्नु आवश्यक छ । | | |
| ९.३ग क्षमता अभिवृद्धिको कार्य सफलतार्पूक सम्पन्न भएको ।<br><br>मुख्य कार्यक्रम सहयोगका क्रियाकलापहरूका लागि वार्षिक कार्ययोजना र बजेट (विश्व बैङ्क निआसू १.५ अमेरिकी डलर ६ मिलियन) । | **शिविप्रमं:/ शिमास्रोविके:**<br><br>- सबै तहहरूमा क्षमता अभिवृद्धिका लागि बजेट विनियोजन गर्ने ।<br><br>-प्रदेश तथा स्थानीय सरकारहरूलाई क्षमता विकासका लागि रकम निकासा गर्ने ।<br><br>- सबै तहका कर्मचारीहरूको क्षमता विकासका लागि योजना गर्ने । | **साविमं:**<br><br>- क्षमता विकास योजनाको तयारी र कार्यान्वयन गर्ने । | **स्थानीय सरकार:**<br><br>- क्षमता विकास योजनाको तयारी र कार्यान्वयन गर्ने । |
| **निआसू १०:** | **शिमास्रोविके:** | **साविमं:** | **शिविसए:** |


| | | | |
|---|---|---|---|
| १०.३क ७५ जिशिका र ३०% विद्यालयमा लैङ्गिक तथा सामाजिक समूहका छुट्टाछुट्टै तथ्याङ्कका साथ वेबमा आधारित शैव्यसूप्र सञ्चालनमा आएको हुने (एसियाली विकास बैङ्क निआसू ७ अमेरिकी डलर २ मिलियन)। | विद्यालयका एकीकृत शैक्षिक तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन गर्ने ।<br><br>विद्यालय तह शिक्षासँग सम्बन्धित सबै तथ्याङ्क तथा सूचनाहरूको व्यवस्थापन गरी एशैव्यसूप्रको विकास तथा कार्यान्वयन गर्ने ।<br><br>अद्यावधिक फ्ल्यास १ र २ प्रतिवेदन, समष्टिगत प्रतिवेदनहरूको तयारी गरी प्रकाशन तथा प्रस्तुति गर्ने । यी प्रतिवेदनहरू सम्बन्धित निकाय ( मन्त्रालय, दातृ निकाय तथा तोकिएका अन्य निकायहरू) मा प्रस्तुत गर्ने ।<br><br>सूचनामा सरल पहुँचको व्यवस्थापन गर्ने तथा प्रदेश र स्थानीय तहका कर्मचारीहरूको योग्यता बढाउने सम्बन्धमा सभा सञ्चालन गर्ने र गर्न लगाउने ।<br><br>विद्यालयदेखि प्रदेश सरकारसम्म सबै तहमा शैव्यसूप्रको प्रयोग गर्न सक्षम भएको सुनिश्चित हुन वेबमा आधारित शैव्यसूप्र तालिम सञ्चालनको योजना गर्ने । | प्रदेश तहको शिक्षासँग सम्बन्धित तथ्याङ्क तथा अभिलेख सङ्कलन गर्ने । | सङ्कलन, विश्लेषण तथा प्रतिवेदनलगायत जिल्लास्तरीय शैक्षिक तथ्याङ्कसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्ने । |
| १०.३ख शिक्षक तथा विद्यार्थीको तथ्याङ्कको शुद्धतामा पहिलो वर्ष गरिएको नमुना सत्यापन सर्भेका तुलनामा ४% बिन्दुले सुधार भएको हुने | **शिविप्रमं:/ शिमास्रोविकेः** | | |

| | | | |
|---|---|---|---|
| वा तेस्रो वर्षमा गरिएको नमुना सत्यापन सर्भेमा ९५% शुद्धता (विश्व बैङ्क निआसू १.४ अमेरिकी डलर ६ मिलियन) । | -शैव्यसूप्रको तथ्याङ्क सत्यापनका लागि संस्थाको सेवा खरिद गर्ने । | | |


## अनुसूची ९: शिक्षा क्षेत्रको साङ्गठनिक संरचना




## शिक्षासँग सम्बन्धित सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारको सङ्गठन




## सङ्घीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय




# शिक्षा तथा मानव स्रोत विकास केन्द्र




# शिक्षा तथा मानव स्रोत विकास केन्द्र




## पाठ्यक्रम विकास केन्द्र




**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**




**विद्यालय शिक्षक किताबखाना**




**शिक्षक सेवा आयोग**


अध्यक्ष
सदस्य
सदस्य
प्रशासकीय प्रमुख
लिखित परीक्षा सञ्चालन शाखा
प्रश्नपत्र निर्माण तथा परिमार्जन शाखा
बढुवा शाखा
पाठ्यक्रम, तथ्याङ्क, विज्ञापन, क्षमता विकास तथा अनुसन्धान शाखा
अन्तर्वार्ता तथा सिफारिस शाखा
अध्यापन अनुमति शाखा
योजना, प्रशासन तथा अनुगमन शाखा
आर्थिक प्रशासन शाखा
कानुन तथा फैसला कार्यान्वयन शाखा

# प्रदेश सामाजिक विकास मन्त्रालय



## प्रदेश शिक्षा विकास निर्देशनालय



## शिक्षा विकास तथा समन्वय एकाइ

